# कल्पतरु

ISSN 3021-9531

१११८



# कल्पतरु द्वैमासिकका आजीवन सदस्य

**विशिष्ट आजीवन सदस्यहरू:**

अच्यूत पुडासैनी, कुमारीगाल
अरुण तिमिल्सिना, अमेरिका
अरुणिमा शैक्षिक प्रतिष्ठान, बौद्ध
ईश्वरचन्द्र देवकोटा, अमेरिका
ईश्वरप्रसाद सापकोटा, काठमाडौँ
उज्जवल घिमिरे, अष्ट्रेलिया
डा. ऋषि बस्ताकोटी, अमेरिका
डा. कुसुमाकर शर्मा, क्यानाडा
गोविन्दराज पौडेल, काठमाडौँ
ताराप्रसाद चपागाईं, युएई
तीर्थ अधिकारी, अमेरिका
दीपेन्द्र अधिकारी, जापान
नवराज पुडासैनी (साधु), गोकर्णेश्वर-५
पदम विश्वकर्मा, अमेरिका
पर्शुराम पुडासैनी, का.म.पा-६
ब्रजेन्द्र श्रेष्ठ, अमेरिका
बलराम भण्डारी, कुश्मा
वियोगी बुढाथोकी, हात्तीपाइला
महेशराज खरेल, कोटेश्वर
माधवराज दाहाल, कोटेश्वर
मुकुन्द पोखरेल, भक्तपुर
डा. मीरा त्रिपाठी, न्यूजिल्यान्ड
योगेन्द्र तिमिल्सिना, काठमाडौँ
रश्मी भट्ट, अमेरिका
रमेशप्रसाद खनाल, काठमाडौँ
रामचन्द्र पुडासैनी, गोठाटार
रामप्रसाद पन्त, दायित्व
वसन्त रिजाल, जोरपाटी
विजय चालिसे, जोरपाटी
विजय सापकोटा, बेलायत
विनेश रायमाझी, क्यालिफोर्निया
विमल अर्याल, जोरपाटी
विष्णुबहादुर रायमाझी, काठमाडौं
विष्णबहादुर सिंह, अर्घाखाँची
शारदा आचार्य, ललितपुर
शिखर दुलाल, अमेरिका
शिवहरि पोखरेल, गोठाटार
सरला श्रेष्ठ, अमेरिका
सीता पाण्डेय, काठमाडौँ

**विशेष आजीवन सदस्यहरू:**

अच्युत शर्मा, अमेरिका
अशोकुमार शिवा, काठमाडौँ
इन्दिरा चपागाईं, भक्तपुर
उत्तम पुडासैनी, गोकर्णेश्वर
उद्धवप्रसाद खनाल, भक्तपुर
उमेशकुमार कार्की, मलेसिया
कणाद महर्षि, मित्रपार्क
कमल ढुङ्गाना, मित्रपार्क
कालीचरण वस्नेत, नागार्जुन
काशीराज पुडासैनी, काठमाडौं
किरण आचार्य, नेपालगन्ज
किशोर पहाडी, ललितपुर
कृष्ण प्रधान, ललितपुर
कृष्ण बजगाईं, बेलायत
केदार न्यौपाने, गोकर्ण
गङ्गा कर्माचार्य पौडेल, काठमाडौँ
गङ्गा लिगल, काठमाडौँ
गोपाल दाहाल, अस्ट्रेलिया
गोविन्द सिग्देल, काठमाडौँ
चामुण्डा मा.वि., नारायणटार
छविरमण सिलवाल, जडिबुटी
जेबी खत्री, इटहरी
दामोदर संजेल, गोकर्णेश्वर नपा-५
दीपकसिंह भण्डारी, जोरपाटी
दुर्गाप्रसाद ग्वालटारे, कौशलटार
देविका तिमिल्सिना, काठमाडौँ
नगेन्द्र न्यौपाने, अमेरिका
नवराज पोखरेल, ललितपुर
नवराज रिजाल, नवप्रज्ञापन
नारायण भट्टराई, अमेरिका
निर्मला प्रसाईं सापकोटा, बेलायत
नेत्र खड्का, अस्ट्रेलिया
नेत्रप्रसाद भुसाल, अर्घाखाँची
पवन आलोक, काठमाडौं
पारु तिमल्सिना, काठमाडौं
पुष्पा नेपाल सुवेदी, इलाम
पुष्पबहादुर राना, संखुवासभा
प्रकाश घायल, काठमाडौं
प्रमोद नेपाल, काठमाडौँ
बिनुबाबा घिमिरे, किर्तिपुर
मधुप्रसाद पुडासैनी, गोठाटार
मधुवन पौडेल, काठमाडौं
मधुसूदन पाण्डेय, रामहिटी
मन्दिरा चपागाईं, काठमाडौँ
माधवलाल श्रेष्ठ, कपन
माधव वियोगी, पोखरा
मानन्धर अभागी, साँखु
यादवराज भेटवाल, काठमाडौँ
रमेश रिजाल, गोकर्णेश्वर
रमेशकुमार सिंखडा, डाँछी
रमेश ठकुरी, भक्तपुर
राजन पुडासैनी, गोकर्णेश्वर-५
राजेन्द्र कार्की, क्यानाडा
राजेन्द्रप्रसाद रिजाल, गोकर्णेश्वर
राजेन्द्र श्रेष्ठ, चरिकोट
रामबहादुर पण्डित, ललितपुर
रामचन्द्र खतिवडा, गोकर्णेश्वर
डा.रुपक श्रेष्ठ,
लिम्पिया नेसनल कलेज, गोकर्णेश्वर
विनयकुमार श्रेष्ठ, काठमाडौ
विनय गुप्ता, काठमाडौ
विन्दा चापागाईं, गोठाटार
विष्णुप्रसाद जम्कटेल, बौद्ध
शकुन ज्ञवाली, अमेरिका
शान्ति बल, गोकर्णेश्वर
शिव अधिकारी, इलाम
शिवप्रकाश, सिनामङ्गल
शैलेन्द्र थापा, रातोपुल
श्रीकृष्णराज पुडासैनी, जोरपाटी
सुभाषचन्द्र पौडेल, भिमफेदी
सुरेशकुमार पाण्डे, दाङ
सुरेश कु. पुडासैनि, बालुवाटार
सुरेश कु. भट्ट, अमेरिका
सृजन लम्साल, नेपालगंज
हरिकृष्ण बखुन्छे, भक्तपुर
डा. हिमलाल श्रेष्ठ, भक्तपुर
त्रैलोक्य खरेल, ईमाडोल

कल्पतरु प्रज्ञा-प्रतिष्ठानद्वारा प्रवर्धित ISSN: 3021 - 9531
जि.प्र.का.द.नं. १३/०५४/०५५
प्रेस काउन्सिल पुरस्कारद्वारा पुरस्कृत 'क' वर्गको राष्ट्रिय पत्रिका

# कल्पतरु द्वैमासिक

(Kalpataru Bimonthly litretary Magazine)

वर्ष : २४ अङ्क : ५ पूर्णाङ्क ११८ २०८२ चैत - २०८३ वैशाख

**प्रकाशक/प्रधान सम्पादक**
नवराज पुडासैनी 'ज्योत्स्ना'

**कार्यकारी सम्पादक**
सिद्धनारायण आचार्य

**विशेष सम्पादक**
गोकुल अधिकारी, मुकुन्द अर्याल
रेहित सैजु

**सम्पादक**
सुमन पुडासैनी 'मित्र',
उमेश तिमिल्सिना, राजन पुडासैनी
शशीश्री आचार्य

**सम्पादन सहयोगी**
वल्लवीदेवी अधिकारी

**प्रविधि व्यवस्थापक**
ई. सन्दीप ढुङ्गाना

**कार्यालय व्यवस्थापक**
रमेशमान श्रेष्ठ

**संयोजक (चिल्लो पात)**
सुशील आचार्य

**सञ्जाल सहायक**
राजेन्द्र श्रेष्ठ

**संरक्षक**
कञ्चन पुडासैनी,
गोविन्द घिमिरे 'वेदमणि'
डा. दामोदर पुडासैनी 'किशोर'
बाजुराम पौडेल

**सल्लाहकार**
डा. ऋषि बस्ताकोटी, किशोर पहाडी
देविका तिमिल्सिना, पवन आलोक,
वसन्त रिजाल, विनोद नेपाल,
महेशराज खरेल

**प्रधान कार्यालय**
गोकर्णेश्वर न.पा., वडा नं. ६
कुमारीभैरव चोक, कल्पतरु परिसर
फोनः ०१-४९१३५२०, ९८४१२८२३०५

**रचना पठाउने इमेल ठेगाना**
navarajpudasaini@gmail .com
फेसबुक/मेसेन्जर ग्रुपः कल्पतरु द्वैमासिक
कल्पतरु आजीवन सदस्य
Web: www.kalpatarupub.com.np

**लेआउट**
यदु उपाध्याय

**मुद्रण /आवरण**
नेपाल प्रिन्ट सपोर्ट, अनामनगर,

**मूल्य** : **रू. २००।-**

## सम्पादकीय

नेपाली साहित्यलाई उर्वर तथा ऊर्जाशील बनाउन अनवरत रूपमा खटिरहने स्रष्टा कन्चन पुडासैनी समकालीन नेपाली साहित्यमा विशिष्ट पहिचान बनाउन सफल साहित्यकार हुनुहुन्छ । सरल जीवनशैली, सामाजिक संवेदनशीलता र मानवीय भावनालाई केन्द्रमा राखेर सिर्जना गर्ने पुडासैनीका रचनामा समाजका विविध यथार्थ सजीव रूपमा अभिव्यक्त भएका छन् । उहाँले बहुविधामा कलम चलाए पनि उहाँलाई सुपरिचित बनाउने विधा कविता र गीत हुन् भन्दा फरक पर्दैन ।

उहाँको लेखनमा मानवता, देशप्रेम, सामाजिक चेतना र संस्कृतिप्रतिको मोह स्पष्ट रूपमा देखिन्छ । सहज भाषाशैली, भावनात्मक प्रस्तुति तथा जीवनका सामान्य घटनालाई साहित्यिक रूप दिन सक्ने क्षमता उहाँको लेखनको मुख्य विशेषता हो । नेपाली समाजमा देखिएका विकृति, विसङ्गति र मानवीय पीडालाई उहाँले संवेदनशील ढङ्गले आफ्ना रचनाहरूमा उजागर गर्दै आउनुभएको छ ।

साहित्यमा अतुल योगदान पुऱ्याएका कारण उहाँ विभिन्न सम्मान तथा पुरस्कारबाट सम्मानित हुनुभएको छ । उहाँ 'मदन पुरस्कार', 'हरि अभिनव पुरस्कार', 'महाकवि देवकोटा कल्पतरु प्रज्ञा पुरस्कार' आदिबाट पुरस्कृत हुनुभएको छ भने गोकर्णेश्वर नगर साहित्य सम्मानबाट समेत सम्मानित हुनुभएको छ । साहित्यलाई अगाध स्नेह गर्ने उहाँ आफूलाई आमन्त्रण गरिएका साहित्यिक कार्यक्रमहरूमा यथासम्भव पुग्नुहुन्छ । उहाँले अहिले साहित्यमा नयाँ तथा पुराना सर्जकलाई जोड्ने काम गरिरहनुभएको छ । उहाँका सिर्जनाले नेपाली साहित्यलाई समृद्ध बनाउँदै नयाँ पुस्तालाई समेत साहित्यप्रति आकर्षित गरिरहेका छन् ।

अन्त्यमा, नेपाल प्रज्ञा प्रतिष्ठानमा अब हुने कुलपति, उपकुलपति, सदस्य सचिव, प्राज्ञसभा सदस्य आदि पदहरूमा नियुक्ति विगतमा जस्तै राम्राभन्दा हाम्रालाई प्रश्रय नदिई योग्यताका आधारमा गरियोस् भनी सरकारलाई खबरदारी गर्न चाहन्छौँ ।

**– कार्यकारी सम्पादक**

# यस अङ्कमा


## कञ्चन पुडासैनी विशेष

केही आलाप-प्रलापहरू / १० - २३

## कविता/गीत/गजल/मुक्तक

- अच्युतप्रसाद पुडासैनी / ४३
- अन्जु चालिसे (रूपान्जली) / ४२
- कृष्ण मीरा / ५७
- कृसु क्षेत्री / २७
- गङ्गा लिगल / ४४
- निर्मलादेवी तिम्सिना 'कान्छी' / ३३
- पूर्णबहादुर श्रेष्ठ 'हृदयङ्कृत' / ६९
- प्रमोद नेपाल / ४१
- मिलन समीर / ५८
- मुना राई / ३२
- यामबहादुर थापा मगर / ४३
- लक्ष्मी स्मृति / ५७
- विमल अर्याल / २६
- सिजन श्रेष्ठ / ३४

## सम्पादकीय / २

## पाठक-चक्षु

- डा. शरद परासर मरहट्टा / ४

## नारदीय / ७० - ७१

## कथा/लघुकथा

- दिवाकर न्यौपाने / ६०
- बाजुराम पौडेल / २४
- लोकनाथ पुडासैनी / ५६

## पुस्तक वार्ता

- बाबा बस्नेतसँग / ३५-३७

## लेख/निबन्ध

- देवकी के.सी./३८
- महेन्द्र चालिसे / २९
- सुशील आचार्य / ६६

## चिल्लो पात

- आदर्श यादव / ४१
- सिरिया सुवेदी / ४०

## कृति समीक्षा

- शशीश्री आचार्य / ४५

## नाटक

- दशराज शाक्य / ६२

# कल्पतरु पूर्णाङ्क ११७ पढेपछि



✍ **डा. शरद परासर मरहट्टा**

'कल्पतरु'को पूर्णाङ्क ११७ समयमै हात लाग्यो । "साँचो साहित्य समयसँग सम्झौता गर्दैन, समयलाई चुनौती दिन्छ" भन्ने प्रधान सम्पादकको गह्रौं अभिव्यक्ति पढेपछि यो अङ्कले सामान्यभन्दा बढी नै तान्यो । यो अङ्कमा प्रकाशित लेख रचनाहरूको अध्ययन र पत्रिकाको अन्तमा रहेका तस्बिरहरूको अवलोकनपश्चात् मेरो मनमा आएका कुराहरूलाई निम्न आठ बुँदाहरूमा अभिव्यक्त गर्दछु ।

**१. आवरण र संस्मरण**

आवरणमा राखिएका पारिजातको फोटो र देविका तिमिल्सिनाको संस्मरणात्मक लेखले मलाई भरतपुरमा भएको पारिजात दिदीसँगको मेरो अन्तिम भेट स्मरण गरायो । पारिजात दिदी साहित्य सङ्गम, चितवनको कार्यक्रममा सहभागी हुन वि.सं. २०४८ को वैशाखतिर भरतपुर आउनुभएको थियो । 'कल्पतरु'को यो अङ्कले सो समयमा पारिजातसहित कथाकार हरिहर खनाल र कवि तथा पत्रकार स्वर्गीय कृष्ण सेन 'इच्छुक' लगायतका साहित्यकारहरूको सानिध्यमा वीरेन्द्र बहुमुखी क्याम्पसमा सम्पन्न भएको उक्त कार्यक्रमको स्मरण हुन पुग्यो । यो सँगसँगै धेरै अगाडि पढिएका पारिजातका 'धुपी सल्ला र लालीगुराँसको फेदमा', 'एउटा चित्रमय सुरुवात', 'पर्खालभित्र', 'पर्खालबाहिर' लगायतका अविस्मरणीय कृतिहरू, पारिजातकै चर्चित उपन्यास 'शिरीषको फूल'की पात्र सकम्बरी र पारिजातसँगै अन्योन्याश्रित रूपमा जोडिएकी सुकन्या वाइबा । यी सबै चलचित्रका दृश्यझैँ गरी आँखाअगाडि आए ।

प्रस्तुत स्मरणमा साहित्यकार देविका तिमिल्सिनाले व्यक्त गर्नुभएको जस्तै मैले देख्दा पनि पारिजात दिदी "गोरी, उज्यालो अनुहार र हाँस्दा फूल फक्रेझैँ लाग्ने" नै हुनुहुन्थ्यो । मैले उहाँको अनुहारमा त्यो समयमा देखेको चमक र उज्यालोपन त्यसभन्दा अघि अन्य मानिसहरूमा देखेको थिइनँ ।

पारिजातका सम्झनाहरूलाई मसिनो ढङ्गले प्रस्तुत गरिएको यो संस्मरण पढेपछि मलाई यो लेख पठनीय र सङ्ग्रहणीय दुवै छ भन्ने लाग्यो । ऐतिहासिक दस्ताबेजको रूपमा सङ्कलन गर्न लायकको लेखका लागि लेखक तिमिल्सिनाप्रति नमन !

**२. काव्यहरू**

पूर्णाङ्क ११७ मा समावेश गरिएका १८ ओटा काव्य विधाका रचनामध्ये अधिकांशले लेखकका विचारहरूलाई सशक्त ढङ्गले प्रस्तुत गरेका छन् । कविताहरूलाई पढ्ने क्रममा सबैभन्दा

अगाडि दृष्टि पुगेको कवि सुदीपभद्र खनालको 'बन्दैन यो देश बिना विचार' शीर्षकको कवितामा पोखिएका भावहरूमध्ये "आकाश बेच्लान्, बन होसियार" भन्ने अभिव्यक्ति सशक्त लाग्यो । यस कवितामा 'प्रगल्भ' बाहेकका अन्य शब्दहरू सरल र काव्यात्मक छन् ।

काव्यमार्फत आमाले गर्नुभएको त्यागबारे धेरै कविहरूले पटक पटक व्यक्त गरेका छन् तर, बाबु अथवा पिताले गर्नुभएको उस्तै प्रकारको त्यागबारे काव्यिक अभिव्यक्तिहरू भने कमै भेटिन्छन् । यस सन्दर्भमा कवि इन्दिरा चापागाईंको 'भावपूर्ण श्रद्धाञ्जली मेरा बा !' शीर्षकको कविता अन्यभन्दा पृथक् छ । यो कविता कवितात्मक त छ नै, त्यसभन्दा पनि बढी यसमा कविका पितृवियोगका पीडाहरू अभिव्यक्त भएका छन् । कविले प्रयोग गर्नुभएका 'गल्र्याम्म ढल्यो', 'डङ्गरङ्ग ढल्यो', 'झ्याप निभ्यो', 'झिरिप्प फुट्यो' जस्ता अनुकरणात्मक शब्दहरूले कवितामा पीडायुक्त मिठास थपेका छन् । कवि चापागाईंका पिताप्रति मेरो पनि भावपूर्ण श्रद्धाञ्जली !

उज्ज्वलराज घिमिरेको 'आज फेरि मनलाई निद्रा छैन' शीर्षकको कवितामा प्रशस्त असन्तुष्टिहरू व्यक्त भएका छन् । कविले ती असन्तुष्टिहरूलाई कवितात्मक रूपमा मिठो ढङ्गले प्रस्तुत गर्नुभएको छ । उदाहरणका रूपमा निम्न कवितांशहरू लिन सकिन्छः

*"सबेरै उठ्नलाई*
*महँगो अलार्म ठिक्क छ,*
*दौडिजानलाई*
*मन्दिरमा देवता चिटिक्क छ ।*
*... ... ...*
*हिजोझैँ*
*यो कालो अँध्यारो रात पनि बितेर जाने छ,*
*'तिमीबिना मर्छु' भन्ने प्रेमचरीहरू पनि अरूकै गुँडमा बच्चा कोरल्ने छन्"*

मैले बुझेको रश्मी भट्टको 'मानवताको देहान्त' शीर्षकको कविताले समय, देश, आमाबाबु र समग्र मानवताको पीडा अभिव्यक्त गरेको जस्तो लाग्यो । यसो हुँदा हुँदै पनि, सम्भवतः कवि भट्टले व्यक्त गर्न खोज्नुभएका सबै भावहरू मैले पूर्ण रूपमा बुझ्न सकिनँ कि भन्ने महसुस हुन्छ । एक पाठकको नजरमा मलाई यो कविता केही बढी नै अमूर्त जस्तो लाग्यो ।

कवि गोविन्दराज पौडेलका चार मुक्तकहरूमा विविधता पाइन्छ । तीमध्ये पहाडको दुःख र सरकारी सेवाको पीडालाई व्यक्त गरिएको चौथो मुक्तक तुलनात्मक रूपमा बढी जीवन्त लाग्यो । तथापि, अन्त्यमा "छ दशक जीवन" भन्ने प्रसङ्ग नराखिएको भए यसले अझ व्यापकता लिन सक्थ्यो भन्ने लाग्छ ।

कवि बिसुकुमार केसीको 'आफ्नै खोजी' शीर्षकको कवितामा 'खोजी'को व्यापकता प्रस्ट्याइएको छ । कविले 'आफूलाई आफैँ' र 'आफूभित्रको आकार' खोज्ने प्रयासमार्फत कवितालाई अझ सशक्त बनाएका छन् । यस्तै गरी कवि शशीश्री आचार्यको 'आज आकाश किन सुनसान छ ?' शीर्षकको कवितामा आकाशसँग

गरिएको मनोसंवादमार्फत तारा खोज्ने भाव प्रकट गरिएको छ । यो कविता सरल र बिम्बात्मक लाग्यो ।

कवि महेशराज खरेलको 'हामी कहाँ आइपुग्यौँ ?' शीर्षकको कवितामा समय बोलिरहेको आभास भयो । कवि खरेल भविष्यप्रति सकारात्मक देखिनुहुन्छ । दुई स्तम्भमा विभाजित भएर पनि पूरै कवितामा अल्पविराम र अर्धविरामको प्रयोग नगरी कविताको अन्त्यमा मात्र पूर्णविरामको प्रयोग गरिएको यो लामो कविता एकै श्वासमा पढिसक्न गाह्रो नै भयो । यदि कविले आवश्यक ठाउँमा विरामचिन्हहरूको प्रयोग गर्नुभएको भए पाठकलाई पढ्न र बुझ्न अझ सहज हुने थियो भन्ने लाग्छ ।

कवि मणिराज सिंहको 'प्यारो बसबिट्टी' शीर्षकको कविताले संस्मरण पोखेको छ । यसको अलावा, मलाई यो कविता पहाडबाट मधेशतिर झर्ने खोलाजस्तै सलल बगेको जस्तो लाग्यो, उदाहरणका रूपमा;

*"साँझ-बिहान गोरु जोतेर खेतमा,*
*गाईबाख्राको बथानसँग लुटपुटिएर*
*एक्लो उपेन्दरसित फर्किरहेको भेटिन्छ*
*सिङ्गो बस्ती–*
*प्यारो बसबिट्टी ।"*

'चिल्लो पात' समूहमा प्रकाशित, कक्षा १० मा अध्ययनरत उदयमान कवि यामजोम थिङको गजलमा मानवीय अन्तर्द्वन्द्वहरू (झोक, खुसी र सुख) एकमुष्ट रूपमा अभिव्यक्त भएका छन् । यो गजलले कवि थिङमा साहित्यिक प्रतिभा रहेको पुष्टि गर्छ ।

डा. मोहन उपाध्याय ढकालको 'गुणको ज्ञान' शीर्षकको कविता मूलतः शिक्षाप्रद छ । 'सम्कने' र 'गेहमा' बाहेक अन्य शब्दहरू सरल र सरस छन् । यस्तै गरी, रक्सीलाई बिम्ब बनाएर भाव व्यक्त गरिएको डा. हरिकुमार श्रेष्ठको 'रक्सी बजार' शीर्षकको कविता मूलतः सरल भए पनि कतिपय स्थानमा पाठकले केही मन्थन गर्नुपर्ने देखिन्छ । मलाई डा. श्रेष्ठको उक्त कविताका निम्न पङ्क्तिहरू सशक्त लागे,

*"उभिएका छन्–*
*पुरानो बोतल-पुरानो रक्सीमा*
*पुरानो बोतल-नयाँ रक्सीमा*
*नयाँ बोतल-पुरानो रक्सीमा*
*नयाँ बोतल-नयाँ रक्सीमा ।"*

'कल्पतरु'को यस अङ्कमा कवि राजेन्द्र श्रेष्ठको 'कस्तो मान्छे' शीर्षकको कविता पनि समावेश गरिएको छ । मलाई यो कविता निक्कै कलात्मक र सशक्त लाग्यो । कवि श्रेष्ठका शब्दहरू सरल तर ओजपूर्ण छन्, उदाहरणका रूपमा;

*"तिमी हामी त यसै सिधा-सादा,*
*कतै टेक्ने खुड्किलो नभएको,*
*कतै समाउने हाँगो नभएको...*
*हेर त्यो मान्छे,*
*मदले मत्त हात्तीझैँ उन्मत्त भएर*
*हामीतिर हेर्दै हुङ्कार गर्दै*
*हामीतिरै आइरहेछ ।"*

कवि जनार्दन अधिकारी 'धड्कन' का 'दुई टुक्का' कविताहरूमा जीवन, प्रणय, प्रतीक्षा र सुझावका भावहरू पाइन्छन् । कवि ओम आचार्यको 'खुसी लुकायौ किन ?' शीर्षकको कविता सरल र सरस

लाग्यो । शास्त्रीय कविताहरूमा भाव व्यक्त गर्न कठिन मानिए पनि मैले कवि आचार्यको यो कविता पढ्दा यसमा छन्दको मिठास र भावको गहिराई दुवै पाएँ ।

कवि सूर्य चापागाईंको 'युवा इतिहास' शीर्षकको कविताले सकारात्मक भविष्यको उज्यालो र वर्तमानको पीडायुक्त यथार्थबीचको द्वन्द्वलाई देखाउँछ । समग्रमा यो कविता आशावादी छ । यो कवितामा प्रयोग गरिएको 'धाकिटधा' शब्दको अर्थ भने खुल्न सकेन ।

गजलकार चेतन अन्जान, राजकुमार श्रेष्ठ 'फुच्चे' र रमेश प्रभातका गजलहरूमा सरल भाव अभिव्यक्त भएका छन् । तथापि, अन्जानको गजलमा प्रयोग गरिएको 'अभर' शब्द भने क्लिष्ट लाग्यो ।

यस अङ्कमा प्रकाशित काव्यहरूमध्ये इन्दिरा चापागाईंको 'भावपूर्ण श्रद्धाञ्जली मेरा बा !', कवि मणिराज सिंहको 'प्यारो बसपिट्टी', राजेन्द्र श्रेष्ठको 'कस्तो मान्छे' र ओम आचार्यको 'खुसी लुकायौ किन ?' शीर्षकका कविताहरूले मलाई विशेष रूपमा आकर्षित गरे । त्यसमा पनि, 'कस्तो मान्छे' कविताको दोस्रो स्तम्भले बढी प्रभाव पा‍र्‍यो ।

### ३. पुस्तक–वार्ता

डा. ऋषि बस्ताकोटीले लिनुभएको कवि प्रह्लाद पोखरेलको अन्तर्वार्तामा व्यक्त गरिएका विचारहरूले कवि पोखरेलद्वारा अनुवादित साहित्यिक कृति 'वाणीका बान्की' को महत्त्व झल्काउँछन् । साथै, यसले अनूदित साहित्यलाई फरक ढङ्गले पनि प्रस्तुत गर्न सकिने सम्भावनालाई उजागर गर्दछ । अङ्ग्रेजीमा उपलब्ध कथनहरूलाई अर्थ खुल्ने गरी नेपालीमा अनुवाद गर्नु आफैँमा कठिन कार्य हो । त्यसमा पनि पद्यमा अनुवाद गर्नु त झन्डै असम्भवप्रायः नै हो । यस्तो दुरूह कार्यलाई सम्भव बनाउनु हुने कविश्री प्रह्लाद पोखरेल र उहाँको कृतिलाई उजागर गर्नुहुने डा. ऋषि बस्ताकोटी दुवै धन्यवादका पात्र हुनुहुन्छ ।

### ४. नारदीय

'नारदीय' शीर्षकअन्तर्गत साहित्यिक गतिविधि, भेटघाट तथा साहित्यिक क्षेत्रलाई सहयोग गर्ने आत्मीयजनहरूसँग खिचिएका तस्बिरहरू प्रस्तुत गरिएका पृष्ठहरू समावेश गरिएको पाइयो । शब्दचित्रहरू प्रस्तुत गरिएको साहित्यिक रचनाहरूको यस सङ्ग्रहमा दृश्यचित्र पनि समावेश गरिनु आफैँमा सुन्दर कार्य हो । आगामी अङ्कमा तस्बिरहरूसँगै तिनका छुट्टाछुट्टै विवरणहरू पनि समावेश गर्न सकिएमा साहित्यिक कार्यक्रमका बारेमा बुझ्न अझ सजिलो हुने थियो भन्ने लाग्छ ।

### ५. कथा/लघुकथा

साहित्यलाई समाजको ऐना पनि भनिन्छ । साहित्यले समाजको यथार्थ झल्काउने कार्य अरू विधाभन्दा अझ सहज र सशक्त ढङ्गले गर्छ भन्ने म ठान्दछु । विश्व कुइकेलले लेख्नुभएको 'कस्तो तिर्खा' शीर्षकको कथा पढिसकेपछि, दुई दशकदेखि प्रवासमा रहेको म आफैँलाई कथाका पात्रहरूको संवादलाई दुई दशकअघिको नेपालका त्यस्तै पात्रहरूले गर्न सक्ने संवादसँग तुलना गर्दै, तिनै पात्रहरूका बिचमा उभिएको महसुस गरेँ र फरकपनको अनुभूति पनि पाएँ ।

मलाई लाग्यो, नेपाल फेरिएछ ।

अमित घिमिरेको 'अज्ञात योद्धा' शीर्षकको कथा ऐतिहासिक र सशक्त दुवै छ । तथापि, नक्साली ज्यामाका कतिपय संवादहरू व्यावहारिकभन्दा बढी नाटकीय जस्ता महसुस हुन्छन् । उदाहरणका रूपमा, पृष्ठभूमिसहितको एक संवाद प्रस्तुत गर्न चाहन्छु; नक्साली ज्यामाले अगाडि बढेर भुइँको माटो निधारमा लगाइदिइन् र भनिन्, "माटोको मूल्य चुक्ता गरेस्, जगते ।" यति हुँदाहुँदै पनि यो कथा उत्कृष्ट छ र मलाई व्यक्तिगत रूपमा निकै मन पर्‍यो ।

अनिता कोइरालाको 'अनौठो सपना' शीर्षकको कथामा मातृसत्ताको सुन्दर कल्पना गरिएको छ । लेख्नै पर्ने विषयमा आधारित भएकाले यसको प्रभावकारिता अझ बढेको छ । समग्रमा कथा राम्रो छ तर, कथाको उत्तरार्धमा यसलाई केही अनावश्यक रूपमा तन्काइएको जस्तो लाग्छ । मैले लेखेको भए, सम्भवतः यसलाई दोस्रो पृष्ठको अन्त्यतिर वा तेस्रो पृष्ठको सुरुवाततिर समापन गर्ने थिएँ ।

इन्द्रप्रसाद गोतामे 'जगतजङ्ग'ले लेख्नुभएको 'समृद्ध नेपाल' शीर्षकको कथाको विचारपक्ष अत्यन्त सशक्त छ । कथामा रहेको पिता-पुत्री संवाद तथा अमेरिकाबाट नेपाल फर्कनका लागि पिताले गरेको आग्रहले कथालाई जीवन्त बनाएको छ । यसमा समयको आवाज पनि सुनिन्छ तर, कथामा प्रयोग गरिएका राजनीतिक शास्त्रका गहन शब्दावलीले यसलाई साहित्यभन्दा बढी राजनीतिक दस्तावेजजस्तो बनाएको आभास हुन्छ ।

लघुकथातर्फ हेर्दा, ईश्वर पोखेलको 'भ्युज', महेन्द्र नेउपानेको 'आजका नायक' र कमला देवकोटाको 'असार पन्ध्रमा लुकेको स्वाभिमान' शीर्षकका लघुकथाहरूले मलाई बढी प्रभावित पारे । देवकी केसीको 'दुश्मन' शीर्षकको लघुकथा पनि राम्रो छ तर यसको अन्तिम अनुच्छेदलाई छोट्याएर एकदुई वाक्यमा सीमित गर्न सकिएमा अझ प्रभावकारी हुन सक्थ्यो । 'चिल्लो पात' शीर्षकअन्तर्गत समावेश गरिएको माध्यमिक विद्यालयका विद्यार्थी सागर विष्टको 'ठेकुवा र ठेकुली' कथाले पनि पूर्ण कथानन्द दिनाको साथै कथाकारमा विकसित हुँदै गएको साहित्यिक प्रतिभालाई उजागर गर्दछ ।

बालकथाको रूपमा प्रस्तुत गरिएको कथाकार गोपालकुमार मैनालीको 'फोहरी चरा' शीर्षकको कथा सरल, बालसुलभ र शिक्षाप्रद छ । विद्यालय जाँदै गरेकी सानी बालिकाको प्रसङ्गमा आधारित भएकाले यो कथा मलाई विशेष रूपमा मन पर्‍यो । मैले यो बालकथालाई अन्य कथाहरूभन्दा माथि राखेँ ।

**६. अनुभूति**

हालको नेपालमा नक्कली भुटानी शरणार्थीहरूको विषयमा व्यापक चर्चा भइरहेका वेला सक्कली भुटानी शरणार्थी जे. एन. दाहालद्वारा लिखित 'आईओएमको त्यो झोला' शीर्षकको अनुभूति अत्यन्त पठनीय लाग्यो । यो आफैँमा एउटा ऐतिहासिक दस्तावेज हो ।

मैले पनि करिब ३० वर्षअघि पूर्वी नेपालमा भुटानी शरणार्थीहरूका घर भनिने

झुप्राहरू देखेको र उनीहरूको पीडा अनुभूत गरेको थिएँ । यस अनुभूतिमा ती सबै यथार्थहरूलाई आधिकारिक व्यक्तिद्वारा लिपिबद्ध गरिएको हुँदा यो सामग्री सङ्ग्रहणीय समेत बनेको छ ।

### ७. कृति समीक्षा

सानुराजा श्रेष्ठ 'अन्जान'द्वारा गरिएको वसन्त रिजालका कवितासङ्ग्रह – 'ब्युँझिएपछि'को कृति समीक्षा पढेपछि मलाई कवि रिजालका कविताहरू खोजी खोजी पढ्ने रहर जाग्यो । कवि रिजालको उक्त कृति मैले अझै पढ्न नभ्याए पनि समीक्षक अन्जानको समीक्षा पढ्दा उहाँका कविताहरू निकै चोटिला हुनुपर्छ भन्ने मैले ठानैं । समीक्षक अन्जानले छनोट गर्नुभएको यो कवितांशले मलाई पनि दायाँ, बायाँ, अगाडि पछाडिका म जस्तै मैले चिनेका 'म'हरूलाई सम्झिन बाध्य बनायो;

*"साबुन लगाएर छालाभित्रको मैलो*
*आफ्नै हातले निकाल्न मन लाग्यो ।*
*मलाई असल नेपाली बन्न मन लाग्यो ।"*

### ८. विलोम

यस अङ्कमा छापिएको 'विलोम' अभ्यास अन्तर्गत आख्यानकार एवम् कवि दिव्य गिरीसँग गरिएको कुराकानी पढ्ने अवसर पनि मिल्यो । उक्त कुराकानीका क्रममा निस्किएका पुराना प्रसङ्गहरू जस्तै; सडक कविता क्रान्ति र त्यस समयमा नेपालमा पढिने भारतीय पत्रिकाहरू 'सरिता', 'सारिका', 'धर्मयुग', 'कादम्बिनी' आदिबारे पढ्दा आफूले देखेको, भोगेको र पढेको त्यो समय चलचित्रको पर्दामा देखिएझैं अनुभूत भयो । यस कुराकानीमा अभिव्यक्त दिव्य गिरीका सबै विचारहरू पठनीय छन्, र अन्त्यमा उहाँले व्यक्त गर्नुभएको यो भनाइ चिरकालसम्म मननीय लाग्यो; "सिर्जनाले पाठकलाई प्रभाव पार्न सक्नुपर्छ । सिद्धान्तमा आधारित नभए पनि हुन्छ, तर चस्स मन छुने हुनुपर्छ ।"

साहित्यकार गिरीसँगको कुराकानीका आधारमा तयार गरिएको यस अङ्कको 'विलोम' पढिसकेपछि पनि अन्तर्वार्ता लिने व्यक्ति को हुनुहुन्थ्यो र कसले यो 'अन्तर्वार्ता' शैलीको आलेख तयार गर्नुभयो भन्ने कुरा स्पष्ट नभएको देखिन्छ । त्यसैले, कल्पतरूका आगामी अङ्कहरूमा यसरी मेहनत गर्ने सर्जकहरूको नाम नछुटाइयोस् भन्ने अनुरोध गर्दछु ।

समग्रमा, कल्पतरु पूर्णाङ्क ११७ ले यसपटक पनि नेपाली साहित्यका विविध विधाहरू संस्मरणदेखि कविता, कथा, अनुभूति, कृतिसमीक्षा र अन्तर्वार्तासम्म एकै अङ्कमा समेट्दै आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिएको छ । पारिजातको स्मृतिदेखि समकालीन कविहरूका भाव-बिम्ब, कथाकारहरूको सामाजिक यथार्थ र शरणार्थी पीडाको दस्तावेजीकरण गरिएको यो अङ्क विशेषगरी इतिहासलाई लिपिबद्ध गर्न, घटनाक्रमहरूलाई कलात्मक तवरले प्रस्तुत गर्न र समयबोधमा सशक्त भएको महसुस हुन्छ । मलाई लाग्छ, यस अङ्कले साहित्यप्रेमी पाठकहरूका लागि मनोरञ्जन सँगसँगै चिन्तनको बौद्धिक खुराक पनि दिएको छ । यही कारणले 'कल्पतरु'को यो अङ्क पठनीय र सङ्ग्रहणीय दुवै बनेको छ । ■■

# केही आलाप-प्रलापहरू

✍ **कञ्चन पुडासैनी**



## वन र बादलु

आज रोप्छौं बिरुवा यी, भोलि होलान् रूख,
यहाँ वन र फूल-फलको हुने छैन दुःख ।
गुँड लाउलान् चरी आई यिनका हाँगामाथि,
छेउ लागी कुरा गर्न छाया होलान् जाती ।
हाम्रा खेत-बारीभित्र अन्नका छन् खानी,
वन देखे बादलुले चढाउने रे पानी ।
भाग्ने छैनन् यी उड्वा त्यसै डाँडापारि,
विनाज्याला बोक्लान् यी पो सधैं किन भारी ?

## आज सारा धरा...

आज सद्भावना, आज मन हर्षमा,
आज उद्धारको चाह उत्कर्षमा ।
देह मन्दिर सबै, प्राण द्यौता जहाँ
आज सारा धरा तीर्थ लाग्यो यहाँ ।

•

## एउटा नेता-जातिको सम्बन्धमा

उसले धेरै नेताका गुनहरू
(जम्मै नेताका होइन है)
एक-एक औंला भाँचीकन गन्यो
अनि मलाई सुस्तरी भन्यो–
यी अति लोभी र गद्दार नहुनाले
देशको कुनै छेउछाउ वा कुनै नदीनाला
कदापि बेच्चैनन्,
यी त्यसतिर सोच्चै सोच्चैनन् ।
यी लुटेरा नहुनाले
झन् घुससुस त घिच्चै घिच्चैनन् ।
यी आफ्नो भत्ता बढाउन हच्कन्छन् र
यिनलाई जनताका असुविधाको पूरै
जानकारी हुनाले
सुविधाका मोटर देख्दा बिच्कन्छन् ।
अथवा बिच्कन्छन् मात्र होइन,
कुनै बहुलाहा कुकुर पानीदेखि
तर्सेझैं तर्सन्छन्
अनि
कुनै साहू महाजन यिनको नयाँ
महलतिर आयो
र उसको ब्यागले राम्रै गर्भ बोकेको देखे भने
यी दसैंको बडो बोको पर्सेझैं पर्सन्छन् ।

# सुन्दरीप्रेमी सपना

हुँदा हुँदा उसको त्यो सुन्दरी-प्रेमी सपना कविताको विषय मात्र भइसकेको थियो । तर त्यसै लम्पट सपनाले आज अचानक एक मौका मिल्नाले एकदम आँखा उघारेर एउटी नौली युवतीको अनुहार हेर्न पाएर हेर्दै विनायक रामलाई भन्यो, "ल हेर् है, हेर् !"

आजकी त्यो आइमाई उसको आशाकी प्रियतमा जस्ती राम्री केटी थिइन् । उसका हावभाव पनि उति अद्‌भुत लागेनथे । तैपनि उसको अनुहार झलमल्लै किसिमको उज्यालो थियो, आकर्षणले धपक्क जस्तै । त्यसबाट उसका आँखा पन्छिइहाल्न सकेनन् । कदको अग्लाइ-होचाइ, रङ्गको भेद र मोटाइपतलाइको हिसाबले कसैको सौन्दर्य आँकिन सक्दैन पनि । ऊ आफ्नै उज्यालोपनको आकर्षणले शोभायमान हुन्छ, उसको अर्कै शान हुन्छ । त्यसै कारण विनायकको मन लोभिइरहेको थियो भनूँ कि रन्थनिइरहेको थियो ।

अब ऊ टोलाएर उभिन छोडेर कुर्सीमा बस्यो । उसले टेबिलबाट एउटा कापी उठाएर दायाँ घुँडामा राख्यो र आफ्नो अवस्थाको कविता लेख्ने प्रयास गऱ्यो तर दुरुस्त यस्तै अवस्थामा आफूले उहिल्यै कहिले लेखिसकेको एउटा कविता सम्झँदै लेख्न पुग्यो–

यदि ऊ हेर्थी परिचितले झैं मनमा फुल्थे जीवन-मोती,
मुस्कान बनी निस्कन सक्थ्यो मेरो अन्तस्तलको ज्योति ।
सुन्दरताले रन्थनिएका उसकै याद र पीडाभागी
हामी किन ए ! किन उसदेखि हुन सक्दैनौं कहिल्यै बागी ?

# सोच्न छाडे

सोच्न छाडे मानिसले गरीबका विषयमा,
सोचे पनि उनको नीयत पऱ्यो अरे संशयमा ।
दुःखी शान्ति चाहँदैन, सुखी क्रान्ति चाहँदैन,
न्यायमा छ शान्ति भन्छ, न्याय झट्टै पाइँदैन ।

लुकी लुकी हिँड्छ पापी, छायैछाया हिँड्छ पापी,
आमुसामु नहिँडेर दायाँबायाँ हिँड्छ पापी ।

•

# छिमेकीले देख्ने गरी

मलाई होस् यौटा मोटर, सरसर हाँकुँली म,
कसैलाई डाक्नुपरे इसारैले डाकुँली म ।
हजुरको सन्देश म छिटो-छिटो पुऱ्याउँली,
सबैसित मिलिजुली जन-आस्था बढाउँली ।
नौगेडीको साटो अब यौटा हारै लगाएर
छिमेकीले देख्ने गरी बस्न पाऊँ झ्यालैनेर ।

●

दुःखदेखि मुक्ति खोज्ने अधिकार सबैको हो,
आफ्नो भाग माग्न सके यो संसार सबैको हो ।

●

आपत् ल्याउने द्वेषै हो, चिन्तन गर्दा बेसै भो,
आफ्नो गाउँ त सानो हो, ठूलो गाउँ त देशै भो ।

●

बटुवाले गऱ्यो छहरामा स्नान,
उकालामा हिँड्दा बढ्यो उसको शान ।
भक्तिनीको पनि प्रेमी होला यौटा,
पसलैमा बिक्छन् कलियुगमा द्यौता ।

सत्ताधारी खोज्ने आफ्नै सुखभोग,
त्यै भोगले जन्म्यो विरोधको रोग ।
छोरो बिग्ऱ्यो भने बाबुलाई सोग,
ढोग्छौ भने जाऊ आमैलाई ढोग ।

●

## प्रेमिकाको तन्द्रा

अब ऊ कलेजमा थिई, झ्यालबाट बजारतिर हेरिरहेकी । एउटा पसलबाहिर उभिइराखेको उसको बेईमान प्रेमी यतै हेरिरहेको देखिन्थ्यो । उसले उसलाई यस्तरी हेरी मानौँ उसलाई हेरेकै हैन, हेर्नुपरेकै छैन ।

●

अन्धकारमा केही नपाएर उसले आँखा चिम्ली । उसको मनभरि केही रिस भरिँदै थियो । उसले सोची, "भोलि त्यहाँ जान्नँ । तर, जाऊँ जाऊँ पनि त लाग्छ नि । हैन, जान्नँ नै अब ।" उसका अँगालामनि ढलिहेर्न इच्छा रहेन अब । तैपनि डेरा मिलाएरै आउँछ कि ? नजाँदा एउटा बहाना बनाउन पाउला । ऊ भन्ला, "धत् मैयाँ ! राति दुई जना भाग्न कत्रो तयारी गरेर आएको ! सित्तैं गराइदियौ ।" ऊ एक छिन अलमलिई मानौँ उसको बहाना सुनिरहेकी छे, एउटी मुर्ख केटी बनिरहेकी छे तर, यति मात्र सत्य होइन, उसप्रति केही आशक्ति र आशाको छुत पनि अनुभव गर्दै छे ऊ ।

ऊ तन्द्रामा पर्दै गई । उसका अगाडि उसले पढेको एउटा किताब खुला छ । किताबका पेजमा हार लागेका अक्षरहरूका पछाडि दृश्यहरू थिए । हरेक पेज अनेक दृश्यमय थियो । उसलाई रमाइलो लाग्यो । कहीं पर्वतका बीच खुला घाटीहरू, अग्ला हिमानीहरू थिए त कहीं मरुमैदानहरू, कहीं तलतिर ओर्लिरहेका खोलानाला र उर्लँदै गर्जँदै कुदेका समुद्री पानीहरू । कहीं हावा-हुरीको बेगवान् उडान थियो त माथि-माथि मेघहरूको बथान । कहीं लहलह बालिनालीहरू थिए त कहीं विशाल बन्जरहरू । त्यतै कहीं राजधानीका नगरहरू थिए त तिनकै वरिपरि धेरै गाउँघरहरू । कहीं वन र

झाङझाडीहरू थिए त त्यहाँ डाँफे, जुरेली र लामपुच्छ्रेजस्ता प्राणीहरू थिए ।

ऊ निदाई । अब ऊ ती हरफहरू पढ्दै थिई जसमा थरी-थरीका धर्महरूका प्रत्यक्षै जस्तो बयान थिए, मन्दिरहरूको दर्शन र तीर्थस्नान थिए ।

●●

तिमी जेसुकै भन, मैले यहींबाट तिम्रा दुवै गालामा पालैसित म्वाइँ खाइसकें चुपुक्क-चुपुक्क । साँच्ची छामिहेर त, तिम्रा गालामा मेरा म्वाइँको छाप छ कि छैन ? म यहाँ तिमीलाई अँगालामा लिएर बसिसकें । तिमी चाहिँ त्यहाँ एक्लै छौ कि कसो ?

आऊ, यहाँ म छु । जहाँ तिम्रो आशक्त छ त्यहाँ तिम्रो मान छ, त्यहीं तिम्रो मजा छ ।

## बिहा नगरेरै

पर्ख पर्ख भन्दा एकैबाजि हेऱ्यो, फेरि हेर्न लजायो,
खै कहाँ हो जान डाँडाबाट ठाडै जो ओर्लेथ्यो रेसैमा ।
बिहा नगरेरै बसिसक्यौं धेरै राम्रै मान्छे कुरेर,
केटी खोज्यै मान्छे हौ कि तिमी पनि ? आयौ हाम्रो देशैमा ।

## प्रतिज्ञा र प्रस्ताव

आज यहाँ कुनै पनि जिम्मेवार व्यक्ति इमानदार छैन कि कसो ?
त्यसैले यहाँ प्रतिज्ञा गरिन्छ र त्यही बारम्बार खालि दोहोऱ्याइन्छ ।

नत्र त कार्य अलि अलि अघि सार्नु नै प्रतिज्ञालाई उठाउनुहुन्थ्यो
अनि कदाचित् विफलै हुनुभन्दा कार्यरूप फेर्नु नै प्रतिज्ञा दोहोऱ्याउनु हुन्थ्यो ।

हे पारित गरीकन फाइलमा जन्मकैद गरिएका प्रस्तावहरू,
हे कसै कसैका अवसरसिद्धिका लागि बेखबर गरिएका सार्वजनिक सद्भावहरू !
हेर ! कहाँ छौ तिमीहरू ?
अन्तिमबार तिम्रो मुख हेरेर आँसुले आँखा रसाउन पाए पनि हुन्थ्यो,
सधैँसधैँका लागि तिमीलाई स्मृतिमा बसाउन पाए पनि हुन्थ्यो ।

●

अब मेरो है यौटा फेरि,
भन्छु म कविता कागज हेरी ।
छन्द नखोज्नू, खोज्नू भाव,
दिव्य नहोला, छैन खराब ।

●

आफ्नै दाँतले जिभ्रो टोकेर कोदेखि रिसाऊँ ?
आफ्नै केश कोर्न सकेकी छैन, अर्काको जुँघा मुसारिदिन खोजेर के गर्नु ?

●

उनी मलाई भन्ने गर्थे– "आवेशमा आउन छोडेदेखि तँ धेरै ठुलो मान्छे हुने थिइस् !" तर के आजको परिस्थितिमा त्यति धीरवीर हुन सम्भव छ सबैले ? तैपनि त्यो आवेश धैर्यरहित हुनु भएन नि ।

हे पर्यटक हो ! आओ, आओ कुद्दै कराउँदै,
मेरी धर्ती कुमारी छिन्, देश रम्य छ यो सधैं ।

मैले कतै पढेको छु
ईश्वरले भनेका रे, "आफू सबै ठाउँमा पुग्न नभियाउने भएर उनले आमाहरूको सृष्टि गरेका ।"

●

## प्रेमकथा पढ्दापढ्दै

ऊ एउटा वर्णनात्मक प्रेमकथा पढिरहेको थियो । यतिखेर उसको उदास मन शान्ति सुखकै अपेक्षा गरिरहेको थियो । अहिले उसलाई त्यस कथामा पनि खालि सादा सरल वर्णन पढिरहन इच्छा थियो र कहीं नायकनायिकाहरूको संवादसम्म पनि पढ्न मन थिएन ।

उसको बार्दलीकै सामुन्ने शिरीषका हाँगामा बसिरहेको थियो एउटा पन्छी सारौं । ऊ आफ्नो सेतो भुँडीका भुवा मज्जैसित फुलाउँदै र चुच्चे मुन्टो तलमाथि हल्लाउँदै निर्धक्कसित कराइरहेको थियो– क्राँक-क्राँक, खिङखिङ, चुखिङ-चुखिङ । उसको कराइ काँसका धेरै थालहरू बजाएर निस्केको धुनजस्तै चर्को थियो ।

त्यस रूखकै अर्को हाँगामा मूर्ख किसिमका दुई भँगेरा चुच्चो जोर्दै जिस्किरहेका थिए । उनको कराइ पनि चर्कै किसिमको थियो । यसले गर्दा उसलाई केही झर्को लागेर पढ्नमा बाधा पर्‍यो र उसले फेरि त्यस रूखतिर हेर्‍यो । उसलाई त्यस कथाको अघिल्लो पानामा गएको एउटा लामो परिच्छेद फेरि पढ्न सगसग लाग्न थाल्यो । वातावरणले सिर्जित अन्यमनस्कताले गर्दा त्यहाँ बुझ्न योग्य केही कुरा छुटेको थियो क्यार । त्यो बुझ्न मन हुँदाहुँदै पनि कथाको परिणामतिर बढी उत्सुक हुँदा त्यसलाई छाडेजस्तो अनुभव भयो र उसलाई केही चुकचुकी लाग्न थाल्यो । यसै वेला उसले फेरि उही अलि झर्को लाग्दो सारौंको कराइ सुन्नुपर्‍यो, "खिङ-खिङ-चुखिङ, क्राँकक्राँक ।"

●

## स्तनका सम्बन्धमा

कोही भन्थे–
देह-देशका ती टापु हुन्,
दुई थुम्का हुन् ।
कोही भन्थे–
ती छातीका मांसल पोका हुन् ।
ऋषि मुनि भन्लान् हामीलाई–
हे बालक हो !
तिनमाथि तिमी मोहित हुन्छौ त भने
तिम्रा लागि ती धोखा हुन् ।
तर कुरो त्यति मात्र होइन रहेछ–
ती मन्दिर रे, स्तूप रे,
ती यौवनका बाहिरी रूप रे ।
हो–
तिनलाई कम आँक्नु कसोरी
ती खुबी हुन्, खुब रे,
ती आँखाहरूसित साउती गर्छन्,
नबुझे मात्तै चुप रे ।

जसले तिनको गर्छ निरीक्षण
कदाचित् केही राखी आस
उकुसमुमुस भै बढ्ला सास ।
वा शिशुपनको मुसुमुसु फिर्ला–
मिल्ला मुखमा अमृतसरि
च्वापच्वाप, च्वापच्वाप
मातृस्तनका दूधको मिठास ।

●

---

"के ? ऊ अहिले पैंतालिस पचास वर्षकै भए पनि अझ बिस-पच्चिस वर्षसम्म जस्तो पनि प्रेम गर्न सक्छ रे ।" दिवाको थप भनाइ थियो, "तपाईँलाइ थाहै रहेनछ । मैले त अलि दिनमै थाहा पाइसकेँ । उसलाई सधैँ प्रेमको तलतल लागिरहन्छ । उसलाई त सधैँ प्रेम गरूँ-गरूँ लागिरहन्छ रे ।" ऊ खितखित हाँसी ।

●

"तपाईँको बिहा नभइदिएको भए मलाई नै दुलही बनाउनुहुन्थ्यो हगि मास्टरसाहेब ?"

"खै के गर्थें ?"

"म तपाईँसित बिहा गर्थें । अनि तपाईँको भान्छा तयार गरिदिने, लेख्या साफी गरिदिने, प्रुफ हेरिदिने, तपाईँलाई माया गर्ने, तपाईँको आलस्यलाई देखेर करकर गर्ने सब काम गर्थें नि ।"

उसले थपी, "अहिले म तपाईँकी रखौटी हुनु हुँदैन त ? भन्नुहोस् न ? भनाइ मात्र रखौटी नि ! माया त मलाई धेरै गर्नुपर्छ नि तपाईँले ।" फेरि खितखित ।

●

"अरू के छ ?"

"राम्रै छ ।" अर्थात् जसोतसो राम्रो नै छ । कसैले केही नतोकीकन त्यसरी सोध्यो भने आफ्नो नराम्रो अवस्था फतफताएर किन झिँजो लाउने हो ! यो उहाँको आशाको विरूद्ध एउटा वाहियात कुरा भिराइदिए जस्तो पर्ला । यसबाट मेरो अभाव नघटेर स्तरै

मात्र घट्ला । तब किन सोधेँ हुँला भनेर उहाँले अनि किन त्यसो भनेँ हुँला भनेर मैले चुकचुकाउनु पर्ला ।

त्यसैले लाचारीसाथ भनेँ, "राम्रै छ ।" अर्थात् जे छ, त्यो भनेर खेर नहालूँ । अर्थात् म तपाईँलाई कुनै खुसियालीको सम्चार टक्याउन चाहन्थेँ, तर पाइन । हुन पनि मैले तुरुन्तै स्मृतिले सकेसम्म आफूभित्र छामछुम गरेँ, त्यहाँ सौगातको एउटा पात पनि भेट्टाइनँ ।

मेरो प्रतीक्षामा एक छिन मौनता लिइहेरेपछि संवाद बिसर्जन गर्दै उहाँले भन्नुभयो, "लौ त है त !" मैले भनेँ, "नमस्कार !" अनि मुस्कान मिश्रित नमस्कार ! सुनेँ । फोन राखेपछि मलाई केही ग्लानि भयो, सायद भर्खरै एउटा मौका गुमाएँ, केही हानि भयो ।

●

दिवाको घरमा एउटा जोडीले डेरा गरेको थियो । तिनको चर्चा ऊ प्रायः गर्थी । उसले तिनका प्रसङ्गको सिलसिलालाई एउटा कथाको सिर्जना गरेझैँ दिन-दिनै तन्काउने गरेकी थिई । तैपनि कहिलेकाहीँ केही बताउँदिनथी र अभिरामले तिनको ताजा हालचाल के छ नि भनेर सोधपछि मात्तै बताउन सोधनीको प्रतीक्षा गर्थी । ऊ तिनका बारे बताउँदा तिनको चर्को चुम्बन वा मनपरी बाझाबाझको चर्चा गर्नुपर्‍यो भने कुनै रहस्यमय कुरा गर्नुपरेझैँ उसको कानैनेर मुख लान्थी । अभिराम पनि उसको अरू भनाइ सुन्न मुस्कुराउँदै उत्सुक हुन्थ्यो । ऊ उसका कुरा गराइको शैलीमा मनोरन्जन त पाउँथ्यो नै, उस जोडीका प्रसङ्गहरूमा एउटा प्लट पाउने आशा पनि गर्थ्यो ।

●

भर्खरैसम्म एउटी सहेली मसँग थिइन्, आफ्ना केही रचनाहरूलाई परिष्कृत पार्न मकहाँ आएकी । उनी रूप, स्वर, शरीर र वाक्चातुर्यमा पनि आनन्ददायिनी छिन् । मेरी प्रशंसिका पनि हुन् तर, तिनको नाउँचाहिँ म यहाँ किन लिन्न भने कोही डाहाडेले म उनको इज्जत गर्दो रहेनछु भनेर केके उल्टोबाङ्गो लगाइदिएछ र हो, एकपटक उनलाई झोँक चलेर हाम्रो बोलचाल नै बन्दबन्द जस्तो भएको थियो । मैले पनि उनलाई स्पष्टीकरण दिनुको साटो आफ्नो मुस्कुराएको मुख अर्कैतिर फर्काएको थिएँ । मलाई उनको झोक्किएको मुख झन् मन परेको थियो । उनको कुमार कलेवरमा परिपुष्ट भएर राँकिएको यौवन हर एक दर्शकका लागि आकर्षक छ, आनन्दवर्द्धक छ । तर कुनै दिने फेरि त्यस्तै केही परेर हाम्रो रन्कारन्की पर्ने हो, ठेगान छैन ।

उनलाई मैले भर्खरै बिदा गरेँ । रातको नौ पनि बज्न लागेछ । लौ त, है त ? भोलिसम्मका लागि हामी पनि टेलिफोनबाट छुट्टिऊँ, रात आ-आफ्नो सुरमा बिताऊँ, छुट्टाछुट्टै निद्रा निदाऊँ ।

●

# एउटा कथाकार

म प्राक्कथन लेख्दै थिएँ, आफूलाई मन परेका दस-एघार कथा मात्र सङ्गृहीत गर्ने सुर थियो तर, मलाई उत्कृष्ट लागेका र अरूलाई निक्कै मन परेका कथा भिन्दाभिन्दै पनि पाएँ । त्यस कारण घटाउँदा घटाउँदै पनि यो सङ्ग्रह सोह्र कथाको हुन पुग्दै छ ।

यस सङ्ग्रहलाई तयार गर्दा मैले आफ्ना सबै कथाहरूलाई सम्झेको छु, हेरेको छु । माया लाग्दा लाग्दै पनि कतिपयलाई एक एक गरी छाडेको छु । कति कथाका केही कुरा केरेको छु, हेरफेर गर्दै फेरेको छु । किनभने यो व्यस्तताको जमाना हो, सङ्क्षेपमै सौन्दर्य खोज्ने जमाना, राम्रा राम्राबिच पनि ह्रदयै हर्ने राम्रा रोज्ने जमाना । यस प्रकार यो सङ्ग्रह छरीछाँटको भएको हुनुपर्छ । अब यो पुस्तक पढिहेर्ने मानिसलाई मदेखि झोक चल्ने छैन । आशा र अनुमानकै कुरा हो, यस पुस्तकदेखि कोही हच्कने-बिच्कने छैन ।

# कुकुर र कुकुर्नी

उ बाहिर निस्क्यो । अँध्यारो आँगनको पल्लो छेउमा एउटा कुकुर र आफ्नो सामु एउटा कुकुर देख्यो । सामुको कुकुर पराइ कुकुरलाई झम्टने धम्की दिँदै ङुर्र ङुर्र गरिरहेको थियो । तर पल्लो कुकुर मौनै उभिइरह्यो । उसको टर्च बल्दा यो कैलो कुकुर पहिले ङुर्राउँदै अघिअघि सऱ्यो र त्यस कालो कुकुरतिर बिस्तारै पाइला सार्न थाल्यो । सायद दुस्मनको ह्याउ जाँच्दै थियो यो तर, त्यो कालो कुकुर चाहिँ मित्यारी लाऊँ भने जस्तो शिष्टता देखाउँदै एक कदम अघि सरूँ कि त्यसै उभिइरहूँ भन्ने दुविधामा पऱ्यो । तब एकाएक के भयो कुन्नि, न यस कैलेको त्यो फुइँ रहेको देखियो न उस कालेको दुविधा । दुवैले प्रसन्नतापूर्वक गर्दन जोर्न लागेका पाइए, मानौँ युग युगदेखिको प्रतीक्षित मिलन थियो यो अनि उनीहरू उसको टर्चको उज्यालामा बसेनन् । अब त्यो काली अघि लागी र कैलो उसको पछि पछि । उनीहरू अँध्यारो करेसातिर पसे ।

●

उसले एउटी बालिकालाई जुरुक्क उचालेर काँधमा तेर्स्याएपछि अरू बालिकाहरू पनि त्यसै गरी बोकिन ललचाएर उसको वरिपरि झुम्मिन्थे, आफू नै उसको नजरमा पर्न छटपटाउँथे । कुनै बालिका माया लाग्दो स्वरमा अनुरोध गर्थी– "मलाई पनि त्यसै गर न है !" अर्की झन् हडबडाउँदै हात ठड्याएर उससित ढेप्पिँदै भन्थी– "अब मेरो पालो ।"

# एउटा माहुरीको माया

एउटा माहुरी उसको चेहरामा भुनभुनाउन लाग्यो । त्यसलाई उसले फू फू गरेर धपायो । तर माहुरी फेरि फेरि आयो र त्यसै त्यसै गरी चेहरामा बसूँ झैँ भुनभुनाउन लाग्यो । यसपछि उसले त्यसलाई हत्केलाले हान्यो र त्यो झ्यालबाहिर उडेर गयो, तर केही बेरपछि फेरि आयो र उसको चेहरामा झन् झन् भुनभुनाउन लाग्यो । उसले टाउको पछिल्तिर हटायो । तर, माहुरी पनि अघि सऱ्यो । अब उसले पढ्न छाड्यो र माहुरीको गतिविधि नै हेर्न थाल्यो । त्यो उसको चेहरामा कहाँ पो बसूँ झैँ यताउति

भुनभुनाइरहेको थियो । त्यसको भुनभुनले उसलाई चेहरामा काउकुती लाग्न थालिसकेको थियो र टोकिदेला भन्ने भय पनि बढिरहेको थियो । उसको फू फूको आँधीले जति हटाए पनि फर्केपछि त्यो झन् झम्टेर अगाडि सरिरहेको हुन्थ्यो ।

अब त झर्कै लागेर हत्केलाले अलि बेसरी नै हान्यो उसले र माहुरी तल पछारिएर भुनभुनाउँदै छटपटाउन थाल्यो । बिस्तार हान्दा हातैमा टोकिदेला भन्ने डरले त्यो झ्यालबाहिरै फालिने गरी अलि तोडैसित हानेको थियो उसले तर, त्यो झ्यालबाहिर जानुको साटो झ्यालमुनि उत्तानो पछारिएर अझै छटपटाइरहेको थियो । उसलाई त्यसको छटपटी देखेर पीर लाग्न थाल्यो । त्यसले उसको हानि नै के गरेको थियो र ! एउटा माहुरीबाट हानि नै के हुन सक्थ्यो र ! माहुरी आफ्नै परिश्रमको कमाइ खाने एउटा साह्रै मेहनती र गुनी प्राणी हो भन्ने बढी महसुस हुन थाल्यो । अब त्यो हिजो पनि उसको शिरवरिपरि भुनभुनाएर गएको याद आयो र अस्ति न पनि यसै गरी एक छिन उसको छातीतिर भुनभुनाएको झझल्को लाग्न थाल्यो । कोही मरेको आत्मीय जन पनि यसरी अर्को रूपमा आउँछ भन्ने उसले कतै पढेको पनि थियो । त्यो उसको जिउमा बसेर आत्मीयताको सुख पाउन खोजिरहेको त थिएन ? वेला वेला आएर त्यसले मसँग आत्मीयताको भाव पाएको हुनाले नै मकहाँ आइरहेको थियो कि भन्ने भावनाले पनि सतायो ।

उत्तानो परेर छटपटाउँदाछटपटाउँदै त्यो माहुरीले पल्टेर एक छिन सुस्तायो । अनि दुइ–तीन पाइला हिँडेर बिस्तार उड्दै झ्यालबाहिर गयो । बल्ल उसको बढेको सास सानो सुस्केरामा निस्क्यो । तैपनि एउटा प्रश्न उसको मनमा उठिरह्यो– बिचरो मर्न त मरोइन कि बिरामी भएर !

## एउटी छोरीको प्रसङ्गमा

"कहाँ गएर आएकी ?"

"आज कहाँ गएर आएकी नि ?"

"साथीकहीं जाँदै छेस् कि अझ पनि ?"

ऊ प्रेमीको धनसम्पत्ति, इलम–जागिर र सौजन्यको तारिफ गरीगरीकन आमालाई प्रभावित गरिरहेकी थिई । एक दिन त उसले पठाएको दिल्लीको केक भनेर कमलपोखरी केक भण्डारको एउटा बडो बुट्टे केक आमालाई टक्र्याइसकेकी थिई । बाबु–दाजुले निन्दो चर्चो बढाएपछि छोरीले बेला कुवेला निस्कन असजिलो पर्न थालेर छोरीको अनुहार चिन्ताग्रस्त हुँदै गएपछि छोरीको प्रेमी नरिसाओस् भन्ने सोचेर उसले उसलाई कुनै कुनै राती आफ्नै कोठामा बोलाउन सिकाएकी थिई ।

एक दिन उसका बाबुले उसकी आमालाई चेतावनी दिए, "तेरी छोरीको नाठो मेरा करेसामा फेला नपरोस् नि !"

"छ्या !" उसकी आमाले आफ्ना लोग्नेको चेतावनीलाई नकार्दै भनिन् । उनी त्यसो हुन सक्तैन भनेर छोरीका पक्षमा विश्वास पार्न चाहन्थिन् ।

"तँ छ्या भनेर मलाई फुस्ल्याउन खोज्छेस् ? उसको नाठो कुनै दिन उसकै कोठामा मेरा चोटाकोठामै फेला नपरोस् ।"

"मलाई के भन्नुहुन्छ त ?" अर्थात् म के गर्न सक्छु त ? उसकी आमाले आखिर डराउँदै भनिन् ।

हुन पनि ऊ राती राती झ्यालबाट उसका कोठामा गइसकेको थियो । उससँग निदाइसकेको थियो । राति नै उठेर भाग्नुअघि उनका करूवाको पानी घटघटाएर खाइसकेको थियो ।

## दुई दौँतरीका कुरा

यतिखेर उसलाई त्यस दिनको सम्झना आउँछ, जब उसको साथीले सहरको एउटा पसलबाट दुइटा पोटिला सुन्तला किनेर सुइटरभित्र आफ्नो छातीमा दुईतिर घुसारीकन नजिक आइरहेका दुईतीन तरूनीलाई सुनाउँदै मसँग भनेको थियो, "हेर ! अब त म पनि तरुनी भएँ नि !" तेस्रो सुन्तला ऊ खाइरहेको थियो ।

उसले थपेको थियो, "एकपटक एउटा मेलामा कोही करिब साठी वर्षको अर्धङ्गी जस्तो अधनाङ्गो मानिस टाउकामा आधा टोकरी जति सुन्तला बोकेर कराउँदै हिँडिरहेको थियो, "सुन्तला किन्नुहोस्, सुन्तला समाउनोस् ।" त्यो दुब्लो, पुड्को, चाउरो मानिस थियो, अवश्य नै गरिब पनि थियो । ऊ दुई हातमा एक एक सुन्तला लिएर हत्केलामा खेलाएर उफार्दै र मुङ्ग्याउँदै मेलामा हिँडिरहेको थियो, मानिसहरूलाई मुस्काइरहेको थियो, बटुवाका नजरलाई नचाइरहेको थियो । केही दर्शकहरू यसको प्रतिक्रिया महिलाहरूमा कस्तो पऱ्यो भन्ने बुझ्न उत्सुक भएर आसपासका युवतीहरूतिर दृष्टिले हमला गरिरहेका थिए । पुरुषहरूको यस उत्सुकताले उनीहरूलाई धेर-थोर लाज मान्न र मुन्टो फर्काउन मर्काउन विवश पारिरहेको थियो । कुनै ठिटीले त त्यतिखेर आफ्नो छातीतिर आफ्नै नजर लागेको पनि थाहा पाइनँ । आफन्त महिलाहरूसँग आएका पुरूषहरूले उसलाई क्रुद्ध दृष्टिले पनि हेरेकै हुन् तर, उसको पक्षमा बहुसङ्ख्यक दर्शक रमाइरहेका हुनाले तिनीहरूले उसको प्रभावक्षेत्रदेखि टाढा रहनमै आफ्नो इज्जत देखे ।

"सुन्तलालाई आफ्नो उरोज बनाउने प्रेरणा मैले त्यसै घटनाबाट पाएको हुँ । तँ चाहिँ कुनै छाडा तरूनीका ठाडा उरोजबाट प्रेरणा पा । हामी अहिल्यै यसो सडकतिर निस्कौँ त ती छ्यासछ्यास्ती फेला पर्छन् । तिनलाई आफ्ना छातीतिर खुब हेरिदिने मानिसको खोजी पनि छ ।"

## लक्ष्यप्राप्तिको धुनमा

हामी कति-कतिबाजि ठिक लक्ष्यमा पुगेर पनि त्यसलाई नाघिरहेका हुन्छौँ, त्यसको दायाँ-बायाँ लागिरहेका हुन्छौँ तर, कुनै बाजि त्यहाँ पुगेको बेला हामीलाई थाहा हुन्छ– ए ! हामी यहाँ त पहिल्यै पुगिसकेका थियौँ अनि त्यहाँको दृश्य, हावा र आत्मीयताले हामीलाई त्यो सुख-शान्ति, त्यो विह्वलता र विश्वास दिन्छः खोजिमर्दा नपाएको वातावरण अहा ! यै त थियो, जो आफ्नै अन्तर्मनमा नजरबन्दीको अवधि बिताइरहेको थियो ।

अरूले तिम्रो उपेक्षा गरून्, गर्छन्, गर्न देऊ । तर, तिमी पनि आफ्नो उपेक्षा गर्छौ भने अब कसको शरणमा जाउला हे अभागी मानिस ! तिमी आफूलाई नघोक्र्याऊ, नखेद, नलखेट । तिम्रो आफूले पछिल्तिरबाट तिमीलाई सराप्नेछ र त्यहाँभन्दा ठुलो सराप कुनै परमेश्वरले पनि कसैलाई दिन सक्तैनन् । उसलाई तह लाउन हप्काऊ, चिच्च्याऊ तर उसलाई अँगालामै उठाएर आफ्नै काखमा थच्च्याऊ । ऊ रोओस्, आँसु आँसु होओस् । तब उसलाई सम्झाऊ, फुल्याऊ र फुक्का छोडिदेऊ ताकि ऊ विशाल स्वाधीनताको इलाकामा भ्रमण गरोस् ।

जीवनका घाउहरू दुखे भने म रूँला, अर्को कोही मानिस रोला, असहाय पशु रोला, पन्छी रोला तर, रूँदारूँदै पनि बाँकी आवश्यकताहरू बाँकी नै रहलान् र फेरि मेलापात नगरे, पर्म नलाए, फेरि अर्को कुनै काम नसमाए भविष्य खोज्ने समय पो कसरी कट्ला ? यस जुनीको मोलै पो कसरी उठ्ला ?

## प्रेमको गीत

प्रेम गर्नैपर्छ आखिर, प्रेमका नै दृश्य प्यारा
प्रेम गर्दा स्वर्गजस्तै देखियो यो विश्व सारा ।

गर्भ रहने डर हरायो, एड्सको डर भागिहाल्यो,
मन त इच्छाकै महल हो, एक इच्छा जागिहाल्यो ।
धक फुकाई प्रेम गरियो आज यौटै ढालद्वारा,
प्रेम गर्दा स्वर्गजस्तै देखियो यो विश्व सारा ।

गरिन गर्भाधान मैले, खालि आलिङ्गन बढाएँ,
प्रेयसीका ओठ पाई खालि यौटा म्वाइँ खाएँ ।
राति-राति माथि-माथि उम्रिए नौ लाख तारा,
प्रेम गर्दा स्वर्गजस्तै देखियो यो विश्व सारा ।

## एउटा बिहान

त्यस बिहान १० बजेतिर हाम्रो अग्लो उत्तरी डाँडामाथि उभिएको एउटा पातलो महामेघ अलि तल हरियो पाखामाथिको गाउँमा बास खोजे झैँ निहुरिएको देखियो । अघिल्लो दिनदेखिको झमझम झरीपछि बिहानीपख सम्पूर्ण आकाश भने नीलाभ थियो ।

उता पूर्वी पर्वतमा चुपचाप उभिएको एकलो बडो बाटुलो जस्तो धमिलो बादल सूर्यभगवान्को दर्शन पर्खिरहेझैं देखिन्थ्यो । केही बेरपछि ऊ गुलाबी देखा पऱ्यो । उसका जिउभरि जवानी भरियो क्यार तर, ऊ ठाडै उभिइरह्यो मानो मत्त हुँदै केही सोचिरहेको छ ।

## केही फुटकर दृश्य, केही सम्चार

दायाँ राधा, बायाँ रूक्मिणी, बीचमा मुरलीधरण कृष्ण । मुद्रा मुरलीधरको तर मुरली रहेनछ ।

ऊ आएको चाल पाएर यस मैयाँले मसँग कुरा गर्न बन्द गरी, चिप्लेकीराले आफ्ना सिङ लुकाएझैं ।

सन्ध्याले भनी, "मेरो मन मरिसक्यो, अब मेरो आशा नगरे हुन्छ । एकबाजि टुसाएर सुकिसकेपछि त्यस बीयाँमा अर्को आँकुरो पल्हाउँदैन ।

सडकछेउ एक जोडी कुकुर उभिइरहेका थिए तर, म तिनको नजिक पुग्दा तीन प्राणी देखिए, दायाँ–बायाँ एक–एक कुकुर, बीचमा एउटी कुकुर्नी ।

## चुइँक् चुइँक्

पचास पचपन्न वर्षअघि साक्षात् भएको एउटा घटना, यसै सहरको सुरु सडकमा– मेरो अघि अघि हिँडिरहेका थिए एक जना पहाडतिरका लाठे मान्छे । फूर्तिसँग हिँडिरहेका उनका एककाने पहैंला पलाञ्चोके जुत्ता पाइलैपिच्छे चुइँक् चुइँक् चुइँकिरहेका थिए, चुइँक्–चुइँक्, चुइँक्–चुइँक्... ।

## विधवा, बहुविधवा

उहाँ त विधवा हुनुहुन्छ नि ।

को विधवा ? को सधवा ? पोइ मरेकालाई विधवा भन्ने हो भने प्रेमी मरेकालाई के भन्ने ? एक एक गर्दै अनेक प्रेमीको धोखा खाएकी वियोगिनी प्रेमिकालाई बहुविधवा किन नभन्ने ?

## चहचह, लहलह

भित्रभित्रै चहचह उमङ्ग छ आज,<br>
मुसुमुसु मुस्कानमा लहलह लाज ।

## नाङ्गो बाङ्गो आकाश

आकाश नाङ्गो छ, चारैतिर माथिसम्मै छ्याङ्ग तर, वरिपरि नै बाङ्गाटिङ्गा पहाडहरू हुनाले आकाश चारैतिर नै बाङ्गोटिङ्गो छ ।

## दुई दिनको कुरा

"म एकबाजि घर पुगेर आऊँ है नन्दा ?" धीवरले भन्यो ।

"हओस् ।"

लगत्तै नन्दाको मुख मुस्कुरायो र उसले भनिहाली, "योचाहिँ घर होइन र ?"

धीवरलाई यस्तो प्रश्न आउने आशङ्का थिएन । ऊ अकमकियो । ऊ बल्ल मुस्कुराउन सक्यो, "दुइ ठाउँमा घर हुनेले दुवैतिर ओहोरदोहोर गर्नुपरेन र ?"

अर्को दिनको कुरा । आफ्नो घरमा आएकी नन्दालाई आफ्नो बैठककोठाभित्र घचेटेर ऊ भऱ्याङ ओर्लन थाल्यो । तल्लो खुटकिलामा मोहना फेला फरी र उसले बिस्तारै "माथि मान्छे छन् । सुटुक्क सुनूँ है ?" भन्दै मोहनाका गालामा एक म्वाइँ बजायो ।

"धत् पापी !" उसले तुरुन्तै हात उठाएर गालाबाट त्यो म्वाइँ पुछी अथवा भनौं– त्यहाँ लागेको म्वाइँको एक चक्का गुलाबी चिह्नलाई उसले छामी र सुमसुम्याई ।

## दसैँको बेला

साइकल हैन्डिलको दायाँतिर एउटा गह्रुङ्गो झोला झुन्डाएको गाउँले देखा पर्छ । ऊ हैन्डिलको अर्कातिर ४ हात लामो डोरीमा बाँधेर एउटा तारे खसी डोऱ्याउँदै हिँडिरहेछ, सहरी सडकको किनारै-किनार, तर, उसको साइकलसँग डोरिन मन नपरेर त्यो खसी गर्दन बटार्दै घिच्चिइरहेको छ ।

## केही दृश्य

खेतका कुलेसाहरू पानी भरिएर देखिइरहेछन् सङ्ला सेता । तर ड्याङहरू मैला कालै-जुनेली रातमा ।

भ्यागुताहरू खेतमा वाइँवाइँ गरिरहेछन् । ट्वाँटी कीराहरू कराइरहेछन् ट्वाँ... । उनीहरूको एकनासे कराइ सुसेली झैँ सुनिन्छ । हावा ती मकैका अग्ला बोटहरूमा सरसराइरहेछ, जुनेली रातमा ।

जूनकिरीहरू पिलिक-पिलिक गरेर यताउति उड्न थालेका छन् । मैले उनको पारस्परिक सम्बन्धतर्फ गौर गरेर हेरेँ, तर कुनै जूनकिरी जोडी बनेर उडेको देखिएन । सब एक्लाएक्लै चम्किरहेका, एक्लाएक्लै, जुनेली रातमा ।

ढोकाको सँघारमा आफ्नै घरको कुकुर गुँडुल्किएर बसिरहेको, निदाइरहेको रहेछ । अब उसले आँखा खुलेर हेर्छ, तर, न बाटो छोड्छ न टाउको नै उठाउँछ, जुनेली रातमा ।

## अटालीबाट भित्र

यो देश जहाँ निमुखो जनता देश-विकासका लागि, राष्ट्रिय समृद्धिका लागि मजदूर, दास, वन्दी जे हुन पनि तयार थियो । तर शासकहरूलाई यसमा रूचि थिएन क्यार । यो मातृभूमि जहाँ अधिकांश जनताले आफ्नो जीवनलाई शासनका पाइला-पाइलाका सिँढीका रूपमा प्रस्तुत गऱ्यो र आशा गऱ्यो— यस्ता जीवनका सोपानबाट हिँड्न पाएपछि त सरकारहरू देश-विकासको टावरका झ्यालमा पुग्लान् ।

जुन देशमा कार्यकर्ताहरू लाम लागेर उभिएका थिए, हामी तिम्रा समर्थक हौं, के काम गराउनुपर्छ गराऊ भनेर । तर देशको शासन तिनप्रति दुइचार आदर्श बोली बोलेर विना उचित कार्यक्रमको प्रोत्साहन धन्यवादका हात ठड्याउँदै आफ्नो अटालीबाट भित्र पसेथ्यो ।

●

वर्षामा गरीबको छाप्रो चुहिएझैँ गरी रोयौँ ।

## जन्मदिनमा

(दीपेन्द्र शाह जन्मेको दिनमा )

हुर्क सम्मानका साथ, भरे झन् शानमा बस,
प्राप्त होओस् तिमीलाई बेस मानिसको यश ।
रम्य होस् देशका लागि एउटा दिन आजको,
यो जन्मदिन हो हाम्रा युवराजाधिराजको ।
(हे मेरा मित्र मान्छे हो ! मान्छेको अभिनन्दन
जिन्दगीकै प्रशंसा हो, व्यक्तिको मात्र होइन ।)

## एउटा मूसाको अवस्था

उता आज मुसो यसो चर्न निस्क्यो,
चिहाई नजिकै बिरालो उदायो ।
दुलो भेटिहाल्ने हराएर आशा
बरा होस भागेर मूसो निदायो ।

# एउटा गीत

गाउँ धेरै, सहर धेरै, एक हाम्रो राजधानी,
मित्र धेरै, बन्धु धेरै, एक राजा, एक रानी ।

स्वाभिमानी मित्र भेट्दा दुःख आफैं हुन्छ आधा,
थोर बाँकी हुन्छ चिन्ता, थोर बाँकी पीर-बाधा ।
जिन्दगीको स्वाद लिन्छन् बन्धु मेरा स्वाभिमानी,
मित्र धेरै, बन्धु धेरै, एक राजा, एक रानी ।

धेर हाम्रा हिउँचुली छन्, धेर देवल-देवता छन्,
खालि यौटा सगरमाथा, खालि ईश्वर एउटा छन् ।
खालि एकै देश हाम्रो, खालि एकै जिन्दगानी,
मित्र धेरै, बन्धु धेरै, एक राजा, एक रानी ।

## अङ्ग्रेजी अनुवाद

Numerous villages, many towns, but we have a single capital
Several friends, countless kins but we have a single king and a single queen

When we meet an exalted friend, our suffering decreases by half
Lessens the worry, little remains the pain

Taste the life my exalted kins
Several friends, several kins, but our royal couple just one

Many we have snow peaks, numerous our deities and temples
But Mt. Everet is only one like our Lord God
Our country is just one like our dear life
Numerous friends and countless kins, but our kingly couple only one

# राजा त्रिभुवन

राजा त्रिभुवन सुन्दर मान्छे,
धप्प थियो त्यो रूप अपार ।
दिव्य थिए ती करुणाले भन्,
करूणामय त्यो दिव्य मुहार ।

गर्छन् श्रद्धासाथ प्रशंसा,
माया गर्छन् जनता सारा ।
राजा जस्तो हुनुपर्ने हुन्
त्यस्तै राजा त्रिभुवन प्यारा ।

# एक जना लेखक

आफ्नो कुनै पात्र मर्दा लेखकलाई जुठो लाग्छ । उसले खल्को हाल्नुपर्छ, छाक छाडेर भोकै

बस्नुपर्छ । त्यसमाथि, कोही जवान वा सज्जन पात्र मर्छ भने उसले तेह्र दिन जुठो बार्नुपर्छ । तर कसैलाई पनि जुठो बार्न रहर लाग्दैन । कुनै पात्रलाई कुनै कारणमा पारी मराएर कोही लेखक आफ्नो रचनालाई मार्मिक बनाउन इच्छुक हुन्छ भने त्यो ज्यानमारा लेखक कहलाउन बेर छैन ।

पात्रलाई केही पीर पऱ्यो कि जाँड-रक्सी खुवाउनु अझै घोर अपराध होइन र ? पीरमा जाँड-रक्सी जस्ता जहर धोक्नुपर्ने प्ररेणा दिने यस्तै लेखकहरू हुन् जसले गर्दा समाज नै बिग्रँदैछ । त्यस्तै लेखकमध्य एक अस्ति अलि अकालमै मरेछन् । ओहो ! मर्नु त राम्रो कुरा होइन ।

कथा

# प्रतिमा



✍ **बाजुराम पौडेल**

उनको नाम प्रतिमा । जतासुकै सुवर्ण रङ्ग पोतिएको जाज्वल्यमान चहकले हेर्नेको आँखा तिरमिराउने गर्छन् । कतै केही कुराको कमी देखिँदैन । पाइतालादेखि शिरसम्मका सब आकारप्रकार ठिक र दुरूस्त छन् । घटीबढी कतै केही नलाग्ने कस्तो चित्रकारी सामर्थ्य हो यिनको निर्माताको ? सबैको मन खिच्छ आश्चर्य थप्छ, लोभ बढाउँछ आशक्ति थप्छ, प्राप्तिका लागि जीवन बलिदानसम्मका प्रयास पनि हुन्छन् । सबैलाई सबैथोक सहजै प्राप्त नभए पनि उनी दिव्यता बोकेकी ती प्रतिमामा केही कुराको खोट छँदै थिएन । मुहारमा पूर्णचन्द्रमा, हृदयस्थलमा पूर्ण हरियालीका पहाड र मैदान, वक्षस्थलमा फराकिला गरा र इन्दधनुषका प्रतिच्छवि नामअनुसारका सबै अङ्गको निर्माण कलाभित्रको जादुगरी त्यस शक्ति र सामर्थ्यले नै होला प्रतिमालाई त्यसरी प्रतिमा नै बनाएको !

हिमाल पहाड र तराईसम्मकै साझा नारीस्वरूपकी उनी प्रतिमा । उनमा प्रेमदेखि वात्सल्यसम्मका छाल सधैं लहराउँथे । नम्रता र कोमलताका धेरै उदाहरण बनेकी उनमा स्मित स्पन्दनका मधुरा राग छरिइरहेका हुन्थे । वसन्तका पुष्पीउद्यानबाट पोखिने वासना प्रतिमाका शरीरबाट हरेक क्षण बहिरहेका हुन्थे । दृश्य र अदृश्यरागको आकर्षण एकैचोटि प्रकट हुँदा नै प्रतिमालाई आफ्नै नठान्ने कोही पनि थिएन । बाजेबज्यैका नातिनी, आमाबुबाका छोरी काकाकाकीको भतिजी दाजुभाइको बहिनीदिदी दिदीको बहिनी र बहिनीका दिदीलगायत आफूभन्दा साना उमेरका छोराछोरी भतिजाभतिजी सबैका लागि आफ्नै बन्न सकेकी प्रतिमा आफूलाई सबैका साझा भन्छिन् कि भन्दिनन् अन्दाज गर्न गाह्रो थियो । एउटा धमिलिँदैन धमिलिने सत्यले प्रतिमालाई ढपक्क ढाकेको थियो जसको प्रभावले नवकिशोरदेखि वयोवृद्धसम्ममा राग अनुरागको स्पर्श सलबलाइरहन्थ्यो ।

सबैका अगाडि सधैं राम्रो बनेर फुल्ने फूलले आफ्नै सौन्दर्य देख्न सक्दैन, सबैलाई उज्यालो दिने बत्ती आफू पिंधमा अँध्यारो लिएर बस्छ । त्यही फूल र त्यही बत्तीको गुणकी प्रतिमा सबैलाई सौन्दर्यको उज्यालो दिइरहेकी छिन्, सबैतिर बाँडिइरहेकी छिन् । कसैले खोस्छ, कसैले लुट्छ र कसैले अनुमति मागेर उपयोग गर्छ । ननासिने र नमासिने उनको त्यो सौन्दर्य दुरूपयोग हुँदाको अवस्थामा टोलाउँछ र जूनमा बादल लागेजस्तै हुन्छ । 'नाइँ' भन्न नसक्नुका बाध्यता प्रतिमाका पनि धेरै रहेछन् । एकदिन जङ्गलको बाटो आफ्नो घर फर्कदा अङ्कुसे परेको वनकाँडाले तानेर उनको चोली च्यातियो । बटुवाहरूका लागि त्यो मनमोहक तमासा बन्यो । प्रतिमाको त्यो निश्छल र निष्कपट स्वभावले लुगा

च्यातिएको चाल पायो कि पाएन ? उनी आफ्नो बाटा हिँडिरहिन् ।

सौन्दर्यमा दोष हुँदैन भनेर बुझेकी प्रतिमालाई कहिलेकाहीं आफ्नै जामा यताउता सरेको चाल हुँदोरहेनछ, उनी निस्फिक्री हिडिदिन्थिन् । दर्शक भनूँ वा तमासे त्यहाँ पनि उत्तिकै भिड बनाएर बसेका हुन्थे । कृतिभित्रको विकृति पनि त्यहाँ दखिन्थ्यो । सेतो पावरदार चस्मा लाएका लट्ठी टेकेका कुप्रा बुढा मानिस रोकिएर जिउ तन्काउँदै प्रतिमालाई हेरिरहेको दृश्यले अर्को तमासा जन्माउँथ्यो ।

खुला चौरमा बुर्कुसी मारिरहेकी प्रतिमासँगै हिड्ने हावा लजाउँथे, छाया लठारिन्थ्यो र वनबुट्यान सुसेली मार्न थाल्थ्यो । शीतल जमेको अम्बाको हाँगामा बसेर संवाद गरेजस्तै गीत गाइरहेको धोबीचरी प्रतिमालाई केके भनेर जिस्काउँथ्यो । भाव र भाषा नबुझे पनि उनी आफ्नो धर्म निर्वाह गर्थिन् र हल्का लजाउँथिन् । त्यही धोबीचरीसँगको संवादको प्रत्युत्तर बन्थ्यो र त्यहाँ अर्को सौन्दर्य थपिन्थ्यो ।

आग्रह जम्मैको मान्थिन् प्रतिमा । कहिले कसको घर कहिले कसको गोठ र कहिले कसको आँगन टेकेर भ्याइनभ्याई हुन्थ्यो उनलाई । आग्रहका बग्रेलोमा हराउँदै देखिन्थिन् उनी । सबैको आँखाको नानी बन्नु झन गाह्रो हुनुपर्थ्यो कि पर्थेन ? प्रतिमालाई पनि अन्दाज भएनछ क्यार उनी बेपर्वाह चुलबुलाइरहन्छिन् । पूर्ण घडाको कन्चन पानी हल्लिरहन्छ । त्यस घडाको बिटसम्म छचल्किएर फर्केका पानीका छल्काले उनका आङमा काउकुती लगाउन थाल्छ ।

झरी र हिलोमा पनि उस्तै प्रतिमा । धूलोले ढपक्क ढाकिएर छेउकुनाबाट देखिँदा पनि उस्तै प्रतिमा । घामछायाका रेखाबाट खुल्दै छोपिँदै टल्कने अनि शरद्का टहटह जुनेली रातमा छायासँगै उभिरहेकी प्रतिमा सबैकी हुन् । सबैकी भएर पनि निर्दाग उनी । पवित्र छिन् चोखी छिन् । निष्पक्ष विभाजित उनी सबैलाई आफ्नै ठान्छिन् । कुनै एकजनाको मात्र हकदावी उनलाई स्वीकार्य हुँदैन । आजभोलि सहर बजार गाउँबेँसी जतासुकै प्रतिमाकै खोजी भइरहन्छ । ■■


## लेखकहरूमा अनुरोध

विगत २२ वर्षदेखि प्रकाशन हुँदै आइरहेको यस पत्रिकाका लागि कथा, कविता, मुक्तक, गजल, निबन्ध, समालोचनालगायतका साहित्यिक रचना प्रकाशनार्थ पठाइदिनुहुन लेखकज्यूहरूसमक्ष सविनय अनुरोध गर्दछौं ।

आफ्ना रचनासँगै तस्बिर अनिवार्य पठाउनुहोला ।

Email : navarajpudasaini@gmail.com

सुसेली

# नयाँ वर्षको शुभकामना



✍ **विमल अर्याल**

दिऊँ चिनारी
आउँदैछ नजिक
नयाँ बिहानी । १

आशा जागेको
भाग्दै छ कालाजार
खुसी छाएको । २

बढ्छ कि हर्ष
सफा निलो आकाश
आउने वर्ष । ३

हुन्छ उज्यालो
सबै खाले अप्ठ्यारो
बन्छ सप्ठेरो । ४

पीडा बिर्सेर
लाग्नुपर्छ कर्ममा
सबै मिलेर । ५

फूर्ति र जोस
तन मन वचन
शुभ बनोस् । ६

अधुरा यात्रा
टुङ्गोमा पुग्ने छ
मिलाई मात्रा । ७

सम्बन्ध गाढा
पन्छाएर काँडाका
सुरिलो बाधा । ८

खुसीको पर्व
बनाउने अठोट
अबको वर्ष । ९

शुभकामना
सद्भाव र विश्वास
मुख्य चाहना । १०

बढ्नु अगाडि
नरोकिए पाइला
हुन्न पछाडि । ११

एकमा एक
थप्नु पर्छ विस्तारै
बढ्नेछ वेग । १२

आफू लुकेर
बन्छ देश कसरी
सधैं झुकेर । १३

सेवा सङ्कल्प
उत्साह र उमङ्ग
नयाँ सन्दर्भ । १४

कालो गाजल
हटी जान्छ बादल
ठोक मादल । १५

आयो वसन्त
पक्कै फुल्छ उत्साह
चल्छ जागर । १६

छरौं प्रकाश
हरेक पाइलामा
पुग्छ उत्साह । १७

लिएर शिक्षा
अतितका बेथिति
पुर्‍याऊँ भित्ता । १८

अबको माग
सुशासन शुद्धता
सबैले जान । १९

नदीझैं बग्छ
बर्सैभरि सलल
सिञ्चित गर्छ । २०

कविता

# प्रेम कविता २४



✍ **कृसु क्षेत्री**

हाम्रो भेटमा
मलाई बारम्बार सोधिरहने तिम्रो प्रश्न -
किन नबोलेको ?
तिमी पनि केही त बोल ...??

म हाँसेर चुप लागिरहन्छु,
किनकि कतिपय प्रेमहरू
शब्दको ढोकाबाट भन्दा,
मौनताको झ्यालबाट
अझ धेरै सुन्दर ढङ्गले भित्रिन्छन् ।

कतिपय प्रेमीहरू बोल्दैनन्–
किनकि उनीहरूलाई थाहा छ,
प्रेम सधैं शब्दमा मात्र व्यक्त हुँदैनन् ।
कतिपटक त
एउटा सानो हेराइमै लुकेको हुन्छ
पूरै जीवनको न्यानोपन,
एउटा हलुका स्पर्शमै भेटिसकेको हुन्छ
धड्कनले आफ्नो नाम
एउटा चुपचाप निकटतामा
जीवनले पाइसकेको हुन्छ
आफ्नो अर्थ ।

प्रेम बोल्नुभन्दा पहिले
धेरै बेर मौन रहन मन पराउँछ ।
मानौं साँझ
आकाशको काखमा टाउको राखेर
बिस्तारै रात बन्छ,
मानौं जून
अँध्यारोसँग नडराई
शीतल उज्यालोमा बदलिरहन्छ,
मानौं फूल
आफ्नो सुवासलाई
हल्लाबिनै फैल्याइरहन्छ,
उसरी नै प्रेम पनि
शब्दभन्दा अगाडि
मनको सबैभन्दा गहिरो तहमा
फुलिरहन्छ निःशब्द ।

मलाई नै हेर त
तिमी नजिक हुँदा
मलाई कहिल्यै धेरै बोलिरहनु पर्दैन,
किनकि तिम्रो उपस्थितिले नै
मेरो सबै थकान बिस्तारै मेटाएर
मलाई फेरि उज्यालो बनाइदिन्छ ।

तिम्रो आँखामा हेर्दा
मलाई लाग्छ–
यो संसारमा अझै पनि
कोमल ठाउँ बाँकी नै रहेछ
अझै पनि
मुस्कानमा
टुक्रिएको मनलाई सिउन सकिने
धागो बाँकी नै रहेछ ।

प्रेम सायद यही हो–
कसैको साथमा हुँदा
आफैँलाई हराउनु होइन,
बरु आफ्नो सबैभन्दा निर्मल स्वरूप भेट्टाउनु ।

तिमीलाई सम्झँदा
मेरो मनमा कुनै हलचल हुँदैन,

कुनै आँधी आउँदैन,
एउटा मीठो तरङ्ग उठ्छ,
जुन बिस्तारै फैलँदै
मुटुभरि न्यानोपन छोडेर जान्छ ।
र म धेरै बेरसम्म
तिम्रै सम्झनाको उज्यालोमा
चुपचाप बाँचिरहन्छु ।

तिमी मेरो जीवनमा
ठुलो घोषणा भएर आएको हैन
न कुनै तीव्र चमत्कार बनेर–
बरु चुपचाप आयौ–
जसरी बिहानको पहिलो घाम
झ्यालबाट सुटुक्क भित्र पस्छ,
जसरी फूललाई शीतले बिस्तारै चुम्छ,
जसरी बिना आवाज मै पनि प्रार्थनाले
सिधै हृदयलाई स्पर्श गर्छ ।

कैयन्पटक त
म तिमीलाई केही भन्न खोज्छु,
तर शब्दहरू
तिम्रो सामु पुगेपछि
आफैँ रोकिन्छन् ।
किनकि जे भन्न खोजेको हुन्छु,
त्यो तिमीले
मेरो आँखाबाटै पढिसकेको हुन्छौ,
मेरो मौनताबाटै सुनिसकेको हुन्छौ ।

प्रेममा आत्मसमर्पण
हार होइन रहेछ,
यो त
आफ्नो मुटुलाई
कसैको न्यानो हातमा
विश्वाससाथ राखिदिन सक्ने साहस रहेछ ।

र, तिमीलाई माया गर्नु
मेरो लागि कुनै महोत्सव नभएर,
धड्कनभित्र बिस्तारै बजिरहने
एउटा मधुर, गहिरो,
अनि अन्तरङ्ग सङ्गीत हो
जसको स्वर गुञ्जिरहन्छ
पूरै जीवनभर ।

तिमी हुँदा
अँध्यारो पनि अत्यासलाग्दो हुँदैन,
किनकि तिम्रो सम्झनाले
मीनपचासको रातलाई पनि
न्यानो बनाइदिन्छ ।
तिमी टाढा हुँदा पनि
तिम्रो माया मेरो वरिपरि
सुवासजस्तै फैलिरहन्छ मनभरि ।

सायद त्यसैले
म प्राय बोल्दिनँ–
किनकि मलाई थाहा छ,
साँचो प्रेम
कर्कश आवाजमा होइन,
एउटा कोमल स्पर्शमा,
एउटा लजालु हेराइमा,
एउटा निर्दोष मौनमा,
र दुई आत्माबीचको न्यानोपनमा
सबैभन्दा गहिरो गरी बाँचिरहेको हुन्छ ।

तिमीले फेरि सोध्यौ भने–
म सायद फेरि पनि
चुपचाप नै हुनेछु,
किनकि मेरो प्रेम
शब्दभन्दा धेरै
तिम्रो नजिक हुँदा धड्किन्छ,
र मेरो मौनताभित्रै
तिम्रो नाम
सबैभन्दा मधुर स्वरमा
निरन्तर बजिरहन्छ।

निबन्ध

# साहित्यमा प्रतीक (प्रतीकात्मक) योजना



✍ **महेन्द्र चालिसे**

**१. प्रस्तावना**

मानव जीवन भावनात्मक, बौद्धिक तथा संवेदनात्मक अनुभूतिहरूको समिश्रण हो । मानिसले आफ्नो अनुभव, अनुभूति, विचार र कल्पनालाई व्यक्त गर्न भाषाको सहारा लिन्छ । भाषा केवल सूचना आदानप्रदानको साधन मात्र नभई मानव चेतनाको अभिव्यक्ति गर्ने सशक्त माध्यम हो तर, मानव जीवनका सबै अनुभूतिहरूलाई प्रत्यक्ष शब्दमा व्यक्त गर्न सधैं सम्भव हुँदैन । विशेष गरी जब भावनाहरू गहिरा, जटिल र सूक्ष्म हुन्छन्, तब सामान्य भाषाले ती भावहरूलाई पूर्ण रूपमा समेट्न सक्दैन ।

यस्तो अवस्थामा भाषाले विभिन्न शैली, अलङ्कार र सङ्केतहरूको सहारा लिएर आफ्नो स्वरूप परिवर्तन गर्छ । तीमध्ये 'प्रतीकात्मक योजना' अत्यन्त महत्त्वपूर्ण मानिन्छ । प्रतीकले थोरै शब्दमा गहिरो अर्थ व्यक्त गर्ने क्षमता राख्छ । यसले साहित्यलाई केवल वर्णनात्मक मात्र नभई अनुभूतिपरक, कलात्मक र बहुआयामिक बनाउँछ । त्यसैले साहित्यमा प्रतीकात्मक योजनाको प्रयोग अपरिहार्य मानिन्छ ।

**२. प्रतीकको अवधारणा**

'प्रतीक' शब्द संस्कृत भाषाबाट आएको हो, जसको अर्थ सङ्केत, चिह्न वा प्रतिनिधित्व गर्ने वस्तु भन्ने हुन्छ । साहित्यमा प्रतीक भन्नाले त्यस्तो वस्तु, शब्द, घटना वा दृश्यलाई जनाइन्छ जसले प्रत्यक्ष अर्थभन्दा पर गएर गहिरो, अप्रत्यक्ष र भावनात्मक अर्थ व्यक्त गर्छ ।

उदाहरणका लागि 'अन्धकार' केवल उज्यालोको अभाव मात्र होइन, यो अज्ञान, अन्याय, भय वा निराशाको प्रतीक पनि हुन सक्छ । त्यस्तै 'प्रकाश' ज्ञान, सत्य, आशा र प्रगतिको प्रतीक हो । यसरी प्रतीकले वस्तुको भौतिक अर्थभन्दा पर गएर मानसिक, भावनात्मक वा दार्शनिक अर्थ व्यक्त गर्छ ।

प्रतीकको प्रयोगले साहित्यलाई गहिरो बनाउँछ । यसले पाठकलाई सोच्न, व्याख्या गर्न र अर्थ खोज्न प्रेरित गर्छ । त्यसैले प्रतीक साहित्यिक सौन्दर्यको प्रमुख आधार मानिन्छ ।

**३. प्रतीकात्मक योजनाको आवश्यकता**

लेखन र वाचनबीच ठूलो अन्तर हुन्छ । बोल्दा मानिसले आफ्नो भाव व्यक्त गर्न अनुहारका हाउभाउ, हातखुट्टाको चाल, स्वरको उतार–चढावजस्ता माध्यम प्रयोग गर्न सक्छ तर, लेखनमा यी सबै सम्भव हुँदैन । त्यसैले लेखकले आफ्नो भावलाई प्रभावकारी रूपमा प्रस्तुत गर्न वैकल्पिक उपाय खोज्नुपर्छ । यही अवस्थामा प्रतीकात्मक योजना आवश्यक हुन्छ ।

मानव जीवनका धेरै अनुभूतिहरू यस्ता हुन्छन् जसलाई प्रत्यक्ष रूपमा व्यक्त गर्दा प्रभाव कम हुन सक्छ, जस्तै; प्रेम, पीडा, विरह, आनन्द, आध्यात्मिक अनुभूति आदि । यस्ता भावहरूलाई प्रतीकमार्फत प्रस्तुत गर्दा ती अझ जीवन्त र प्रभावकारी बन्छन् ।

उदाहरणका रूपमा, "म दुःखी छु" भन्नुभन्दा "मेरो मन शरदको ओइलिएको पातझैँ झरिरहेको छ" भन्नु बढी प्रभावकारी हुन्छ । यहाँ 'ओइलिएको पात' दुःखको प्रतीक हो ।

यसरी प्रतीकात्मक योजनाले: सूक्ष्म भाव व्यक्त गर्न मद्दत गर्छ, भाषा छोटो र प्रभावकारी बनाउँछ र साहित्यलाई कलात्मक बनाउँछ ।

**४. प्रतीकका विशेषताहरू**

साहित्यमा प्रयोग हुने प्रतीकका केही प्रमुख विशेषताहरू यसप्रकार छन्:

**(क) बहुअर्थता (Polysemy)**

प्रतीकले एउटै अर्थ मात्र होइन, विभिन्न अर्थहरू जनाउन सक्छ । एउटै प्रतीकलाई फरक-फरक सन्दर्भमा फरक अर्थमा बुझ्न सकिन्छ ।

**(ख) सङ्क्षिप्तता**

प्रतीकले थोरै शब्दमा गहिरो र विस्तृत अर्थ व्यक्त गर्छ । यसले भाषालाई सशक्त बनाउँछ ।

**(ग) संवेदनात्मकता**

प्रतीकले पाठकको मनमा भावनात्मक प्रभाव पार्छ । यसले पाठकलाई केवल बुझ्न मात्र होइन, अनुभव गर्न प्रेरित गर्छ ।

**(घ) सांस्कृतिक सम्बन्ध**

धेरै प्रतीकहरू समाज, परम्परा र संस्कृतिसँग जोडिएका हुन्छन् । उदाहरणका लागि, सेतो रङ शुद्धताको प्रतीक मानिन्छ ।

**(ङ) व्यक्तिपरकता**

प्रतीकको अर्थ पाठकअनुसार फरक-फरक हुन सक्छ । एउटै प्रतीकलाई विभिन्न व्यक्तिले फरक रूपमा व्याख्या गर्न सक्छन् ।

**५. प्रतीकका प्रकार**

प्रतीकहरूलाई विभिन्न आधारमा वर्गीकृत गर्न सकिन्छ:

**(क) प्राकृतिक प्रतीक:** प्रकृतिका वस्तुहरू प्रतीकका रूपमा प्रयोग हुन्छन् । सूर्य- शक्ति, ऊर्जा, ज्ञान, चन्द्रमा-  शान्ति, सौन्दर्य, प्रेम र नदी- जीवनको निरन्तरता ।

**(ख) सांस्कृतिक प्रतीक:** समाज र परम्परासँग सम्बन्धित प्रतीकहरू: रातो रङ- प्रेम, क्रान्ति र सेतो- शुद्धता, शोक ।

**(ग) धार्मिक/आध्यात्मिक प्रतीक:** धार्मिक विश्वाससँग सम्बन्धित प्रतीकहरू: दीप- ज्ञान र जल- पवित्रता ।

**(घ) व्यक्तिगत प्रतीक:** लेखकले आफ्नै अनुभव र दृष्टिकोणबाट सिर्जना गरेका प्रतीकहरू । यस्ता प्रतीक बुझ्न सन्दर्भ आवश्यक हुन्छ ।

**६. नेपाली साहित्यमा प्रतीकात्मक योजना**

नेपाली साहित्यमा प्रतीकात्मक योजनाको प्रयोग अत्यन्त समृद्ध रूपमा भएको पाइन्छ ।

विभिन्न कवि तथा लेखकहरूले आफ्ना कृतिहरूमा प्रतीक प्रयोग गरी गहिरा भावहरू व्यक्त गरेका छन् ।

कविता विधामा प्रतीकको प्रयोग विशेष रूपमा देखिन्छ । कविहरूले प्रकृति, समाज, संस्कृति र व्यक्तिगत अनुभवलाई प्रतीकमार्फत प्रस्तुत गरेका छन् । कथाहरू र उपन्यासहरूमा पनि पात्र, घटना र परिवेशलाई प्रतीकात्मक रूपमा प्रयोग गरिएको पाइन्छ ।

नेपाली साहित्यमा प्रकृति–आधारित प्रतीकहरू प्रचुर मात्रामा प्रयोग भएका छन् । सामाजिक यथार्थलाई पनि प्रतीकमार्फत प्रस्तुत गरिएको छ । व्यक्तिगत अनुभूतिहरूलाई सङ्केतात्मक रूपमा अभिव्यक्त गरिएको छ । यसले नेपाली साहित्यलाई गहिरो र प्रभावकारी बनाएको छ ।

**प्रतीक र अलङ्कारबीचको सम्बन्ध**

प्रतीक र अलङ्कारबीच घनिष्ठ सम्बन्ध हुन्छ । अलङ्कारले भाषालाई सुन्दर र आकर्षक बनाउँछ भने प्रतीकले अर्थलाई गहिरो बनाउँछ ।

विशेषगरी रूपक अलङ्कार प्रतीकसँग नजिकको सम्बन्धमा हुन्छ । रूपकमा एउटा वस्तुलाई अर्को वस्तुसँग तुलना गरेर अर्थ व्यक्त गरिन्छ, जुन प्रतीकात्मक अर्थसँग मिल्दोजुल्दो हुन्छ ।

उदाहरणः "जीवन एउटा यात्रा हो"– यहाँ 'यात्रा' जीवनको प्रतीक हो । यसरी अलङ्कार र प्रतीक दुवैले साहित्यलाई प्रभावकारी बनाउँछन् ।

**८. प्रतीकात्मक योजनाको प्रभाव**

प्रतीकात्मक योजनाले साहित्यमा धेरै सकारात्मक प्रभाव पार्छ; गहिरो अर्थ निर्माण गर्छ । पाठकलाई सक्रिय बनाउँछ । कल्पनाशक्ति विस्तार गर्छ । भावनात्मक सम्बन्ध स्थापित गर्छ । साहित्यलाई कलात्मक बनाउँछ ।

प्रतीक प्रयोग भएको साहित्य पढ्दा पाठकले केवल शब्द बुझ्दैन, त्यो शब्दभित्रको भाव पनि अनुभव गर्छ । यसले साहित्यलाई जीवन्त बनाउँछ ।

**९. प्रतीक प्रयोगका सीमाहरूः**

प्रतीकात्मक योजना जति उपयोगी छ, त्यति नै सावधानीपूर्वक प्रयोग गर्नुपर्ने पनि हुन्छ । अत्यधिक प्रतीक प्रयोग गर्दा लेख जटिल हुन सक्छ । अस्पष्ट प्रतीकले अर्थ बुझ्न कठिन बनाउँछ । अत्यन्त व्यक्तिगत प्रतीक सबैलाई बुझ्न गाह्रो हुन सक्छ । त्यसैले लेखकले सन्तुलित रूपमा प्रतीक प्रयोग गर्नुपर्छ ।

**१०. आधुनिक साहित्यमा प्रतीकात्मक योजना**

आधुनिक साहित्यमा प्रतीकको प्रयोग अझ बढी भएको छ । विशेष गरी आधुनिक कविता, कथा र उपन्यासमा प्रतीकात्मक शैली प्रमुख रूपमा देखिन्छ ।

आधुनिक लेखकहरूलेः प्रत्यक्ष वर्णनभन्दा सङ्केतात्मक शैली प्रयोग गर्छन् । पाठकलाई स्वतन्त्र व्याख्या गर्न प्रेरित गर्छन् र बहुआयामिक अर्थ सिर्जना गर्छन् । यसले साहित्यलाई अझ गहिरो र विचारोत्तेजक बनाएको छ ।

**११. निष्कर्ष**

समग्रमा, प्रतीकात्मक योजना साहित्यको अत्यन्त महत्त्वपूर्ण अङ्ग हो । यसले

भाषालाई गहिरो, प्रभावकारी र कलात्मक बनाउँछ । जब शब्दहरू पर्याप्त हुँदैनन्, तब प्रतीकहरूले भावनालाई जीवन्त बनाउँछन् ।

मानव जीवनका सूक्ष्म अनुभूतिहरूलाई प्रभावकारी रूपमा व्यक्त गर्न प्रतीक अपरिहार्य साधन हो । यसले साहित्यलाई केवल पढ्ने विषय मात्र नभई अनुभव गर्ने माध्यम बनाउँछ । त्यसैले साहित्यमा प्रतीकात्मक योजनाको प्रयोग केवल शैलीगत आवश्यकता मात्र नभई भावनात्मक र बौद्धिक सम्प्रेषणको आधार पनि हो । ■■

कविता

# कसैल नदेखेको नियात्राकार



मुना राई

कृष्ण पाउरोटीका सञ्चालक हुनुहुन्छ घनश्याम राजकर्णिकार
उहाँ हुनुहुन्छ अनवरत रूपमा नियात्रा लेखिरहने नियात्राकार

पस्कनुभएको छ पाउरोटीदेखि नियात्राका अनेकौं परिकार
कुनै पनि दम्भ नभएको उदाहरणीय शालीन साहित्यकार

डुबिरहनुभएको छ उहाँ साहित्य क्षेत्रमा नियात्राको सागरमा
वयोवृद्ध उमेरमा पनि कुनै कमी आएको छैन उहाँको जाँगरमा

व्यवसाय र साहित्यमा लाग्नुभएको छ निरन्तर रूपमा
मनमती साहित्य समाजले दिएको छ उहाँलाई नयाँ उपमा

अब उहाँ नियात्रा वाङ्मय पुरुष बन्नुभएको छ यो देशमा
सुन्दर पगरी गुथी दिएको छ उहाँको सेतै फुलेको केसमा

कोसेली लान्थ्यौं हामी कृष्ण पाउरोटी काठमाडौंमा आउँदा
हर्षविभोर छु म साक्षात् रूपमा घनश्याम सरलाई भेट्न पाउँदा

लाग्थ्यो यो पाउरोटी उद्योगका सञ्चालक कस्ता होलान् भनी
उहाँ त हुनुहुँदो रहेछ व्यवसायी, साहित्यकार एवम् मनका धनी

चाट्टचुट्ट कपडा मिलाएर लाउनुहुने अभिनेताजस्तै सुन्दर
यो उमेरमा पनि सबैलाई हौसला दिने ऊर्जावान् मुहार

उहाँ थाक्नुभएको छैन अहिलेसम्म पनि नियात्रा लेखेर
निरास बनेकालाई पनि जाँगर चल्छ उहाँको मिहिनेतलाई देखेर

उहाँमा कुनै आडम्बरीपन छैन हुनुहुन्छ जहिले सदाबहार
टाढा नजिक छुटाउनु हुन्न गर्नुहुन्छ सबैसँग नम्र व्यवहार

पाउरोटी र साहित्यका नयाँ नयाँ परिकार चाख्ने हाम्रो चाहना
उहाँ र उहाँको जीवन सङ्गिनीप्रति सुस्वास्थ्य, दीर्घायुको कामना

*का. म.पा.२९ घट्टेकुलो, काठमाडौं ।*

कविता

# माफी मागेँ

**✍निर्मलादेवी तिम्सिना 'कान्छी'**



हिंड्दै थिएँ यात्रामा
ठोक्किएँ एक
अपरिचित पहाडको खुट्टामा ।
झस्किँदै शिर उठाएर हेरेँ
मुस्कुराएको हिमालझैँ
उनको सुन्दर तस्बिर ।
हिमाल हाँसेको जस्तो रूप र
छायामा ताल देखिन्थ्यो ।
तालको किनारमा
छरपस्ट छरिएका
अरू बाँच्न सक्ने ज्ञानका
सकारात्मक तत्त्वहरू ।
म लोभिँदै किनारमा
जहाँ उनको छहारी थियो
त्यहाँ बसेर बाँच्न खोजेँ
मभित्रको एक धैला
वितृष्णा बिसाएर ।
ज्ञानको अमृत भर्नको लागि ।
विडम्बना छायाँ चिसो थियो
तालमा विष मिसिएको रहेछ ।
जब छुँदै पिउन खोजेँ
पिउनु अगावै
मेरो घाँटी अवरूद्ध बनायो ।
निसास्सिएँ !
अकस्मात आँसु खस्यो ।
अमृत देखिने चिज पनि
कसैको लागि विषालु बन्दो रहेछ ।
मैले भुलेँछु पहेँला देखिने
सबै धातु सुन हुँदैनन्
चम्किने धातु सबै मोती हुँदैनन्
म भ्रममा परेछु ।
हिमालसँग शिर झुकाएँ
र, तालको ऐनामा
आफ्नो स्वरूप आफैँ हेरेँ
आफैँलाई बिचरा देखेर
आफ्नै आत्मासँग माफी मागेँ
किनकि भ्रममा परेको
सबैभन्दा बढी दुखी त
आफ्नै आत्माको प्रतीक थियो ।

www.kalpatarupub.com.np
मा 'कल्पतरु' संसारभर पढ्न सकिन्छ ।

कविता

# जेफालेको गीत



✍सिजन श्रेष्ठ

तिम्रो हत्केला जत्रो बाटामा
मुस्किलले हिंड्दै पो थिएँ
म

मलाई के थाहा ?

त्यही बाटोमा
कहींकतै हिंड्दै रहेछौ तिमी पनि

पानीले हिलैहिलो भएर
थोरै ओभानो बाँकी रहेको बाटामा
नचाहँदा नचाहँदै पनि ठोक्कियौँ हामी
र, अलिकति लजाएर, अलिकति सर्माएर
मेरो कुर्कुच्चा टेकेर गयौ तिमी

जेफाले,

तिमीलाई भेट्ने उन्मादमा
गुमाउनलाई केही नभएर पनि
केही त पक्कै गुमाएँ मैले
तिमीसम्म आइपुग्न
हजारौँ पाइलाहरू हिंडाउने
मेरो कुर्कुच्चाको अलिकति स्पर्श
कोही अन्जान, अपरिचित
अनामिकालाई दिएर पठाएँ मैले ।

जेफाले,
अब तिमीलाई अलिकति छोएर
मैले बाटोमा कसैसँग गुमाएको
त्यो अलिकति स्पर्शको
क्षतिपूर्ति लिनु छ ।

(**जेफाले**ः मोरङ जिल्लाको केराबारी गाउँपालिकामा अवस्थित वनजङ्गलहरूले घेरिएको हरियालीयुक्त मनोहर पर्यटकीय पहाडी गाउँ)

## कल्पतरूका प्रतिनिधि/आजीवन सदस्यहरू

संयोजक– डा. ऋषि बस्ताकोटी (उत्तर अमेरिका)
युवराज भण्डारी (क्यानडा)
डा. रूपक श्रेष्ठ (बेलायत),
निर्मलादेवी तिम्तिसना 'कान्छी' (युरोप)
ताराप्रसाद चापागाईं (यु.ए.ई.)
गृष्मा पौड्याल (जापान)
सीमा रोशी (अस्ट्रेलिया)
अजय गोले (दक्षिण कोरिया)
कमल सापकोटा (सिक्किम)
सीतादेवी क्षेत्री (मणिपुर)
विष्णा विरही (अमेरिका)
सागर फुयाँल (जर्मनी)
खिम पुन (कतार), डम्बर थामी (बहराइन)
दाजु गुरूङ (हङकङ)
अरूण शान्ति भुजेल (दार्जीलिङ)
प्रेम कटुवाल (कुबेत), अजय गोले 'अञ्जान'
मीरा त्रिपाठी (युजिल्यान्ड)
इलाम– टिङ्कु भट्टराई (९८४२८४२६४०)
झापा– टीका चापागाईं (९८६३६०५९३५)
मोरङ– बाबुराम पोखरेल (९८४२०८८५२२)
सुनसरी– मुकुन्द खनाल (९८४२४०९३९२)
उदयपुर– वासुदेव पोखरेल (९८४२८२५४३६)
पर्सा– अप्सरा पुडासैनी (९८४५१२९४७२)
रौतहट– रामचन्द्र तिमिल्सिना (९८५५०४१४२)
सिन्धुली– बाबुराम श्रेष्ठ (९८४१०२७६८८)
काभ्रे– पूर्णबहादुर श्रेष्ठ (९८४४११३७९७)
भक्तपुर– राजेशमान के सी (९८४१४९७५८३)
चितवन– नारायण निर्भय (९८४५२४२४४८)
कास्की– लोकनाथ पुडासैनी (९८४६०३७८७१)
तनहुँ– रूद्र थापा (९८४५५२९९३५)
गुल्मी– डोरबहादुर केसी (९८५१०९७५१२)
दाङ– कपिलकिशोर घिमिरे (९८४८५१४९९९)
बाँके– खगेन्द्र गिरी 'कोपिला' (२९८१०९८४८०)
सुर्खेत– भेषराज रिजाल (९८४३१४२८१६)
बझाङ– लख्खु सिंह (९८६७१००३१०)
कञ्चनपुर– अनिलचन्द अङ्कुर (९८५८७५११२६)

# 'ढुङ्गामा आकार' कवितासङ्ग्रह कवितामार्फत मैले मानिसलाई उच्च वैचारिक आकार दिने प्रयास गरेकी हुँ

**– बाबा बस्नेत**



बाबा बस्नेत






डा. ऋषि बस्ताकोटी

**स्रष्टाको परिचय :** *चालिसको दशकदेखि साहित्य यात्राको थालनी गरेकी बाबा बस्नेत बहुविधामा कलम चलाउने सक्रिय नारी हस्ताक्षर हुन् । उनका कविता, गीत, कथा, निबन्ध, उपन्यास, नाटक आदि विधामा डेढ दर्जनभन्दा बढी कृति प्रकाशित छन् । लेखनका आधारमा बाबा बस्नेत मूलतः कविका रूपमा परिचित छन् । उनका कवितालाई विचार, शिल्प र बुनोटका हिसाबले उत्कृष्ट मानिन्छ । बाबा बस्नेतका कवितामा नारी संवेदना, सीमान्त र भुइँमान्छेका आवाज प्रखर रूपमा अभिव्यक्त भएका पाइन्छन् । शिखा बुक्सले बजारमा ल्याएको 'ढुङ्गामा आकार' उनको नवीनतम कविता कृति हो । यो सङ्ग्रहभित्र कोरोनाकालमा लेखिएका ४३ थान कविता सङ्गृहीत छन् । यी कविताहरू आयाम, शिल्प र भावका हिसाबले विविध छन् । साहित्य लेखनका अतिरिक्त उनी साहित्यिक सङ्घसंस्थाहरूमा पनि लामो समयदेखि क्रियाशील छन् । उनले नेपाल प्रज्ञा प्रतिष्ठानको काव्य विभाग प्रमुखका रूपमा नेतृत्व गर्दै नेपाली काव्यको उन्नयनमा महत्त्वपूर्ण भूमिका खेलेकी छन् । यसपटकको 'कल्पतरु पुस्तक वार्ता'मा कवि तथा प्राज्ञ बाबा बस्नेतसँग उनको नवीनतम कृति 'ढुङ्गामा आकार' का कविताहरू र आम नेपाली कविताका सन्दर्भमा केन्द्रित रहेर डा. ऋषि बस्ताकोटीले तयार पार्नुभएको अन्तर्वार्ता प्रस्तुत छ ।*

**'ढुङ्गामा आकार' सङ्ग्रहका कवितामार्फत समाजलाई कस्तो आकार दिने प्रयास गर्नुभएको हो ?**

– 'ढुङ्गामा आकार' कवितासङ्ग्रहका कवितामार्फत मैले मानिसलाई उच्च वैचारिक आकार दिने प्रयास गरेकी हुँ जुन विचारले रुग्णता, जर्जरता, जातीय, लिङ्गीय र वर्गीय विभेद चिर्दछ र समाज स्वतः मानव उपयोगी बन्दछ ।

**खासमा कविता केले लेखाउने रहेछ ? 'ढुङ्गामा आकार' भित्रका अधिकांश कविताहरू पढ्दा यस्तो लाग्छ– यी त पीडाहरू पगालेर निकालिएका आशाका सुन्दर फूलहरू हुन् । के खुसीमा भन्दा पीडामा नै सशक्त कविता जन्मिने रहेछन् ?**

– समय, परिस्थिति, आस्था र अनास्थाका कठिन एवम् उमङ्गमय क्षणहरू नै कविता निर्माण हुने औजारहरू हुन् । मलाई लाग्दछ आगामा पगालिएर सुनले आकार प्राप्त गर्दछ । असली सुनको पहिचान पनि आगामै पिटिएर, बेस्सरी पोलिएर नै हुन्छ । हो, प्रतिकूल परिस्थिति र अनास्थाका स्वरूपहरू विचारको मेसिनमा पिसिएर नै सशक्त कविता बन्दछ ।

**एउटा कविका लागि कविताको प्राप्ति के हो ? यस सङ्ग्रहबाट यहाँको अपेक्षा के थिए र ती अपेक्षा कत्तिको पूरा भए ? 'ढुङ्गामा आकार'बाट अनुभूत कुनै सुखद क्षण बताइदिनुस् न !**

– एउटा कविका लागि कविताको प्राप्ति आनन्द प्रदान गर्नु हो । जुन आनन्द मानिसको मार्गदर्शन बनोस् र मानिस मानिसजस्तै होस् । मेरो त्यो अपेक्षा केही हदसम्म पूरा भइरहेको छ । मेरा कविता पढेर पाठकहरूले त्यो ऊर्जा, आत्मबल प्राप्त गरेको महसुस गर्ने गर्दछन् जसबाट जीवनलाई जीवनजस्तै बनाउने प्रयास उनीहरूले पक्कै पनि गर्छन् । बाह्र वर्षको उमेरदेखि कविता लेख्न थाले पनि कविता लेखनमा सन्तुष्ट हुन सकिनँ । जब साँच्चै यसबारे केही बुझ्छु, त्यो बुझाइको प्रमाण हो कि जस्तो लागेको छ ।

**कवितामा सामाजिक न्यायको विषय उठाउँदा कविताको भाषा र नाराको भाषाबिच के अन्तर हुने रहेछ ? क्रोध, करूणा र कलालाई एउटै सुन्दर मालामा उन्नु कत्तिको कठिन कार्य रहेछ ?**

– नारा बढी आदर्श लाग्दछ । यसले मानव हृदयको सतहलाई आफ्नो कब्जामा लिन्छ भने कविताको भाषाले मानव हृदयको धरातल जागृत गराउने क्षमता राख्दछ । सामाजिक न्यायको विषय उठान गर्दा नाराको भाषाले मानव सङ्ख्या र समूह जुटाउँछ भने कविताको भाषाले मानव समाजलाई व्यवहारमा उतार्छ । मन र मस्तिष्कलाई ऐक्यबद्धता गराउँछ । लेखनमा जब भाव, विचार, प्रतीक बिम्ब र विषयको सही समायोजन हुन्छ त्यतिखेर क्रोध पनि कलात्मक बनेर रूप परिवर्तन गर्दछ र सिर्जनामा मिसिन्छ । नकारात्मक पक्षलाई सकारात्मक तुल्याई सिर्जनामा सही रूप दिन कठिन त हुन्छ ।

**यस सङ्ग्रहका कतिपय कवितामा पाठकले सिधै आफूलाई भेट्टाउने खालका छन् । यस्ता मन छुने कविता कसरी लेखिन्छन् ? कविता लेख्ने बेला विषयले धेरै लखेट्छ कि बिम्बले ? लेखेर सबैभन्दा सन्तुष्टि मिलेको कविता कुन होला ? अलिकति त्यसको प्रसङ्ग सुनौँ न ।**

– कविता लेख्ने बेलामा मलाई चाहिँ विषयले छुन्छ । विषयले लखेट्छ र लेख्दै जाँदा बिम्बहरू आफैँ निर्माण हुन्छन् । समग्रमा आम मानिसका गुणअवगुण मिल्दाजुल्दा नै हुन्छन् र मलाई मनपर्ने कुरा प्रायः अरूलाई मन पर्छ नै । त्यसैले आफूलाई मन पर्ने,

कुरा दुनियाँलाई दियौं भने त्यो उनीहरूलाई स्वीकार्य हुन्छ । विशेष प्रकृति र जीव-जन्तु चराहरूको जीवनले मलाई बढी प्रभावित पार्दछ । चराको विषयमा लेखेको कविता 'चराहर गुँड बनाइरहन्छन्' शीर्षकको कविताबाट म केही सन्तुष्ट छु । न भूत, न भविष्य, न वर्तमान कुनै चिन्ता नलिई चराहरू निरन्तर श्रम गर्दछन् र अत्यन्तै रमाइरहन्छन् । तिनै दृश्यले म मोहित भएँ ।

**यस सङ्ग्रहभित्र विभिन्न आयामका कविता छन् । एउटा कविता कोर्न कविलाई कति समय लाग्ने रहेछ ? यसको यान्त्रिक जवाफ नहोला तर, एउटा कविता जन्माउन बढीमा कति समय लागेको अनुभव छ र कुनै कविता एकै श्वासमा उत्रिएको पनि छ कि ?**

– कुनै कविता धेरै पटक बनाउँदा पनि सग्लो बनाउन कठिन पर्छ । केर्दै मिलाउँदै गर्दा पनि चित्त बुझ्दैन भने कुनै कविता एक पटकमै चित्तबुझ्दो हुन्छ । लेख्नासाथ कविता बनिहाल्छ । मेरो एकै श्वासमा उत्रिएका कविताहरू हुन् 'बिसौनी', 'चराहरू गुँड बनाइरहन्छन्', 'आस्थाका मजेत्राहरू' इत्यादि ।

**एक कुशल कविका अतिरिक्त यहाँ प्रज्ञा प्रतिष्ठानको काव्य विभाग प्रमुख पनि हुनुहुन्छ । यही जिम्मेवारीबाट नेपाली कवितालाई नजिकैबाट छाम्नुभएको छ । कवितालाई धेरै लेखिने तर कम पढिने विधा भन्ने गरिन्छ । वर्तमान नेपाली कविताका चुनौती के हुन् र कविका आफ्नै चुनौती के हुन् ?**

– वर्तमान नेपाली कविताका चुनौतीहरू छन् । साहित्यको प्रमुख विधाअन्तर्गत भए पनि कविता कठिन विधा हो । वास्तवमा यो सहज छैन । यसका धेरै आयामहरू छन् । हरेक आयामका आआफ्नै सैद्धान्तिक नियमहरू छन् । संरचनात्मक विधिहरू छन् । महाभारत-रामायण आदि बृहत् काव्यस्वरूप नै हुन् भने वर्तमान समयमा काव्यधारा अनेकौं स्वरूप लिएर प्रवाहित भइरहेछन् । छन्द कवितामा छन्दहरूको प्रादुर्भाव भएसँगै गद्य कवितातर्फ लघु विधा र लघुतम बान्कीहरूको प्रादुर्भाव काव्य विधाकै विकासत रूप हुन् । भाव, भाषा, शैली, अलङ्कार, बिम्ब, प्रतीक, लय, रस आदि सबै भाषिक तत्त्वको सामिश्रणमै 'कविता' कविता बन्ने भएकाले यो सहज बुझ्न सकिन्न । त्यसैले पनि कथा, उपन्यास र नाटकको तुलनामा यसका पाठक कम हुन्छन् । व्यावसायिक हिसाबले पनि यसै कारण काव्यकृतिहरू पछि परेजस्तो लाग्दछ । यो परिस्थितिमा कसरी हामीले काव्य विधालाई उत्कृष्ट बनाउने भन्ने कविका आफ्नै चुनौती हुन् । ■■

'कल्पतरु' द्वैमासिकमा आ.व. २०८२/८३ (२०८२ साउनदेखि २०८३ असारसम्म) भित्र छापिएका मध्येबाट एउटा उत्कृष्ट सिर्जनालाई पुरस्कृत गरिने व्यहोरा सूचित गर्दछौं ।

**कल्पतरु परिवार**

लेख

# गाउँ किन स्वार्थी भयो ?



देवकी के.सी.

सबैले मलाई अब यो निश्चल गाउँ पनि स्वार्थी भएछ भन्नुहोला । म गाउँ जब सहरमा आन्दोलन चर्कंदै जान्छ । नारा-जुलुस, बन्द-हड्ताल बढ्दै जान्छ । म गाउँको मनमा कताकता खुसी बढ्दै जान्छ । जब सहर कर्फ्युले सहरबासी बन्दी हुन्छन्, मलाई खुसी लाग्छ । जब भुइँचालोको थर्काइले सहर तहसनहस बन्दै जान्छ । मानव जीवन कष्टकर बन्दै जान्छ । म गाउँ फुरुङ्ग हुन्छु । जब दसैँतिहारजस्ता चाडपर्वहरू आउँछन्, म गाउँ खुसीले मृग उफ्रिएझैँ उफ्रिन मन लाग्छ । म निस्वार्थ, निश्चल र निष्कपट मन भएको गाउँले यसो भनिरहँदा सबैलाई लाग्न सक्छ । गाउँ अचेल स्वार्थी भएछ । गाउँले पनि आफ्नो धरातल भुल्न थालेछ । तर ती सब स्वार्थ ओकल्नुका पछाडि मेरा पनि आफ्नै बाध्यता छन् ।

थाहा छ, आज सबैलाई आज म गाउँ एक्लो भएको छु । शून्य भएको छु । वृद्धवृद्धा र बालबच्चाबाहेक युवाशक्तिविहीन जस्तै भएको छु । सुन्दर मरा झुपडीहरू रित्ता भएका छन् । खण्डहर भएका छन् । मुसाले परेड खेल्ने मैदान बनेका छन् । अन्नको भकारी घाँसेमैदानमा परिणत भएका छन् । ती घाँसे मैदानमा उफ्रँदै चर्ने वस्तुभाउका त के कुरा घाँसेमैदानको एक मुठो घाँस काट्ने जवान छैनन् गाउँमा । अव्यवस्थित विकास र ठेकदारीपनको लालचमा गाउँका ती सुन्दर पहराहरूमा जताततै डोजरले कोपरिएका छन् । चिथोरिएका छन् । घर घरमा बाटो लगेका छन् तर, बिडम्बना त्यस बाटामा हिँड्ने जनशक्ति छैन गाउँमा । गाडीका त कुरै छाडौँ । बाटामा गुच्चा खेल्दै रमाउने केटाकेटी त छैनन् गाउँमा, त्यस बाटाको खाल्डाखुल्डी पुर्ने युवा हात त कहाँ हो कहाँ ?

पहिले गाउँका स्कुल साना थिए । कच्ची थिए । स्कुलमा विद्यार्थीहरूको चाप भने थेग्नै नसक्ने । डेक्स बेन्चको अभावमा घरबाट सुकुल, बोरा, पिर्का लगेर बिछ्याएर पढ्नु पर्ने बाध्यता थियो । विदेशी डोनर गाउँ पसे । गतिला सुविधा सम्पन्न स्कुलको भवन बने तर विद्यार्थीको खडेरी लाग्यो गाउँमा । गाउँमा हेरौँ, जताततै लथालिङ्ग छ । कुलो बिग्रेका छन् । बाटो पहिरोले पुरिएको छ । कलकल पानीको मुहान खेर गएका छन् । गाउँघरमा धारा, कुवा, पाटी पौवा सफा गर्ने मान्छे छैनन् । गाउँमा अलिकति काम सघाउन पऱ्यो भने खेताला पाइन्न । ऐचोँपैचोँ, मेलापात, कुलपरम्परा, देवाली, बिहे, व्रतबन्ध, गुठी जस्ता हाम्रा गाउँका सभ्यताहरू हराउन थालिसके । गाउँमा जन्ती र मलामी जान सहरबाट मानिस खरिद गरेर ल्याउने अवस्था देख्दा म गाउँको मन कति छटपटिन्छ होला ? कसैले बुझेका छैनन् गाउँको पीडा किन आज ?

वर्षमा एकदिन जसोतसो चाडबाडमा बुढा भएका बाउआमा गाउँ भए गाउँ पस्छन् युवा । नत्र त गाउँ टेक्नै नपरे हुन्थ्यो झै गर्छन् युवापुस्ता त । अझ कतिपयले त आफ्नो सहजताका लागि सहरकै एउटा कोठामा बाउआमा लगेर थन्काएका छन् । बिचरा गाउँको खुल्ला संसारमा हुर्केका ती बाउआमा सन्तानकै खुसीको लागि सहरको एउटा कुनामा थन्किन बाध्य भएका छन् । युवापुस्ता गाउँबाटै पलायन हुने । उतै घरजम गर्ने । उतै सन्तान जन्माउने । अनि विदेश भाग्ने । अब जन्मिने पुस्ताले त आफ्नो गाउँ कहाँ हो ? मुलथलो कहाँ हो ? आफ्नो गाउँ कहाँ हो ? गाउँ भनेको कस्तो हुन्छ ? कुल परम्परा, देवाली, गुठी, कुलदेवता, दाजुभाइ खलक, गुठियार, जन्ती, मलामी, जात्रा सभ्यता भन्ने पनि नजान्ने भैइसके । अबका नयाँ पुस्ताले त गाउँ के हो र कस्तो हुन्छ ? भन्ने कुरा पनि भूगोलमा हेरेर होइन, गुगलमा खोजेर सिक्नुपर्ने अवस्था आइसक्यो । अनि यस्तो हिजोको सुन्दर र भरिपूर्ण मेरो अवस्था वर्तमानमा यो बिजोगपूर्ण र दयनीय देख्दा मेरो मन कति रोएको छ ? कसले मापन गर्न चाहेको छ र मेरो मनको पीडा ?

हो, त्यसैले मेरो मनले भन्छ, "सहरमा सधैँ आन्दोलन भैइदिए, जुलुस, नारा भइरहे, अशान्ति भए, चक्काजाम भइरहे,कर्फ्यु लागे शान्तिको खोजीमा रातारात हिँड्दै, दगुर्दै सबै गाउँ फर्कन्थे होलान् । जब सहर भुइँचालोले क्षतविक्षत हुन्छ, मानिसहरू खुल्ला ठाउँ खोज्न भत्केकै भए पनि आफ्नो झुपडीमा टाउको लुकाउन गाउँ आउँथे अवश्य पनि ।"

कोरोनामा लकडाउन हुँदा त म जति खुसी त कोही भएन होला ? किनकि त्यतिबेला सबै गाउँ फर्केका थिए । सहरको कष्टकर जीवन र कोरोना भाइरसको सन्त्रासबाट बच्न । त्यसैले त स सोच्छु सहरमा विपत्ति आइदिए हुन्थ्यो । मानिसले हड्ताल गरिरहे हुन्थ्यो । त्यसपछि त मानिसहरू बाध्य भएर गाउँ फर्कन्थे । गाउँका बाझा जमिन कोर्पर्थे । अन्न फलाउँथे । पानीका मूल, पाटी, पौवा, चौतारा, बाटोघाटो सफा राख्थे । गाउँको जात्रा, चाडपर्व, मेला, उत्सवमा रमाउँथे । गाउँको सभ्यतालाई बचाउँथे । भावी पुस्तालाई गाउँको सभ्यता चिनाउँथे अनि गाउँमा विकासको लहर फुटाउँथे । भावी पुस्तालाई आफ्नो पुर्खाको माटो चिनाउँथे । गाउँमा जिउँदोमा जन्ती र मर्दा मलामी जाने युवापुस्ताको खडेरी बन्द हुन्थ्यो ।

अनि त्यतिबेला म गाउँ असाध्यै खुसी हुन्थे । आफूलाई भाग्यमानी ठान्थे । हो, मेरो यही स्वार्थले मैले सहरमा विपत्ति आइरहे हुन्थ्यो भने । यसमा सुन्नेलाई दुःख लाग्न सक्छ तर, मेरो यो स्वार्थ रहर होइन बाध्यता हो । सभ्यता जोगाउने चाहना हो । गाउँको भूगोल चिनाउने सपना हो । भविष्यको पुस्तालाई सुन्दर सभ्य गाउँ हस्तान्तरण गर्ने रहर हो । म सहरको दुस्मन अवश्य होइन तर, आफ्नो सुन्दर संसारलाई युगौं युगसम्म बचाई राख्न म स्वार्थी भएछु । यसलाई कसैले पनि गाउँ आजभोलि स्वार्थी भएछ भनेर सत्तोसराप नगर्नू है । गाउँ आफ्ना लागि भन्दा पनि भावी पुस्ताको भविष्य सोचेर स्वार्थी भएको छ आज । ■■





# सफलताको शुभकामना

✍सिरिया सुवेदी

सायद परिश्रमको फल मिठो कसलाई नलाग्ला ?
सोचेरै आनन्द आउँछ त्यो क्षण ।
रङ्गीन सपनाझैं सधैं मन-मुटुमा
सजाएर राखिएका ती अनगिन्ती दुःखद् र सुखद्
पलहरू, जसले पहाड चढ्न मद्दत गरे,
लड्न खोज्दा तानेर उठाए ।

घरदेखि पाठशाला र पाठशालादेखि घर–
यही नै जिन्दगीका दैनिकी थिए ।
किताब र कलम, भकुन्डो र दौडसँगै
विद्यालयीय जीवन बितेका थिए ।
गाली र ताली, यी सबै विद्यार्थीका सम्पत्ति थिए ।
उत्प्रेरणा जीवनका मर्म थिए,
शिक्षक आड र भरोसा थिए ।

यिनै कुराले रङ्गिएको स्कुले जीवन
आज, भोलि र पर्सि भन्दै बितेर गयो ।
अब टाढिँदै गर्दा सम्झनाहरू पक्कै रहने छन्,
'हाम्रो पालामा यस्तो हुन्थ्यो' भन्ने
कुरामा सीमित रहने छन् ।

त्यसैले साथी, नहड्बडाऊ ।
शिष्यले चेतना प्राप्त गरी
गुरुको मर्म बुझ्ने छ ।
बिदा त बहाना मात्रै हो,
कैयौं मोडहरूमा हामी साथ हुने छौं ।
साथ नभए पनि सम्झिने छौं
सँगै बिताएका क्षणहरू
र गुरुका आशीर्वचन ।

१४ वर्ष सङ्घर्ष गऱ्यो र त–
अब भविष्य सुन्दर छ ।
त्यसमै महल बनाऊ,
बगैंचा बनाई फूल रोप,
एकदिन अवश्य फुल्ने छन् ।
तिमीलाई भावी जीवनका
अनगिन्ती शुभकामना,
अनगिन्ती शुभकामना ।।

*कक्षा ९, अप्सिलोन नेसनल स्कुल,नयाँ पाटी*

पुस्तक–पत्रिका मागेर होइन किनेर पढौं ।
लेखक–सम्पादकहरूको मिहिनेतको कदर गरौं ।।



# बुद्ध र शान्ति

✍आदर्श यादव

राज्यको सुख त्यागेर उनी हिँड्थे तपमा
लोभ र मोह चटक्कै छोडी गरेथे साधना ।

कठोर तप गरेर पाए उनले बुद्धत्व
संसारलाई हिँडाए उन्ले शान्तिको मार्गमा ।

रिस र क्रोध थिएन उनमा ज्ञानको भण्डार
शान्तिको दूत बनेर छरे विश्वमा प्रकाश ।

अहिंसा हाम्रो धर्म हो भनी सिकाए विश्वलाई
सत्य नछोड्नू भनेर ज्ञान दिएथे हामीलाई ।

शान्तिको मार्ग समातेपछि पाइन्छ बुद्धत्व
बुद्धको ज्ञान आत्मसात् गरे भइन्न दुःख ।

अशान्त भयो अहिले विश्व घमण्डीपनले
मानवता नै हरायो आज लोभ र मोहले ।

सत्मार्ग छोडी मनुष्यहरू हिँड्दैछन् कुमार्ग
भुलेर बुद्धको ज्ञान आज बन्दैछन् दानव ।

सहिष्णु बनी शान्तिको पाठ सिकाऔँ हामीले
दया र माया प्रेमको भाव छरौँ न हामीले ।

सबैले शान्ति स्थापना गरे संसार फुल्नेछ ।
बुद्धत्वलाई बुझेर हिँडे कल्याण हुनेछ ।

*कक्षा ८, अप्सिलोन नेसनल स्कुल, नयाँ पाटी*



# पाँच मुक्तक

✍प्रमोद नेपाल

(१)
धन दौलत सब बेकार दैव नै स्तुत्य हो
साँचो विजय दैवको मनको नै फत्य हो
तेरो मेरो लाभ हानि हैन महत्त्वको केही
मोक्ष प्राप्तिको मार्ग राम नाम सत्य हो ।

(२)
युद्धका काला बादल यता नआउन
पुग्यो अब क्लेश मिटेर शान्ति छाउन
अराजकता चाहनेहरू दण्डित भएर
जनताले चैनको निद्रा सुत्न पाउन ।

(३)
युद्ध कदापि ठिक होइन जहिल्यै विनाश गराउँछ
बालकहरू टुहुरा हुन्छन् र शिरबाट छत हराउँछ
रक्त पिपासुहरू हो दैवले हेर्दैछन् हुनु है सावधान
अन्यथा साउँसमेत ब्याज जरिबाना पूरै भराउँछ ।

(४)
उज्यालोले बाटो नकुरेर लमकलमक गरी बढ्ने गर्छ
बुद्धिमानले अँध्यारो चिर्न समयको भऱ्याङ चढ्ने गर्छ
घडी पलाको गतिसँगै जीवनमा उक्लन नजान्नेहरूले
अँध्यारोमा रहनुको दोष अरूको टाउकामा मढ्ने गर्छ ।

(५)
जता हेऱ्यो त्यतै अन्यौलग्रस्त हिजोजस्तो नहोस्
मान्छेको इच्छा उर्लंदो कोही खिजोजस्तो नहोस्
जताबाट नि आस गर्ने जनताहरूको हुन्छ बानी
सम्हालेर हिँड्न सक्नु अरूलाई भिँजो जस्तो नहोस् ।

*- काठमाडौं - ५ ।*

कविता

# बुबाका कुरा



✍अन्जु चालिसे (रूपान्जली)

म जन्मिँदा
शब्द थिएनन्
न ज्ञान, न देवता
न स्वर्गको कुनै चित्र,
न प्रार्थनाको कुनै आकार ।

आँगनमा किरण झर्थ्यो
घामले सुनौलो अक्षरझैँ
भित्तामा लेखिदिन्थ्यो,
त्यही उज्यालोभित्र
बुवा उभिनुहुन्थ्यो
एक मौन मन्त्रझैँ ।

घरको कुनामा
धूप बल्थ्यो,
धुवाँले आकाशतिर
अदृश्य देवतालाई खोज्थ्यो
बुबाको नजर भने
धर्तीमै अडिन्थ्यो,
जहाँ मानिसको अनुहारमा
प्रार्थनाहरू छापिएका हुन्थे ।

बुबा भन्नुहुन्थ्यो
लाख बत्ती बालेर
उज्यालो आकाशमा नफाल,
करूणा मनमा राख
त्यहीं देवता मुस्कुराउँछन् ।
त्यो वाक्य
मभित्र बिउझैँ रोपियो
समयसँगै
विचारको रूख बन्यो,
र प्रश्नहरूका चराहरू
आएर बास बस्न थाले ।

महसुस हुन्थ्यो
बुबाका शब्दहरू नदीजस्ता,
बग्थे चुपचाप,
र जहाँ पुग्थे
त्यहाँ जीवन हरियो हुन्थ्यो ।

बुबा ढुङ्गाअगाडि झुक्नुभएन,
तर
सोच आकाशभन्दा अग्लो थियो
जहाँ मानवताको सूर्य
अस्ताउँदैनथ्यो ।

म सोच्थेँ
देवता
धुवाँमा हराउने किरण हो?
कि त्यो हात
जसले अँध्यारो हटाएर
उज्यालो बाँड्छ ?

आज
म समयको किनारामा उभिएर
बुझ्दै छु–
हवनका आगाहरू
क्षणिक ज्वाला हुन्,
तर
मानवहितका कर्महरू
नक्षत्रझैँ
दीर्घ उज्यालो दिन्छन् ।

अब
म मन्दिरको ढोकामा होइन,
बुबाको विचारको छायामा
टाउको झुकाउँछु ।

किनकि मलाई थाहा भयो
देवता
मुकदर्शक पत्थरको होइन,
चेतना हो
जसले धुवाँलाई छोडेर
मानवतातिर फर्किन सिकाउँछ ।

*विजय-लक्ष्मी निवास, रमेश विकल प्रतिष्ठान मार्ग, आरूबारी*

कविता

# सम्पदाको सास, हाम्रो पहिचान



**✍यामबहादुर थापा मगर**

ढुङ्गाका स्तम्भहरू बोल्छन्,
समयको कथा, परिश्रमको प्रतिध्वनि,
काठका झ्यालहरूमा कोरिएका आकृतिहरू
अझै हाम्रा पुर्खाको सपना जप्छन्,
मन्दिरका घण्टाहरू केवल ध्वनि होइनन्,
तिनीहरू चेतनाको आह्वान हुन्,
हामीले सिर्जेको संसार सम्झ, यसलाई बचाऊँ ।

लुम्बिनीको शान्त हावा बुद्धको सन्देश
जस्तै सधैँ ताजा रहोस्,
भक्तपुरको इँटा, पाटनको काठ र
काठमाडौँको गजुरले
पुर्खाको पसिना बोकिरहेका छन् ।
तर समयको धुलोले ढाक्दै छ ती स्मृतिहरू
हाम्रो जिम्मेवारी हो,
तिनलाई पुनः शुद्ध बनाउने ।

सम्पदा केवल पत्थर र इँटा होइन,
यो हाम्रा मुटुको धड्कन हो
हाम्रो पहिचानको स्वर,
यदि हामीले बचायौँ भने,
भविष्यले हामीलाई सम्झने छ
यी हुन् ती सन्तानहरू
जसले अतीतलाई भविष्यसम्म बोके ।

आउनुहोस्, हामी सबै मिलेर शपथ खाऔँ ।
न त इतिहास हराओस्, न त सौन्दर्य
ओझेल परोस्,
सम्पदा जोगाऔँ, संस्कृति जोगाऔँ,
किनभने जबसम्म यी जीवित छन्,
हामी पनि अमर रहन्छौँ...
आफ्नै माटाको गन्धमा ।

*बागलुङ १०, भकुण्डे, धौलेचउर, बागलुङ ।*

# गीत



**✍अच्युतप्रसाद पुडासैनी**

यो देश हाम्रो बिछट्टै राम्रो सुन्दर छ हिमाल
हिमाली भेगमा बासना छर्दै गर्दै छ कमाल
सुकेको झर्ना लुकेको पानी रसाउन थालेछ
सारङ्गी धुनको सङ्गीत फेरि गुन्जन लागेछ

जहाँ जाऊँ आहाको ध्वनि गुराँसझैँ चम्केको
खुसीले गद्गद् प्रफुल्ल मन मुसुक्क हाँसेको
पत्याउनै गाह्रो कर्मको खेल कसैले जान्दैनन्
ढुङ्गाको बिचमा रसाई टुसा फैलाई बसेछन्

हावा र हुरी मडारिरन्छ खम्बालाई छुँदैन
बलियो जग हालेको खम्बा हल्लाई हल्लिन्न
मग मग सबै बासना चल्यो गुराँस फुलेर
मनको दियो चम्किलो भयो उज्यालो देखेर

परेवा ताँती मयूरले नाच्ने आँगनै फेरेको
बगैँचामा उम्रेको झारपात सफाइ गरेको
कुवाको पानी सङ्लो भएछ पिउन पाइयो
सुकेको घाँटी कल कल भयो तिर्खा नै मेटियो

*- बौद्ध, काठमाडौँ ।*

# मनभन्दा



✍ गङ्गा लिगल

नजिकको नाता
यो विशाल भूमण्डलमा हुन्छन्
नाता पाता
अनेकथरिका
सृष्टि देखिकै यो सम्बन्ध
मानव समाजमा नगण्य छन्
यो वास्तविकता हो
र, यो परम्परागत
चक्र पनि हो ।

यो नाता
जसलाई म
मेरो मनभन्दा
नजिकको भन्ने गर्छु
त्यो मेरो जीवनको
प्रथम चरण
बाल्यकालदेखिको
अत्यन्त हृदयस्पर्शी साथी हो
जो बिना म आफूलाई
एक्लो बिरानो र
बिरसिलो अनि
निस्सार ठान्दछु ।

त्यो मेरो हृदयको
स्पन्दन हो
जुन मेरो
श्वासप्रश्वाससँग जोडिएको छ
म हिँड्दा सँगै हिँड्छ
मेरो बोल्नासाथ साथ दिन्छ
अनि मेरो
प्रत्येक सुख र दुःखमा
मसँग
अलगिन खोज्दैन ।

म जुन बाटो
हिँड्छु
ऊ मसँगै हिँड्न चाहन्छ
आकाशले तारालाई
सँगै बोकेर हिँडेझैँ
ऊ मेरो पाइलामा
पाइला मिलाई हिँडछ ।

परिश्रमको कायामा त
झन्
काँधमा काँध मिलाएर हिँड्छ
अरू जोरिपारि
मसँग रिसाए पनि
खुसाए पनि
ऊ मसँग
अलगिन चाहन्न ।

बरू मेरो मनभन्दा
नजिक बस्न खोज्छ
यो मेरो जीवनको अभिन्न अङ्ग
अनि
अनन्तसम्मको
अति प्रिय वस्तु
मेरो कविता
मेरो कविता
अनि मेरो कविता ।

कृति समीक्षा

# यात्राको लयमा पोखिएका नियात्रा संस्करणको मर्म



✍शशीश्री आचार्य

यात्राको लयमा पोखिएका नियात्रा सकसपूर्ण यात्राको सुखद उत्कर्ष देखि यात्राको लहरीमा लहरिँदै मकवानपुर गढीसम्मको एक फन्को मार्दा;

यस नियात्रा सङ्ग्रहका लेखक/नियात्राकार प्रदीप सापकोटा हुन् । सापकोटाको यात्राको लय पढ्दै जाँदा पाठकको मनमा यौटा चलचित्र जस्तो दृश्य खुल्छ । यो कुनै साधारण यात्राको कथा होइन, यो यौटा समयको साक्षी बनेको मन र मुटुको यात्रा हो; जहाँ सडकको धूलोभित्र युद्धको छायाँ र मानवीयता दुवै घुलमिल छन् ।

यात्रा भनेको केवल एक स्थानदेखि अर्को स्थान पुग्नु मात्र होइन, यो त आफ्नै भित्री आवाज सुन्ने, इतिहाससँग हात मिलाउने, प्रकृतिसँग आँखा जुधाउने अनि समाजको मनोदशा नियाल्ने एउटा जीवन-कथा हो ।

यस नियात्रा सङ्ग्रहमा लेखकले १७ ओटा यात्रालाई शब्दका बुट्टामा पिरोएर एक गहिरो काव्यात्मक माला बनाएका छन् । यी यात्राहरूमा कति ठाउँहरूका पग्लिएका हिउँ जस्तै स्मृतिहरू छन्, कति ठाउँमा धुलोले ढाकेको इतिहासको गन्ध छ, कतै ताजगीको हावा छ, कतै आँखा रसाउने सामाजिक यथार्थको चित्रण ।

**सकसपूर्ण यात्राको सुखद उत्कर्ष : सङ्घर्षको उज्यालो**

पहिलो यात्रा, जुन सकसले सुरु हुन्छ र उत्कर्षमा पुग्छ । उकालो बाटो, दम्का घाम, थकित श्वास, तर अन्त्यमा गन्तव्यले दिएको मिठो सन्तोष ।

➢ "सकसको पसिनामा फुलिएको खुसी, त्यही हो यात्राको असली अर्थ ।"

सकारात्मक पाटो : जीवनको सङ्घर्षलाई सहर्ष अँगाल्ने भाव ।

नकारात्मक पाटो : कतैकतै लामा वर्णनले गति ढिलो बनाएको अनुभव हुन्छ ।

लेखकको वर्णनको शैली अत्यन्त सजीव छ ।

सुरुवाती दृश्यमा देखिएको सशस्त्र गस्ती, चेकपोस्टको कठोरता र यात्रुको निर्दोष आत्मासँग भएको अपमान नियात्राको भावात्मक केन्द्र हो ।

➢ लेखकले यहाँ अनुप्रासको सौन्दर्यभन्दा पनि भावको निखारलाई महत्त्व दिएका छन्; प्रत्येक घटना स्वाभाविक, असजिलो र सत्य उभिएको छ ।

यात्रा अघि बढ्दै जाँदा नियात्राले भावको गहिरो तलतिर पखेटा फैलाउँछ । युद्धको करकरीबिच पनि मानिसको मानवीयता अझै बाँकी रहेको झल्को अफिसरको व्यवहारबाट पाइन्छ ।

यात्रामा लेखकले प्रकृतिका बिम्बहरू पनि कुशलतापूर्वक पिरोलेका छन्;

"समथर फाँट हरियाली बुट्यान महेन्द्र राजमार्गको दायाँबायाँ आँखा बिछ्याउँदै छु म..."

यसले नियात्रामा दृश्य चित्रणको अलङ्कार थपेको छ । बाटोको हरियाली, चिसापानीको पुल, शुक्लफाँटको वन्यजन्तु आरक्ष– यी सबैले यात्रालाई केवल गन्तव्य सम्मको नाप मात्र होइन, आँखाको उत्सव बनाउँछन् ।

'टनकपुरमा दुखेको मन' नियात्रामा बग्ने पीडा र राष्ट्र चेतना;

प्रदीप सापकोटाको यात्राको लय भित्रको "टनकपुरमा दुखेको मन" नियात्रा केवल एउटा भ्रमणको नोट मात्र होइन, यो एउटा समय, भूगोल र राष्ट्रको आत्माको दर्शन ।

**भावको गहिराइ र साहित्यिक बिम्बहरू**

नियात्रा आरम्भमै लेखकले महेन्द्रनगरको ऐतिहासिकता र रेडक्रसको जमघटलाई स्मरण गर्दै यात्राको पृष्ठभूमि तयार पारेका छन् ।

"म युद्ध जितेको सिपाही जस्तो थिए" जस्ता पङ्क्तिहरूले उनी भित्रको हर्ष, रहर र उन्मादलाई अत्यन्त काव्यात्मक ढङ्गले उतारेका छन् ।

यात्रा अघि बढ्दै जाँदा भीमदत्त पन्तको सालिकको दर्शनमा आएको श्रद्धा र विगतको स्मृतिले इतिहास र वर्तमानको सेतु बाँधिदिन्छ ।

➢ "किसानका अगुवा, अन्याय र भेदभाव पटक्कै नसहने पन्त... उनको उच्च योगदानप्रति नतमस्तक बन्दै ..."

यस्ता वाक्यहरूमा राष्ट्र भक्तिको उज्यालो भाव प्रकट हुन्छ ।

तर टनकपुरको बाँधमा पुगेपछि त्यो उज्यालो भाव तुरुन्तै बादलले ढाकेको आकाशमा बदलिन्छ ।

"मेरो राष्ट्रवादी जोश आक्रोशमा बदलियो, पीडाले मनभत्तो ..."

यही क्षणबाट नियात्राको लय उग्र, व्यथित र घनीभूत हुन्छ । लेखकले बाँधको दृश्यलाई क्यामेराको फ्रेम जस्तो वर्णन गरेका छन् ।

**अलङ्कार र सिँगारको प्रयोग**

लेखकले वर्णनमा रूपक र प्रतीकको कसीको प्रयोग गरेका छन्ः

"टनकपुरको पानी जस्तो चिसियो मेरो मनको चहलपहल" रूपकको सजीव प्रयोग, जसले भावलाई प्रत्यक्ष स्पर्शनीय बनाउँछ।

"निद्रादेवीको चरण कमलमा पुग्छौं" मा मानवीय क्रियालाई दिव्य रूपमा सजाउने अलङ्कार ।

"राष्ट्रमाथि मडारिएको कालो बादल" मा असन्तोष र निराशाको प्रतीकात्मक बिम्ब ।

यस्ता पङ्क्तिहरूले नियात्रा एक साधारण प्रतिवेदन भन्दा बढी काव्यात्मक गद्यमा परिणत भएको छ ।

**राष्ट्र चेतना र पीडाको सङ्गम**

टनकपुरको बाँधले निम्त्याएको नेपाली भूभागको डुबान, भारतीय सुरक्षाकर्मीको दुर्व्यवहार, र राजनीतिक नेतृत्वको दुर्बलता; यी सबैले लेखकको मनमा विद्रोहका छालहरू उठाउँछन् ।

➢ "राष्ट्रमाथिको नग्न बलात्कार र प्रतिक्रियाविहीन भएर हेर्नुबाहेक के गर्न सक्थे र ?"

यस्तो भावोक्तिले नियात्रालाई सिर्फ भोगाइ नभई राष्ट्र चेतनाको दस्तावेज बनाउँछ ।

लेखकको दृष्टि केवल बाँधको भौतिक संरचनामा सीमित छैन ।

“टनकपुरमा दुखेको मन” पढ्दा पाठकको आँखा अगाडि एउटा महाकाव्यिक दृश्य खुल्छ;

कञ्चनपुरको धूलो, भीमदत्तको सालिकको छाया, महाकालीको पानीमा बगिरहेको पीडा, बाँधको छेउमा उभिएको असहाय नेपाली यात्रु; यी सबैले नियात्रालाई भाव प्रधान चित्र पुस्तक बनाएका छन् ।

यसैले, “टनकपुरमा दुखेको मन” केवल व्यक्तिगत यात्रा होइन । यो राष्ट्रको घाउको गाथा हो, जसलाई प्रदीप सापकोटाको काव्यात्मक गद्यले अमर बनाइदिएको छ ।

“गाजाको दह र पिँढीको बास”मा द्वन्द्वकालको नियात्रामा भेटिएको प्रकृति, पीडा र मानवता

यो नियात्रा पढ्दा पाठक केवल एक यात्रु हुँदैन । उहाँसँगै गाजाको दह पुग्छ, पिँढीमा सुत्छ, चिसो जङ्गल पार गर्छ र त्यही वातावरणको भय, सौन्दर्य र समयको घाउ अनुभव गर्छ ।

गाजाको दह र आत्म शान्ति;

अन्ततः पुगिन्छ गाजाको दह।

यहाँ लेखकको थकान हराउँछ, आँखामा चमक आउँछ। धवलागिरी–माछापुच्छ्रे शृङ्खलाहरूको दर्शन, पोखरीको अद्भुत शुद्धता, बुढाबाको लोककथा, अनि अचानक भेटिएका जनगायक जीवन शर्मा; यी सबले नियात्रामा एउटा सांस्कृतिक र मानवतापूर्ण मोड ल्याउँछन् ।

➢ “जनताको पीडा गीतको माध्यमबाट ओकल छन् …

गीतको लयमा बाटो हराए जस्तो बनाएको यो प्रसङ्ग नियात्राको सबैभन्दा उज्यालो बिन्दु हो ।

**पिँढीको बास र गहिरो अनुभूति**

रात पर्नु, जङ्गलको नजिकको गाउँमा पुगेपछि भेटिएको मानवीय हार्दिकता–

गोठालोको घर, आगोको न्यानो, उवा–घिउको स्वाद, अनि पिँढीमा सुत्दा आएको अर्ध–त्रास, अर्ध–शान्ति ।

आकाशको गर्जन सहितको त्यो भयावह दृश्य ।”

त्यो रातको अनुभवमा

पिँढीमा राखिएको ओछ्यानमा निद्रा आउन नसक्नु, द्वन्द्वकालको भयमा निदाएका गाउँको करुण शान्ति नियात्राको अन्तिम गहिरो चित्र हो ।

**साहित्यिक मूल्य र प्रभावः**

भावना र तथ्यको मिश्रणः यथार्थ र अनुभूति दुवै सन्तुलित छन् ।

“गाजाको दह र पिँढीको बास” केवल एउटा यात्राको लेखाजोखा होइन ।

यो भनेको– द्वन्द्वले आहत बनाएको राष्ट्रको एउटा टुक्रा, प्रकृतिको अमिट सौन्दर्य र लोकजीवनको सरल हार्दिकता, अनि एउटा संवेदनशील मनको भोगाइको दस्तावेज ।

लेखकले जस्तै हामी पनि अन्त्यमा त्यही अनुभूति लिएर फर्कन्छौँ–

➢ थकित शरीर भए पनि मनमा एउटा गहिरो छाप,

➢ एकैचोटि दुःख, गर्व, आक्रोश र स्नेहको रसले भिजेको छाती ।

यो नियात्रा नेपाली साहित्यमा एउटा मार्मिक-सुन्दर योगदान हो, जसले द्वन्द्वको समयका बाँचिएका इतिहास र मानवीय आत्माको उज्यालो पाटो दुवैलाई एकैसाथ कोरिदिन्छ ।

"पहिलो गल्कोट यात्राको बगपत्र" यात्रामा इतिहासको गन्ध, प्रकृतिको मोहकता र मानवीय आत्मीयता ।

यो बगपत्र पढ्दा लाग्छ—लेखक आफैँसँगै यात्रु भएर गल्कोटतिर हिँडिरहेका छौँ । यात्रीको आँखाबाट देखिएको प्राकृतिक छटासँगै इतिहासको गाथा, मानवको सादगी, अनि गाउँले आतिथ्यको स्वाद सबै मिसिएको छ ।

२०६० साल भदौको अन्त्यतिर सङ्कटकालको समय । यस्तो कठिन परिवेशमा पनि लेखक आफ्नो सेवा यात्रा पूरा गर्न निस्कन्छन् । बाग्लुङ सदरमुकामबाट गल्कोट नरेठासी जाने बाटो केवल भौगोलिक दूरी मात्र होइन; यो भनेको ऐतिहासिक र सांस्कृतिक यात्रा हो ।

➢ "पहिलो राजा आनन्द बम मल्लको समय विक्रम संवत १६३० ... गल्कोटे मल्ल राजाको दरबार यसको प्रमाण हो ।"

यस्ता जानकारीले बग पत्रलाई इतिहाससँग गाँसिएको यात्रा वृत्तान्त बनाएको छ ।

**दृश्य र बिम्बको वैभव**

लेखकले बाटाको दृश्यलाई क्यामेरामा कैद गरेझैँ शब्दमा कोरेका छन् ।

"धौलागिरी हिमाल मुस्कान छरिरहेको ।"

"घोडा घन्टी बजाउँदै उक्लँदै छन्, बाटामा खच्चरको गन्ध मिसिएको छ ।"

"नरे ठाँटी बजारका ढुङ्गा छापेको बाटो र मुस्लिमहरूको चुरा-धागाका पसल ।"

यी बिम्बहरूले यात्राको थकान बिर्साउँछन् र पाठकलाई त्यहींको वातावरणमा पुऱ्याउँछन् ।

यात्रामा भेटिएका मान्छे— टीकाजीको आत्मीयता, बाटोमा भेटिएका होटलवालाहरू, रेडक्रसका स्थानीय प्रतिनिधिहरू, स्कुलका शिक्षकहरू; यी सबैसँगको संवादले यात्रामा मानवीय "केयर सिंह दाजुका अनुसार ती दाजुभाइको आत्मीयता र आतिथ्य सत्कार सम्हालिन सकिनँ ।"

यही आत्मीयता बग पत्रको मेरूदण्ड जस्तै छ।

यथार्थ र अनुभूतिको समिश्रणः यात्रीको आँखाबाट देखिएको दृश्य, सुनेको इतिहास, अनुभूत गरेको थकान र खुसी सबै मिसिएको छ।

काव्यात्मक भाषाः सामान्य यात्रा पनि कविता जस्तो अनुभवमा परिणत हुन्छ— "प्रकृतिले आफ्नो घुम्टो उगारिन्।"

सांस्कृतिक गहिराइः गल्कोटको इतिहास, जनजीवन, मन्दिर, विद्यालयको अवस्था— सबैले बग पत्रलाई स्थानीय अध्ययनको दस्तावेज बनाउँछ ।

**यात्राको अन्तिम भावः**

दिउँसोको थकान, साँझको चिया, रातको आतिथ्य अनि गल्कोटको न्यानोपन...

➢ "मायाको थालमा स्नाई हातहरूले पस्केको मिष्ठान्न भोजनको तृप्तिसँग थकाइ मेटाएर आनन्दको ओछ्यानमा मिठा सपना देख्दै कतिबेला निदाएछु म ।"

यो पङ्क्तिमा बग पत्रको सम्पूर्ण यात्रा सँगालिएको छ– थकानपछि पाएको आत्मीयताको सुख ।

"पहिलो गल्कोट यात्राको बग पत्र" केवल एक अफिसियल यात्रा होइन,

- इतिहाससँग जोडिएको सांस्कृतिक दस्तावेज हो,
- प्रकृतिसँग संवाद गरेको कवितामय यात्रा हो,
- र मानवीय माया र सादगीको गाथा हो।

"आँखाको दूरबिनबाट मधेसने नियाल्दा"- पहाडको आँखाबाट मधेसको मलिन मुहार;

यो यात्रा–वृत्तान्तमा लेखकको दृष्टि केवल यात्राको विवरणमा सीमित छैन । उनले सडकका घुम्ती, नदीका धार, पहाडका चोटाहरू मात्र हैन, मधेसका बस्तीहरूमा देखिएका आँसु र श्वास पनि टिपेर ल्याएका छन् । यसकारण यो लेख केवल यात्राको दस्तावेज होइन, मधेसको सामाजिक यथार्थको आत्म दर्शन हो ।

**यात्राको आरम्भ र भौगोलिक सन्दर्भ**

पोखरादेखि काठमाडौँको थकानपछि अचानक आएको फोनले लेखकलाई बाढीपीडितका लागि महोत्तरी पठाउँछ। बानेश्वर, कोटेश्वर, बनेपा हुँदै बीपी राजमार्गको सुन्दरता, रोशीको बहाव, सिन्धुलीगढीको इतिहास–यी सबैले बाटोमा भौगोलिक र ऐतिहासिक आयामको रमणीयता थप्छन् ।

➢ "रोशी खोलाको तिरैतिर लमतन्न परेको बाटो, खोला रोसी पनि एकनास सुसाउँदै आफ्नो गन्तव्यतिर यात्रा गरिरहेको छ ।"

यात्रा वर्णनमा यस्तो काव्यात्मकता छ कि पाठकले आँखा बन्द गरेर पनि दृश्यको आभास पाउँछ ।

**सौन्दर्य र पीडाको दोहोरो तान**

पहाडको सौन्दर्यले लेखकलाई मोहित पार्छ–

➢ "आहा कस्तो पहराको निरजन स्थानबाट झरेको मनोरम झरना सबैको मन त्यतातिर मोडियो।"

तर यो सौन्दर्यको बिचमा उनले मान्छेको पीडा नियाले–

➢ "गरिबीको चपेटामा परेको आम मान्छेको जिन्दगी जस्ता तर्पण विचलित छैनन् ।"

यसरी बग पत्रमा रूप सौन्दर्य र कुरूप यथार्थको घुम्तीहरू एकसाथ खुल्छन् ।

**मधेसको बस्तीमा प्रवेश - मानवीय वेदनाको झट्का**

रामगोपालपुरका मुसहर र चमार बस्तीमा पुगेर उनले पाएका दृश्यहरू झनक्कै हृदयस्पर्शी छन् ।

बाढीले बगाएका घर,

ज्याला बुनी जीविकोपार्जन गर्ने तर नागरिकता नपाएका परिवार,

नाङ्गा बालबालिका पोखरीमा पौडिरहे, भैँसी माथि सवार,
फोहोरमै ठिङ उभिएको बाल्यकालको भविष्य ।

- "मेरा परेला चिसिएका थिए, शब्दमा वर्णन गर्न नसकिने त्यहाँको परिवेश देखेँ ।"

"के बालबालिका के युवा युवती के वृद्धवृद्धा–लुगा पनि थिएन मुसहर बस्तीमा ५० जति घरधुरी रहेछन् ।"

यी शब्दहरूले पाठकलाई बस्तीभित्र पुऱ्याउँछन्, जहाँ जीवनको गन्ध घाम, धुलो र आँसुमा मिसिएको हुन्छ ।

**सामाजिक-राजनीतिक प्रश्न**

लेखक केवल दृश्य वर्णनमा थुनिएका छैनन् । उनी आफ्नै मनसँग संवाद गर्छन्, प्रश्न गर्छन् –

किन नागरिकताको महत्त्व उनीहरूलाई राज्यले बताउन सकेन ?
किन स्थानीय राजनीतिक दलहरूले उनीहरूको जीवनमा सुधार ल्याउन सकेनन् ?
किन विकासका वाचा केवल भाषणमै सीमित छन् ?

- "नेता पुज्नु र ढुङ्गा पुज्नुमा फरक के ?"

यो प्रश्नले बगपत्रलाई साधारण यात्रा लेखभन्दा सामाजिक चेतनाको दस्तावेज बनाएको छ ।

**लेखनको शैली र प्रभाव**

भाषाः संवादात्मक, भावुक, कतैकतै काव्यात्मक।
शैलीः यात्रा वर्णन + सामाजिक निबन्धको मिश्रण।

विशेषताः

- यात्रामा देखिएको प्राकृतिक रमणीयता र सामाजिक कुरूपतालाई समान वजनमा उतारिएको छ।
- मानवीय संवेदना लेखको मुटु हो–"मेरा परेला चिसिएका थिए" जस्ता वाक्यहरूले लेखकको मनोदशा प्रत्यक्ष देखाउँछन् ।
- बगपत्रमा आँखा मात्र होइन, मनको दुरबिन पनि प्रयोग भएको छ ।
  "आँखाको दूरबिनबाट मधेसने नियाल्दा"
  - एक यात्राको बहाना बनेको छ,
  - मधेसको साँचो अनुहार देखाउने दर्पण बनेको छ,
  - जहाँ गरिबी,

"दार्जिलिङ हुँदै मिरिकसम्म" - यात्रामा देखिएको सौन्दर्य र सवालको संगम;

यो यात्रा-वर्णन पढ्दा लाग्छ–लेखकले आँखामा जुनको उज्यालो लिएर यात्रा सुरू गरेका छन् र बाटोमा भेटिएका सौन्दर्य र सवालहरू मनको डायरीमा टिप्दै गएका छन्। यहाँ केवल दृश्यको वर्णन छैन, इतिहास, संस्कार, भाषा, कला, राजनीति र भावनाहरूको मिश्रण छ।

**यात्राको मनोभूमिका - जूनसँगको संवाद**

लेखकको सुरुवात नै काव्यात्मक छ–

➢ "आकाशमा चम्कने जूनले रून्चे मुख लाएको मैले आजसम्म देखेको थिइनँ । यात्रामा म पनि जूनजस्तै हुन्छु ।"

यात्रा लेखकको लागि केवल भौतिक सरकस होइन, आत्माको सफर हो । उनी जूनसँग मित लाउने मनस्थितिमा छन् । यसैले लेख भर भावना र सौन्दर्यको संवेदनशील दृष्टि छ ।

**दार्जिलिङ – इतिहास, संस्कृति र सौन्दर्यको गहिरो नियालो**

दार्जिलिङको वर्णनमा लेखकले केवल पर्यटकको आँखाले मात्र होइन, इतिहासविद् र साहित्यप्रेमीको आँखाले पनि हेरेका छन् ।

"झन्डै ६,९८० फिटको उचाइमा युनेस्कोको सम्पदामा सूचीकृत रेलवे ।"

"कन्चनजङ्घाको छहारीमा बसेको सहर, ब्रिटिसकालीन भव्य भवनहरू ।"

"भानुभक्त आचार्यको सालिक अगाडि फोटो खिच्दा नेपाली भाषाको योगदान सम्झेर गर्व ।"

त्यसमा स्थानीय व्यक्ति मोहन प्रधानसँगको संवादले सांस्कृतिक विविधता र जनसंख्या संरचनाबारे यथार्थ थपेको छ–नेपाली भाषी बहुल, बङ्गाली, रङ्गपुरी, नागपुरी, भोजपुरी आदि मिलेर बनेको बहुभाषिक समाज।

**साहित्य र सिर्जनाको गर्व**

दार्जिलिङमा हिँड्दा लेखकले इन्द्रबहादुर राई, पारिजात, हरिभक्त कटुवाल, अम्बर गुरूङ जस्ता स्रष्टाहरूको योगदान सम्झेर गर्व गरेका छन्।

**सौन्दर्यका बीचका उदासी – अव्यवस्था र फोहोरको चोट**

दार्जिलिङलाई केवल "पहाडको रानी" भनिए पनि लेखकले एउटा यथार्थ नियालेका छन्–

➢ "सुन्दर दार्जिलिङ सुने जस्तो होइन, अलि फरक पाए–फोहोर, अव्यवस्थित बस्ती र गल्ली पनि छन् ।"

यात्राको रमाइलो पनका बीचमा यस्ता वाक्यहरूले पाठकलाई अवास्तविक रोम्यान्टिसिजमबाट बचाउँछ ।

**मिरिक – सफा सौन्दर्य र मनको तुलना**

मिरिकमा पुग्दा लेखकले फेरि सौन्दर्यको एउटा फरक रूप भेट्छन्–

चाक्लो चिया बगानहरू,

कुहिरोको बेहुली जस्तो बस्ती,

झिल, डुङ्गा बिहार, बौद्ध गुम्बा,

सफा सडक, प्लास्टिक झोलामा प्रतिबन्ध ।

यही बेला उनी आफ्नै देशको व्यवस्थालाई सम्झेर उदास हुन्छन् ।

➢ "हाम्रो पोखरा स्थित फेवाताल बेगनास तालको फोहोर र अस्तव्यस्तलाई तुलना गरे... अनि हाम्रो देशको अव्यवस्था सम्झेर दिक्क माने।"

**लेखनको प्रभाव**

- शैलीः यात्रा वर्णन, स्मृति लेखन र सामाजिक टिप्पणीको मिश्रण।

- भाषाः भावनात्मक, संवादात्मक, कतै कतै काव्यात्मक।
- सन्देशः यात्राले केवल दृश्य होइन, देश र समाजको अवस्था नियाल्ने आँखा दिन्छ।

**विशेषताः**

इतिहास-सांस्कृतिक सन्दर्भको समावेश,

साहित्यिक व्यक्तित्व प्रति सम्मान,

सौन्दर्यको वर्णन र यथार्थको आलोचनाको सन्तुलन।

"दार्जिलिङ हुँदै मिरिकसम्म" केवल एउटा रमाइलो यात्राको डायरी होइन ।

- यो देशको यथार्थ नियाल्ने भावुक मनको लेखा-जोखा हो।

यसलाई अझ निखार्न सुझावः

कतै पुनरावृत्ति भएका वाक्य हटाएर लेख अझै प्रवाहशील बनाउन सकिन्छ ।

जहाँ लेखकको कलमले दुःखको धुलो भित्र आशाको फूल फुलाएको छ ।

"सुकुटेको साहित्यिक पल" - यात्राको रमाइलो र साहित्यको सङ्गम

यो यात्रा-वर्णनले हामीलाई केवल एउटा पिकनिकको रमाइलोमा मात्र लैजान्न । यसले हामीलाई साहित्यिक मनहरूको धड्कनमा यात्रा गराउँछ ।

**बाटोको यथार्थ - रमाइलो र धुलो दुवै**

धुलिखेल, पाँचखाल, दोलालघाट हुँदै सिन्धुपाल्चोक जाने बाटोको वर्णन गर्दा लेखकले रमाइलो मात्र होइन,

➢ "ओरपका वरपरका दृश्यले कुनै खुसी दिएन... नदी धमिलो छ सायद नदीको दोहनको कारणले होला ।"

यात्राको उज्यालो र छाया दुवै पक्ष यसरी देखिनु लेखको विश्वसनीयता र गहिराइ हो ।

**सुकुटेको आगमन - उन्मुक्तताको माहोल**

सुकुटे पुगेपछि यात्राको मुड बदलिन्छ ।

रिसोर्टको साधारण तर रमणीय वातावरण;

कलकल बग्ने भोटेकोशी,

युवाहरूको नाचगान,

पिङ, टेबल टेनिस, स्विमिङ पुल—

यी सबैले उत्सवको रङ थप्छन् ।

लेखकले यसलाई केवल दृश्यको रूपमा होइन, मनको हलचलको रूपमा टिपेका छन् ।

➢ "सर्जक मन हो । राम्रैसँग केलाउँछन् बिस्कुन सायद... हल्का सोमरस आफैँ आफैँ प्रबन्ध गरेपछि झन् रमाइलो हुने नै भयो नि ।"

**साहित्यिक भेटघाटको आत्मा**

अर्को दिन बिहान साहित्यिक कार्यक्रम सुरू हुन्छ ।

कवि, कथाकार, समीक्षकहरूको साझा वाचन,

विशिष्ट जीवन सदस्यताको प्रमाणपत्र वितरण,

लेखकले पनि आफ्नै कविता 'मायाको अनुपस्थितिको पीडा' वाचन गर्नु—

यी सबैले यात्रालाई सिर्जनात्मक गहिराइ दिएका छन्।

- ➢ "वाचन भएका सिर्जनाहरू विषयगत विविधतायुक्त चटनी थिए तिनमा कृष्टता र बोजिला झर्को लाग्दा थिएनन्।"

**यात्राको भावनात्मक प्रतिफल**

लेखकले यात्राको मर्म गहिरोसँग अनुभूत गरेका छन्–
यात्राले मनमा रचनात्मकता जगाउँछ,
नयाँ चिनजान र प्रेरणा दिन्छ,
थकानको साटो ऊर्जा र स्मृतिको कोष थप्छ ।

- ➢ "यात्राले रचनात्मक क्रियाशीलमा बढुवा दिन्छ, प्रेरणा र ऊर्जा दिन्छ–यो मेरो मनको भोगाई हो।"

**लेखनको शैली र विश्लेषण**

- शैलीः आत्मकथ्यात्मक यात्रा वर्णन।
- भाषाः सरस, संवादात्मक, भावनात्मक।

**विशेषताः**

बाटोको दृश्य-अवस्था,
सहयात्रीसँगको चिनजान,
साहित्यिक माहोलको जीवन्त चित्रण ।

लेखकले प्रत्येक दृश्य र क्षणलाई काव्यात्मक भावनामा मिसाएर लेखेका छन् । कुनै ठाउँमा वाक्य लामा भए पनि यसले यात्राको प्रवाह दिन्छ ।

**सुधारका लागि सुझाव**

वाक्यहरू कहिलेकाहीं धेरै लामो र जटिल छन्– छोटो अनुच्छेद र स्पष्ट संरचना राखे लेख झन् प्रभावकारी हुने थियो ।

केही प्रसङ्गहरू पुनरावृत्त छन्– तिनलाई संक्षेप गर्दा लेख अझै प्रवाहशील बन्छ ।

"सुकुटेको साहित्यिक पल" केवल एक पिकनिकको स्मरण होइन,

- साहित्यकारहरूको आत्मीयता,
- यात्राको रमाइलो,
- बाटोको यथार्थ र समाजको तिक्तता,
- रचनात्मकताको प्रेरणा–यी सबैको संगम हो।

लेखकको यात्रामा डुबेर हामी पनि महसुस गर्छौं–
"आहा हाम्रो धर्ती कति सुन्दर छ..."
अनि बोध हुन्छ–यात्राले मन र शब्द दुवैलाई नयाँ आयाम दिन सक्छ ।
यात्रामा लेखकले प्रकृतिका बिम्बहरू पनि कुशलतापूर्वक पिरोलेका छन् ।
समीक्षात्मक दृष्टिले नियात्रामा रूपक र प्रतीकको प्रयोग पनि उल्लेख्य छ ।

यात्रा केवल शारीरिक दूरीको मापन होइन– यो नियात्रा समयको आर्तनाद सुन्ने हृदयको प्रयत्न हो । काठमाडौंदेखि कञ्चनपुरसम्मको उबडखाबड बाटो, चेक पोस्टको

डर, युद्धको त्रास, मानवीय व्यवहारका उज्याला र अँधेरा दुवै पक्षहरू– यी सबैले नियात्रालाई समाजको प्रतिविम्ब बनाएका छन् ।

सारमा,

सापकोटाको लेखनीमा यात्राको सजीवता, युद्धकालको पीडा, मानवीयताको प्रकाश र प्रकृतिको हरियाली एकैसाथ लयमा गुन्जिएका छन् ।

यो नियात्रा पढेपछि पाठकको मनमा यथार्थको छड्के र सौन्दर्यको चिसो झल्को एकैचोटि झल्किन्छ ।

साहित्यको मूल्याङ्कनको दृष्टिबाट, भाव-बिम्ब-अलङ्कारको सन्तुलित प्रयोग, काव्यात्मक वाक्य विन्यास, र आत्मीयताको धारा यस नियात्रालाई नेपाली नियात्रा साहित्यमा स्मरणीय पङ्क्तिमा उभ्याउँछ ।

**टनकपुरमा दुखेको मन : सीमाको संवेदना**

सिमानाको धुलोमा उभिँदा लेखकको मन पीडित हुन्छ ।

बजारको कोलाहलभित्र पनि कुनै अदृश्य चिसो छ, जुन मातृभूमिको सम्झनासँग मिसिन्छ ।

➢ "सिमानाको पर्खालले मनको पर्खाल पनि खडा गरिदिएको जस्तो अनुभूति ।"

सकारात्मक : गहिरो आत्मस्वर र संवेदनशीलता ।

नकारात्मक : भावनामा डुबेर यथार्थको केही पक्ष हल्का छ ।

**पहिलो गल्कोट यात्राको बकस पत्र : स्मृतिको उज्यालो**

गल्कोटका बस्तिहरूमा बलकाकालको गन्ध मिसिएको छ ।

➢ "बकसको पुरानो चिठीले बाल्यकालको हात समात्यो ।"

सकारात्मक : आत्मीयता र स्मृति बिम्बको प्रयोग ।

नकारात्मक : स्मृतिमा रमाउँदा यात्राको मूल विषय केहीक्षण ओझेल पारेको छ।

मधेसका पराल, खेत, घाम–

➢ "परालमा सुतिरहेको सपना"–यही एक वाक्यले सम्पूर्ण चित्रण समेट्छ।

सकारात्मक : श्रमको कदर र यथार्थको स्वीकारोक्ति।

नकारात्मक : भावनात्मक प्रवाहले कहिलेकाहीँ विश्लेषणको स्पष्टता ढाकेको छ।

**नेपालको स्वीजरल्याण्डमा एक पाइला : हिमालको गौरव**

उकालोको हावा, उपत्यकाको रमणीयता–लेखकको शब्दमा काव्य घुलिएको छ।

➢ "नेपालका आँखामा अझै उज्यालो बाँकी छ ।"

सकारात्मक : देशप्रेम र प्रकृति प्रतिको श्रद्धा ।

नकारात्मक : कतैकतै वर्णन अत्यधिक सामान्य भएर मौलिकता कम भएको अनुभूति।

**दार्जिलिङ हुँदै मिरिक सम्म : इतिहासको कुहिरो र बगानको हरियाली**

दार्जिलिङको चिया बगान, मिरिकको झिल, भानुभक्तको सालिकमा रोकिएको दृष्टि–

लेखकले यहाँ सौन्दर्य मात्र होइन, अव्यवस्थाको चसक्क घोच्ने दृश्य पनि देखाएका छन् ।

- "साहित्यका देवताहरूका पाइला पछ्याउँदै हिँड्दा, मेरो आफ्नै पाइलाहरू इतिहासको पानामा अङ्किए।"

  सकारात्मक : सौन्दर्य र यथार्थको संगम।

  नकारात्मक : वर्णन केही ठाउँमा विस्तार बढी।

**सुकुटे साहित्यिक यात्रा : त्रिशुलीको छालसँग कविता**

त्रिशुली किनारका साहित्यिक उत्सवमा शब्दहरूलाई नदीमा बगाउने अनुभूति–

- "त्रिशुलीको छालमा मिसिएका हाम्रा पद्यहरू ।"

  सकारात्मक : प्रकृति र साहित्यको अद्‌भुत मेल।

  नकारात्मक : समयरेखाको क्रम कतैकतै अस्पष्ट।

- यात्राको लहरीमा लहरिँदै मकवानपुर गढी : इतिहासको हृदयमा उभिँदाको गर्व

  अन्तिम यात्रा–मकवानपुर गढी ।

सिर्जनशील नजरले हेर्दा, यो केवल एउटा गढी होइन, राष्ट्रको गर्वको शिला हो ।

सेनवंशी राजाहरूको इतिहास, पृथ्वीनारायण शाहको साहस, गढीको पर्खालले बोकेको वीरताको गाथा– सबैलाई शब्दको रङमा रङ्गाइदिएका छन् ।

- "पर्खालको प्रत्येक ढुङ्गाले मलाई भनेको जस्तो लाग्यो–हामी अझै जिउँदैछौं ।"

सकारात्मक : ऐतिहासिक गहिराइ, स्थानीय सौन्दर्य र भावनात्मक जोडको उत्कृष्ट संयोजन ।

नकारात्मक : बिम्बहरूको घनत्वले कहिलेकाहीं यात्राको सरल प्रवाहलाई जटिल बनाएको छ।

**समग्र नियात्रा सङ्ग्रहको मूल्याङ्कन**

भाषिक सौन्दर्य शब्दहरूमा बिम्बको सुवास, कविता जस्तो प्रवाह ।

सकारात्मकता प्रत्येक यात्रा प्रेम, गौरव र आत्मीय भावनाले ओतप्रोत ।

नकारात्मकता कतैकतै वर्णन अत्यधिक लामा,

अन्त्यमा; यति उत्कृष्ट र सशक्त नियात्रा सङ्ग्रहको लागि नियात्राकार प्रदीप सापकोटाज्यूलाई हार्दिक बधाई दिन चाहन्छु । साथै, आफ्नो राष्ट्रको पूर्ण जानकारीमूलक अभिलेखजस्तै यति सशक्त नियात्रा हरेक पाठक तथा अग्रज र अनुज नियात्राकारहरूलाई यो निवेदन गर्छु कि प्रदीप सापकोटाको यो यात्राको लय नामक नियात्रा सङ्ग्रह खोजी खोजी पढ्नुहोला भन्न चाहन्छु । किनकि यो सङ्ग्रह हाम्रो राष्टको यौटा छर्लङ्ग चलचित्र जस्तै भएर आएको छ । हामी आफैँले यात्रा गरेको भान हुन्छ । हरेक दृश्य हाम्रो अगाडि छर्लङ्ग उभिन्छ । हाम्रै उकाली, ओराली, हाम्रै गाउँघर, हाम्रै खोलानाला, पहाड पर्वत अनि हाम्रै प्रकृति कति आनन्दको अनुभूति हुन्छ यो नियात्रा पढन सके । यति भन्दै मेरा कलमलाई यहीं विश्राम दिन चाहन्छु । ■■

लघुकथा

# मनश्चक्षु



✍लोकनाथ पुडासैनी

"अघि नै पुग्नुपर्ने ! ढिला भइसक्यो । निस्कौं ।" झोला कँद्यौरी हाल्दै सुब्बिनीले उर्दी गरिन् ।

"पर्दाको जन्ती, मर्दाको मलामी ! ठिकै हो । तर ...,"

"के भनेकी तिमीले ? उहाँ त हाम्रो ...," पूर्णिकाको वाक्य पूरा नहुँदै सुब्बिनी जङ्गिइन् ।

"मरिने कुरा थाहा हुँदाहुँदै आँखा चिम्लेर मुख छोड्ने ! खान्कीलाई दोष ! आफ्नो कमजोरी देख्न पर्दैन ? त्यस्ता मान्छेलाई नलागेको रोग अरू कस्लाई लाग्छ त ?"

"मान्छेलाई आफूले गरेको सबै ठिक लाग्छ । के गर्ने ? जे भयो, भयो । त्यसो नभन !" सुब्बिनीले अनुनय गरिन् ।

"आफैँले निम्त्याएको व्यथा हो । हामीले हो र ?"

"भए पनि यस्तो हत्ते आइलाग्ला भन्ने के थाहा !"

"आ..., आफू त डुब्यो डुब्यो ! अरूलाई समेत भड्खारामा जाक्ने भएपछि ? मचाहिँ जाँदिन । कोको जान्छौ जाऊ !" पूर्णिका फड्कारिन् ।

"त्यसो भन्न पाउँन्नौ ! जानैपर्छ । हिँड ।"

पाखुरा समातेर सुब्बिनीले करबल गरे पनि इन्कार गर्दै पूर्णिकाले थपिन्–

"आफ्नै लोग्ने भए नि अबका जमानामा सतीचाहिँ गइँदैन दिदी !" ■■

*– पोखरा १५, तुलसीपथ, ठुली मजुवा*

## 'कल्पतरु उत्कृष्ट सिर्जना वर्ष पुरस्कार' कोषका योगदान कर्ताहरू

| | | | |
|---|---|---|---|
| १. योगेन्द्र तिमिल्सिना, काठमाडौँ | १०,०००/- | ९. देविका तिमिल्सिना | ५,०००/- |
| २. स्व. लक्ष्मणकृष्ण ताम्राकार, पुल्चोक | १०,०००/- | १०. सरला श्रेष्ठ, अमेरिका | ११,०००/- |
| ३. नानु राना थापा, काठमाडौँ | १२,०००/- | ११. मनिषकुमार शर्मा, भक्तपुर | १०,०००/- |
| ४. युवराज भण्डारी, बेलायत | १०,०००/- | १२. गोविन्दराज पौडेल, अर्घाखाँची | ७,०००/- |
| ५. मातृका घिमिरे, शंखमूल | ५,०००/- | १३. पवन आलोक, कालिकास्थान | ५,०००/- |
| ६. तारा प्रसाद चापागाई, युएई | ४,०००/- | १४. ईन्दिरा चापागाईं, भक्तपुर | ५,०००/- |
| ७. विमल अर्याल, जोरपाटी | ५,०००/- | १५. भोजराज रेग्मी 'मुखाले' | ५,०००/- |
| ८. विनोद नेपाल, काठमाडौँ | ५,०००/- | १६. सीता पाण्डेय, सीतापाइला | ५,०००/- |

कविता

# प्रिय आँसु



✍ **कृष्ण मीरा**

आँसुले कहिल्यै साथ छोडेन
प्रेमको अभिव्यक्ति नै आँसु रहेछ
हृदयको ढोका पनि आँसुले नै खुल्छ
आँसु त अन्तरआत्माको मौन रहेछ

गुनासोले भरिएका छैनन् मेरा आँसुहरू
यसमा समर्पणका धुनहरू प्रशस्तै छन्
त्यसैले आँसुहरू आजकल नजिक र प्रिय
लाग्छन् मलाई
यी आँसुहरूप्रति मेरो अहोभाव छ
पहिले पहिले रोएजस्तो लाग्थ्यो
आजकल त पखालिएजस्तो लाग्छ
आँसु र चित्तको गहिरो सम्बन्ध रहेछ
आँसु बग्छ चित्त निर्भर हुन्छ

आँसु नै साधना बन्न थाल्यो
किनकि यो प्रेमपथ हो
प्रेमको के साधना हुन्छ र
यो त भाव को पथ हो

आँसु शुद्ध छ
आँसु पवित्र हुन्छ

# गजल



✍ **लक्ष्मी स्मृति**

दिल मागियो, धड्कन मागियो,के हुने हो ?
लगेर फेरि अचानामा राखियो, के हुने हो ?

माया भन्दै उचाल्ने, पछार्ने चलिरह्यो कति,
ढुक्क भै खेल रमाइलो मानियो, के हुने हो ?

तैंले हार्छस् भन्छ समय नै औकात नभएर,
लगनमा उम्लेर परीक्षा थालियो, के हुने हो ?

बुढेसकालको साहारा भन्नुहुन्छ बुबाआमा,
आफू उभिएकै यो धर्ती भासियो, के हुने हो ?

एउटा सुन्दर फूल फुलोस् चाहें यो 'स्मृति'मा,
उता काँडैकाँडा मात्र जाकियो, के हुने हो ?

*- विराटनगर -५*

कविता

# बेलुन



**मिलन समीर**

हामी
आफ्नै खुट्टामा
उभिएर दृढतापूर्वक
बोलिरहेका छौँ बर्सौंदेखि
गगनभेदी मौन आवाजमा
अराजक भिडको हावा फुकाइसँगै
फुलेर बुढो भ्यागुताको भुँडीझैँ
क्रमशः अदृश्य शक्तिको इशाराअनुसार
नाचिरहेको निलो बेलुनको विरूद्धमा !

अहङ्कारले भरिएको
रातो बेलुनको विकल्प
कदापि हुनै सक्दैन
अराजक निलो बेलुन ।

हामी उभिएका छौँ दृढतापूर्वक
अहङ्कारी रातो बेलुनको विकल्प
मबाहेक अरू कोही
कुनै हालतमा पनि
हुनै सक्दैन भन्ने लिँडेढिपी गर्दै
जस्केलोबाट खुसुक्क भित्र छिरेर
झ्यालबाट फुत्त बाहिर निस्किँदै
अन्धेर नगरीको आँगन हुँदै
सडकमा तमासा देखाइरहेको
अराजक निलो बेलुनको विरूद्धमा !

इतिहासकै पुस्तक जलाउनेहरूले
कहिल्यै कसैगरी बुझ्न सक्दैनन्
ऐतिहासिक गतिको मूलमर्म !
चाहेर पनि बुझ्नै नसक्नेहरूले ऐतिहासिक
गतिको मूलमर्म
बुझ्न सक्दैनन् प्रतिकूल परिस्थिति !
प्रतिकूल परिस्थितिको सन्दर्भ
नबुझी गरिएको रहरको राजनीति
केवल भाले जुधाइको खेल हुन्छ ।

त्यही खेल चलिरहेको छ– यतिबेला ।

हामी उभिएका छौँ दृढतापूर्वक
छेकिएर किचकन्नीको कालो छायामा
रामरमितामै निमग्न हुँदै निधेनीसँग
दोखझैँ उल्टो बाटामा हिँडिरहेको
दुवै कोखामा कुकुर दाँत भएको
अराजक निलो बेलुनको विरूद्धमा !

यही अराजक भिड नै त हो नि !
जसले विगतमा
फुलाइदिएको थियो रातो बेलुनलाई
अहङ्कारको आगामा घिउ थपेर !

यही अराजक भिड नै त हो नि !
जसले वर्तमानमा
फुटाइदिएर
अहङ्कारी रातो बेलुनलाई

हावा भरिरहेको छ
अराजक नीलो बेलुनमा !
निकट भविष्यमा यही भिड हुने छ
अराजक निलो बेलुनको
असामयिक मात्रै नभएर
अकल्पनीय रूपमा हुने
दुःखद अन्त्यको निर्णायक शक्ति !
भाँडाकुटी खेल्दै गरेका
अबोध केटाकेटीको हातबाट
अचानक फुत्किगएको नीलो बेलुन
अनन्त आकाशको कुनै एक छेउमा
बसिरहेको हुने छ अल्झिएर आजीवन
बुझेपछि आफ्नो वास्तविक धरातल
पछुताउँदै रुँदै पर्खिबसिरहेको हुने छ
एक्ले बाँदरझैँ भुइँ झर्ने पर्खाइमा !

निर्बन्ध कविताका
सहृदयी सिर्जनशील प्रिय भावक मन !
कृपया यो निर्बन्ध कवितालाई
तपाईँको मानसपटलको कुनै कुनामा
सदैव सुरक्षित राख्नुहोला ल !

जानै नदिएर स्थिरताको किनारतिर
आजीवन अल्झाइदिएर
अस्थिरताको मझधारमै
धमिल्याउँदै यो देशको पानी
ठुलै माछो मार्न पल्किएका
शकुनिहरूको आँखा लागिरहेको
राँके भुतले खाजा खाइरहेको
यो कुसाइतको कालबेलामा
अजम्बरी यहाँ कोही पनि हुँदैन ।
तपाईँ हामी सबै
संयमित हुनै पर्ने
संवेदनशील समय हो यो ।
अराजक भीडको
आफ्नो आत्मा हुँदैन
अराजक भीडसँग
कुनै त्यस्तो विशेष
अविस्मरणीय सम्झना हुँदैन
अराजक भीडसँग
अलिकति दया र माया पनि हुँदैन ।

बिकाउ राजनीति त
यस्तै अराजक भीडबाटै जितिन्छ
तर टिकाउ राजनीति
युगीन विचारबाट मात्रै बाँचिन्छ ।

हामी उभिएका छौँ दृढतापूर्वक
अहङ्कारले भरिएको रातो बेलुनसँगै
अराजक निलो बेलुनको विरुद्धमा !

*- करादीखोला, स्याङ्जा*

धूमपानले लिन्छ ज्यान
सबैलाई होस् ज्ञान !

कथा

# पलायन



✍दिवाकर न्यौपाने

मानिसहरूको हर जमघटमा युवाहरू पलायन भएको कुराले स्थान पाउँथ्यो– "गाउँ शून्य भइसक्यो । युवाहरू सबै विदेश, स्वदेशमा रोजगार छैन ।" प्रायः चलनचल्तीका कुरा यिनै थिए । पलायनको कुरो उठ्यो कि मै हुँ भन्ने बुझक्कडहरू पनि तत्कालीन शासन व्यवस्थालाई दोष दिन्थे । चिया पसलदेखि बस स्टपसम्मको गन्थनमा र भोजदेखि श्राद्धको जमघटमा पलायनको आफूखुसी व्याख्या भएको थियो । वास्तवमा पलायन शब्दप्रति म पनि मोहित हुँदै गएको थिएँ तर यसको रूपरेखा, चरित्र केही थाहा थिएन । तसर्थ मैले मेरो पहिलो गुरूबालाई सोधेँ, "पलायन भनेको के हो ?" बा फलैँचामाथि बसेर जनै पूर्णिमाका लागि डोरो तयार पार्दै हुनुहुन्थ्यो । उहाँ केहीबेर डोरो बनाउने धुनमै एकाग्र हुनुभयो ।

"बा पलायन भनेको के हो ?", मैले बालाई पुनः सोधेँ ।

"कहिल्यै नफर्किने गरी आफ्नो थातथलो छोडेर अन्त बसाइँ जानुलाई पलायन भनिन्छ", बाले तयार पार्नुभएको डोरोको लक्षीलाई चोखो ठाउँमा राख्दै भन्नुभयो ।

मानिसहरू आफ्नो थातथलो छोडेर किन पलायन हुँदा रहेछन् ? के समस्या पर्दोरहेछ ? मानिसहरूले किन आफ्नो थातथलोलाई त्यागिरहेछन् । मैले सोचिरहेको थिएँ । "के कारणले मानिसहरू पलायनको बाटो रोज्दारहेछन्", मैले बालाई सोधेँ ।

"केही दिनपछि भनौँला", बाले जवाफ दिनुभयो ।

आँगनको डिलबाटै अलि पर फाँटमा धानखेती मौलाएको देखिन्थ्यो । आकाशमा पाट्टपुट्ट चङ्गा उडाइएको थियो । पर गुर्जीभन्ज्याङमाथि गणेश हिमाल टलक्क टल्किरहेको थियो । हरिया फाँटमाथि सेता बकुल्ला उढेर धोबिखोलाको बगरलाई मनमोहक बनाएको थियो । यत्तिकैमा बाले मलाई नजिक बोलाएर सोध्नुभयो, "ए काले तेरो जिज्ञासा के रे ?"

"पलायनसम्बन्धी हो बा", मैले ओठे भाषामै भनेँ ।

"पहिले पहिले मानिसहरू गाउँ छोडी सदरमुकाम जान्थे । कोही सदरमुकाम छोडी राजधानीतिर आउँथे भने कोही राजधानी छोडी विदेशतिर हुत्तिन्थे । नथाहा पाउँदा त मलाई पनि विदेश जानुमा खुसी नै लाग्थ्यो । मौका मिले म पनि विदेश जान्छु भन्थेँ । आज आएर थाहा भयो पलायनको अर्थ त थातथलो छोड्नु मात्र होइन रहेछ । मातृभूमिप्रति बेवास्ता गरी आमाको काखलाई बहिष्कार गर्नु पनि हो । असल मानिस दुःख कष्ट भोग्न तयार हुन्छ । परन्तु अहँ, पलायनको बाटो रोज्दैन बाबु", बाले मलाई गम्भीर हुँदै भन्नुभयो ।

"उसो भए यत्रा मानिसहरू आफ्नो थातथलो छोडी कोही विदेशतिर त कोही स्वदेशमै पलायन भएका छन् । के ती सबै मुर्खै थिए त", बालाई मैले सोधें । बा त जिल्ल पर्नु भयो । अक्क न बक्क हुनुभयो ।

"लौ सुन्, विभिन्न कारणले गर्दा देशका असल मानिसहरू पनि पलायन भएका छन्", बाले मलाई बुझाउन खोज्दै भन्नुभयो ।

"ती कारणहरू के के हुन् त बा?" बालाई मैले सोधें ।

"हामीले पलायन हुनेहरूको गहिरो अध्ययन गर्‍यौं भने पहिलो नम्बरमा गरिबी पर्दछ । एउटा गरिब मानिस समुचित गाँस, बाँस र कपासका लागि आफ्नो थातथलो छोडी उपयुक्त स्थानमा पलायन हुन्छ भने अर्को त्यही ठाउँको धनी, उच्चस्तरको सुख सुविधा प्राप्त गर्नका लागि विकसित मुलुकतिर पलायन हुन्छ । यथार्थमा गरिब वा धनी दुवै पलायन भएकै हुन् ।"

मैले मुन्टो हल्लाएर बाको विचारप्रति सहमति जनाएँ ।

"गरिब होस् वा धनी शासक पनि त पलायनको चपेटामा परेका होलान् नि" मैले बासँग पुनः जिज्ञासा राखें ।

"विश्वमै युद्ध जितेकाहरू स्थापित हुने र हारेकाहरू विस्थापित भई पलायनको बाटो रोज्ने परम्परा त छँदै छ नि ! पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि भक्तपुरका राजा काशीतिर पलायन भए । राणाकालीन समयमा पनि रोलक्रममा नपर्नेहरू कोही भारततिर पलायन भए भने कोही उपत्यका बाहिर पलायन भएका यथार्थ त हामीसँग छँदै छ नि", बाले मलाई हेर्दै भन्नुभयो ।

"सुखका लागि होस् या दुःखमा पर्दा होस् पलायनको बाटो रोज्नु शुभकार्य होइन । आआफ्ना पितापुर्खाले जगेर्ना गर्दै आएका थातथलोलाई चटक्कै बिर्सेर आजभोलि विभिन्न कारणले विदेशतिर पलायन भएका गैरआवासीय नेपालीहरू यो वा त्यो बहानामा आ-आफ्नो थातथलोमा फर्कदै छन् । राज्यले पनि यथोचित व्यवहार गर्दै छ", बाले मुहार उज्यालो पार्दै भन्नुभयो । ■■


## 'कल्पतरु शान्ति साँझ' फेसबुक लाइभ कार्यक्रम

| सल्लाहकार/निर्देशक | कार्यक्रम समीक्षक | सञ्चालक/सम्पादक |
|---|---|---|
| **नवराज पुडासैनी 'ज्योत्स्ना'** | **जीवनाथ अधिकारी** | **निर्मलादेवी तिम्सिना 'कान्छी'** |

हरेक हप्ता बिहीबार साँझ ६:३० बजेदेखि

नाटक

# रहस्यमय कुरा



✍ **दशराज शाक्य**

(घन्टी बजिरहेकोले गणेशलालले आफ्नो पाइला क्याबिनतर्फ तीव्र गतिले बढाए । रोहन सरले फाइल समाउन लगाउँदै मनिता म्याडमलाई दिन आदेश दिए । फाइलको मोटाइले बताइरहेछ कि यो काम तीन दिनमा कुनै हालतमा सकाउन सक्दैन । तीन दिनमा नै काम सकाउनुपर्ने आदेश हो त्यो । यो कस्तो आदेश हो, जो रोहन सरले मनिता म्याडमलाई काममाथि काम दिएर निकाल्न लागिरहेछ कि ? मनिताले इनबक्समा सरले पठाएको फूलमा कुनै प्रतिक्रिया दिएकी थिइनन् । उदास मन लिएर मनिता मेचमा थचक्क बसिन् । यत्तिकैमा साथी मन्दिरा आइपुगिन् ।)

मन्दिरा : के छ हालखबर ?

मनिता : के हुनु नि, कामको बोझ आइपरेछ । यत्रो काम छ सकी नसकी तीन दिनमा सकाउनुपर्छ रे !

मन्दिरा : ओभर टाइम लिएर सकाउनु नि, अल्छीपना नदेखाउनु नि !

मनिता : (अलि थकित हुँदै) प्रयास गरूँला !

(अफिस छुट्टी हुनासाथ दुवै आ–आफ्नो घर पुगिन्)

++

रोहन सरः (आइतबार बेलुकीको समय फोनमा) हेल्लो मनिता ! सन्चै हुनुहुन्छ ? फुर्सद छ भने यहाँ आउन सक्नुहुन्छ तपाईं ! म यहाँ होटेलमा छु ।

मनिता : अँ ! मलाई फुर्सद छैन, भर्खर घर आइपुगेकी म ! घरमा थुप्रै काम छ मेरो ! (यति भनी फोन काटिदिइन् ।)

आमा : छोरी, कसको फोन आएको ?

मनिता : अँ ! अफिसको, मेनेजरको फोन ।

आमा : लौ, अब तिमी भान्छातिरको काममा लाग्नु नि !

मनिता : हुन्छ आमा ! (मनिता भान्छातिर लागिन्)

++

(फाइलको काम जसोतसो रातमा गरी सकाइन् मनिताले । एक हप्ताभित्रमा मनिताको जागिर दोस्रो शाखा कार्यालयमा सरुवा भएछ । मन अलिकति हलुका भएछ मनिताको ।)

आमा : किन नि फेरि अरू दोस्रो शाखा कार्यालयमा सरुवा ? कुरै बुझ्न सकिनँ मैले !

मनिता : मेनेजर रोहन सरको टाउकोमा भगवान्को हात परेछ, त्यही कारणले मलाई सरूवा गरिदिएको हो !

आमा : भगवान्को हातको मतलब ?

मनिता : मतलब उहाँको कुनै आदेशको काम बाँकी राखेको छैन मैले ! त्यही कारणले मेरो अलि राम्रो ठाउँमा सरूवा भएको हो । (सन्तोषको सास फेर्दै)

++

(दुई तीन दिनपछि दोस्रो शाखा कार्यालयमा काम गर्दागर्दै मनिताले विचार गरिन् कि अब कुनै पनि काम राम्रोसित सकाउनुमा विलम्ब नगर्ने । मनिता कार्यालय गइन् ।)

अशोक : (दोस्रो शाखा कार्यालयको नयाँ मेनेजर) राम्रोसित चाँड्चाँडो काम सकाइएकोमा तपाईँलाई बधाई छ मनिताज्यू !

मनिता : सरलाई धेरै धेरै धन्यवाद ! (हाँस्दै, मिठो मुस्कान छर्दै)

अशोक : घरको कुनै काममा समस्या भए मलाई खबर गर्नु है मनिताज्यू ! म मदत गरूँला !

मनिता : हुन्छ नि सर ! कुनै समस्या अहिलेसम्म आएको छैन ! भए खबर गर्नेछु ।

अशोक : लौ, धन्यवाद !

(काममा दत्तचित्त रहिन् मनिता । काम गर्दागर्दै अलि थकान महसुस भएछ मनितालाई । एकछिन सुइय गरी सास फेरिन् मनिताले । साँझ ५ बज्न लाग्यो, मनिताले आफ्नो घरतर्फ रमानाको लागि तयारी गरिन्)

मनिता : सर (अशोकतर्फ हेरेर) छुट्टीको समय भएछ । म घरतर्फ जान लागेँ !

अशोक : हस्, धन्यवाद ! भोलि त शनिबार हो ! आराम गर्नुस् है त !

मनिता : सरवाई पनि धन्यवाद ! म गएँ है ! (मनिता घरतर्फ लागिन्)

++

(दोस्रो शाखा कार्यालयको लागि चार जना कर्मचारी थप भर्ना गर्नुपरेकाले अन्तर्वार्ताको जिम्मा मनिताले पाइन् । अन्तर्वार्ता सिध्दिनासाथ एकजनाले मनितालाई एउटा खाम दिएर गए । खामले मनिताको मनमा शङ्काको ढ्ङ्याग्रो बजाएछ । मनितालाई के गरूँ के गरूँ भएछ । खामको छेउतिर गौर गरेर हेरिन् । मनिताले अक्षर राम्रोसित नियालेर हेरिन्, अक्षर त मेनेजर अशोकको हो कि भन्ने शङ्का लाग्यो मनितालाई । खाम देखाउने आँट गरिन् मनिताले)

मनिता : सर, यो खाममा तपाईँको अक्षर रहेछ ! यो खाम किन नि ?

अशोक : (मुसुमुसु हाँस्दै) लौ, मेरो अनुमान ठ्याक्कै मिल्यो ! तपाईँको मन जाँचेको हो मैले, तपाईँको इमानदारितालाई तारिफ गर्छु म ! यो शाखा कार्यालयमा इमानदार कर्मचारीहरूको खाँचो छ ! यो ५,०००/- रूपियाँ भएको खाम मलाई फिर्ता दिनुस् ! अर्को यो खाम लिनुस् र घरमा खोलेर हेर्नुस् है !

मनिता : (अचम्म मान्दै खाम फिर्ता दिइन् र अर्को खाम लिँदै) के हो त त्यस्तो रहस्यमय कुरा ? म त

छक्क परेँ नि !

अशोक : अब तपाइँ अहिले घर जान सक्नुहुन्छ । बधाई छ तपाइँलाई !

मनिता : (घडी हेर्दैमा दिनको चार बजिसकेछ) हस् सर, सरलाई धेरै धेरै धन्यवाद ! म गएँ !

(घरमा पुग्नासाथ मनिता एकछिन आराम गर्न सोफामा थचक्क बसिन् । चिसो पानी एक ग्लास पिइन् । अनि खाम खोलेर हेरिन् । खामभित्र एउटा चिट्ठी रहेछ, चिट्ठी पढिन् । पढिसकेपछि मनिता सोफाबाट उठेर एक पटक उफ्रिन् । यत्तिकैमा मनिताकी आमा दौडेर आइन् ।)

आमा : के भो ? के भो ?

मनिता : (खुसी हुँदै) आमा ! मेरो पदोन्नति भएछ । दोस्रो शाखा लागि मलाई मेनेजर पदमा नियुक्ति गरेको रहेछ, खुसीको खबर आएछ !

आमा : (खुसी हुँदै) लौ, तिमीलाई बधाई छ तर, पदोन्नतिमा नमात्तिनु है !

मनिताः हस् आमा ! (फेरि सोफामा थचक्क बसिन् ।) ■■

shakya.dasharaj@gmai.com

नयाँ वर्ष २०८३ को सुखद उपलक्ष्यमा हाम्रा शिक्षक, विद्यार्थी, अभिभावक, कर्मचारीलगायत समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

इष्ट-पोल सेकेन्डरी स्कुल

गोकर्णेश्वर, काठमाडौं

फोन : ०१-४९१०९९०

नयाँ वर्ष २०८३ को सुखद उपलक्ष्यमा
समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

रमा पोखरेल
(प्रिन्सिपल)
**जिनियस इङ्लिस स्कुल**
सुन्दरीजल, फोनः ०१-४८००१४७

चन्द्रप्रसाद पौडेल
(प्रिन्सिपल)
**गोकर्णेश्वर महादेव मा.वि.**
नयाँ पाटी, फोनः ०१-४८०१११२

राजु श्रेष्ठ
(प्रिन्सिपल)
**सरस्वती मा.वि.**
बेसी गाउँ, फोनः ०१-४९१०५६१

बाबुराम के.सी.
(प्रिन्सिपल)
**महान सिद्धार्थ स्कुल**
कुमारीगाल, फोनः ९८४३५५०५९८

दिपेशराज आचार्य
(प्रिन्सिपल)
**न्यूटन कलेज**
नारायणटार, फोनः ९८५१२२०६८४०

पोष्टहरि बराल
(प्रिन्सिपल)
**विद्यासागर ई. बो. स्कुल**
जोरपाटी, फोनः ०१-४९१७६९३

निराजन आचार्य
(प्रिन्सिपल)
**लर्ड्स लाइट एकेडेमी**
नयाँ बस्ती, फोनः ०१-४९१५९१९

श्रीकृष्ण थापा
(प्रिन्सिपल)
**एमिल एकेडेमी**
शान्तिनगर, फोनः ९८५११२८१९९

छेवोङ्गछेदर भुटिया
(प्रिन्सिपल)
**अरूणज्योति विद्या मन्दिर**
जोरपाटी, फोनः ०१-४९१७१४७

दुर्गानाथ शिवाकोटी
(प्रिन्सिपल)
**सर्वनाम शिक्षालय**
जोरपाटी, फोनः ०१-४९१७१४७

लेख

# बालसाहित्य क्लबको जानकारी



✍ **सुशील आचार्य**

बालसाहित्य भनेको कुनै पनि व्यक्तिले बालबालिकाको मनोभावनालाई बुझेर वा आफ्नो समाज वरपर वा जुनसुकै ठाउँमा बालबालिकासँग सम्बन्धित घटना घटेर वा देखेर, भोगेर सोको बारेमा बालसाहित्यकार बनी लेखिएको, वाचन गरिएको वा प्रस्तुत गरेको साहित्यलाई बालसाहित्य भनिन्छ । उदाहरणका लागि बालगीत, बालकविता, बालकथा, बालमुक्तक, बालसुसेली, बालनिबन्ध आदि । यी माथिका साहित्य विधाले बालबालिकालाई राम्रोसँग रुचि लिएर लेखपढ गरेको खण्डमा रोमाञ्चित गराउँछ, बालबालिकामा उत्प्रेरणा बढाउँछ र बालसाहित्यको क्षेत्रमा लागेर अगाडि बढ्न मद्दत पुऱ्याउँछ । त्यसैले बालबालिकाले बालसाहित्यमा रुचि राखेर अगाडि बढे निकै फाइदा हुने कुरा बालमनोविद्हरू बताउँछन् । त्यसैले जुन उमेर समूहका जुनसुकै सर्जक वा बालबालिकाले बालसाहित्यको क्षेत्रमा लागेपछि आफ्नो विद्यालय तथा समुदायमा बालसाहित्य क्लब सञ्चालन गरी आफ्नो बालसाहित्य सिर्जना सिपलाई अगाडि बढाउँदा अति नै उपयोगी सिद्ध हुन जान्छ ।

के हो बालसाहित्य क्लब ?

बालसाहित्य क्लब भनेको बालसाहित्यमा रुचि राखेर त्यसमा लाग्ने जोसुकै वा जुनसुकै उमेर समूहका व्यक्तिहरूले एक आपसमा सल्लाह गरेर बालसाहित्यको प्रवर्धन तथा सम्प्रवर्धन गर्न बनाएको समूहलाई बालसाहित्य क्लब भनिन्छ । यो बालसाहित्य क्लब विद्यालय, समुदाय, पुस्तकालय, कलेज क्लब तथा विभिन्न समूह समूहमा पनि बनाउन सकिन्छ ।

**बालसाहित्य क्लब किन स्थापना गर्ने ?**

१) बालसाहित्यमा रुचि राख्ने व्यक्ति व्यक्तिबिच एकता बढाउन ।

२) बालसाहित्यको विषयमा अन्तर्क्रिया गर्न ।

३) बालसाहित्यको प्रचारप्रसार तथा सम्प्रवर्धन गर्न ।

४) आफ्नो समूहको समय अनुकूल बालसाहित्यको तालिम गर्न पत्रपत्रिका प्रकाशन गर्न तथा बालसाहित्यसम्बन्धी प्रतियोगिताहरू सञ्चालन गर्न ।

५) बालसाहित्य क्लबमार्फत प्रतिभावान बालसाहित्यकारको नाम चाँडै नै समुदाय समुदायमा पुऱ्याउन ।

६) बालसाहित्यमार्फत खुलेरै समुदायमा आफ्नो मनको भाव व्यक्त गर्न ।

**बालसाहित्यमा कस्ता व्यक्ति सहभागी हुन सक्छन् ?**

१) एक आपसमा मन मिल्ने व्यक्ति ।

२)	बालसाहित्यमा रुचि राख्ने ठुलो वा सानो उमेर समूहका व्यक्ति ।
३)	बालसाहित्यमा रुचि राखेर समय समयमा बालसाहित्य क्लबमा उपस्थिति जनाउन सक्ने व्यक्ति (यदि प्रविधिमा सक्षम बालसाहित्य क्लब छ भने अनलाइनमार्फत पनि सहभागी हुने ।)
४)	बालसाहित्य क्लबलाई अगाडि बढाउन प्रयासरत रहने व्यक्ति ।
५)	बालिसाहित्यलाई माया गर्ने व्यक्ति ।

**बालसाहित्य क्लबले गर्न सक्ने कार्यक्रमहरू**

- समय समयमा बालसाहित्यका कार्यक्रम गर्ने ।
- बालसाहित्यकारको बिचमा एकता बढाउने ।
- बालसाहित्य सर्जक, पाठक तथा श्रोता बढाउने कार्य गर्ने ।
- बालसाहित्यिक कृतिहरूको सङ्कलन गर्ने ।
- बालपुस्तकालयको स्थापना गर्ने ।
- बालसाहित्यको नयाँ नयाँ कुरा सिक्दै जाने ।
- बालसाहित्य क्लबको सदस्यको सहभागिता बढाउनका लागि आन्तरिक र बाह्य बालसाहित्य गोष्ठी सञ्चालन गर्ने ।
- कार्यक्रमको रेकर्ड राख्ने ।
- बालसाहित्यसम्बन्धी प्रतियोगिताहरू गर्ने ।
- सञ्चार माध्यमको साहित्यिक कार्यक्रममा सहभागिता जनाउने ।
- पत्रिका, भित्तेपत्रिका प्रकाशन गर्ने ।
- समय समयमा बालसाहित्य तालिम तथा यसबारेको पुनर्ताजकी तालिम सञ्चालन गर्ने ।
- यस्तो कार्यक्रमका लागि एकआपसमा सहमति गरी कामको बाँडफाँड गर्ने ।

**बालसाहित्य क्लब कसरी स्थापना गर्ने ?**

- बालसाहित्यमा रूचि राख्ने व्यक्तिहरू मिलेर ।
- समय दिन र समूह सञ्चालन गर्न सक्ने व्यक्ति कार्यसमितिमा बसेर ।
- सबैलाई पायक पर्ने ठाउँमा बालसाहित्य क्लबको स्थापना गरेर ।
- बालसाहित्य क्लबलाई सक्रिय बनाउन समय समयमा आवश्यक क्रियाकलाप सञ्चालन गरेर ।
- बालसाहित्य क्लब निरन्तर सञ्चालन गर्नका लागि कोष खडा गरेर
- कानुनी मान्यता प्राप्त गर्नका लागि बालसाहित्य क्लब दर्ता गरेर ।
- बालसाहित्यमा रुचि राख्ने सबै जना इच्छुक व्यक्तिलाई बालसाहित्य क्लबको सदस्य बनाएर ।
- बालसाहित्य क्लब सञ्चालनका लागि आचार संहिता/नियम बनाएर ।
- समयानुकूल नियमितरूपमा बालसाहित्य क्लब खुल्ला राखेर । ■■

नयाँ वर्ष २०८३ को सुखद उपलक्ष्यमा
समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

**सुमित्रा धिमाल**
(प्रिन्सिपल)
**शुभकामना स्कुल**
गोकर्ण, काठमाडौं, फोन:०१-४८००५४८

**प्रेमलाल श्रेष्ठ**
(प्रिन्सिपल)
**उत्तरवाहिनी बोर्डिङ स्कुल**
किसीगाल, फोन:०१-४८०१०२०

**सुवर्णप्रकाश पुलामी**
(प्रिन्सिपल)
**अप्सिलोन नेसनल स्कुल**
नयाँ पाटी, फोन:०१-४९१३०४५

**नेत्रप्रसाद दाहाल**
(प्रिन्सिपल)
**भेनस पब्लिक स्कुल**
बेसीगाउँ, फोन:०१-४९१२८००

**ऋषिकेश वाग्ले**
(प्रिन्सिपल)
**सेन्टिनियल मा.वि.**
जोरपाटी, फोन:०१-४९१३२३६

**अमृता सापकोटा**
(प्रिन्सिपल)
**पर्ल्स इङ्लिस एकेडेमी**
जोरपाटी, नयाँ बस्ती, फोन:०१-४९१२५५३

**महेन्द्र भट्टराई**
(प्रिन्सिपल)
**सेलिब्रेसन को-एड**
गोठाटार, काठमाडौं, फोन:०१-५१४६०७७

**सुदर्शन थापा**
(प्रिन्सिपल)
**नवसुल्ताखान एकेडेमी**
गोकर्णेश्वर-३, फोन:०१-४८००९५५

**मणिराम वाग्ले**
(प्रिन्सिपल)
**मिनिल्याण्ड स्कुल**
थली, काठमाडौं, फोन:९८४००५०१६७

**पुण्यप्रसाद खतिवडा**
(प्रिन्सिपल)
**स्वर्णशिला स्कुल**
नयाँ पाटी, फोन: ०१-४८००३०६

# मुक्तक



✍पूर्णबहादुर श्रेष्ठ 'हृदयङ्कृत'

१

धेरथोर गुनासो र माया हुन्छ उजुरभित्र
तिमीलाई ल्याउँदाको चिनो छ कन्तुरभित्र
अग्नि साक्षी राखेर भित्र्याएको अर्थ बुझ है
जहाँ सामाजिक परम्परा हुन्छ सिन्दुरभित्र !

२

आउँदा जाँदा जिस्किएर बाटो छेक्दै गरौंला
दायाँबायाँ लुकीछिपी दुवैले देख्दै गरौंला
सम्झनामा आए चिठीपत्र कोर्दाकोर्दै हामीले
मुक्तक, गजल अनि कविता लेख्दै गरौंला !

३

घर न घाटाको बनाई बिचमा छोडेको व्यक्ति हौ
देशकै निम्ति अत्यधिक कष्ट भोगेको व्यक्ति हौ
आजसम्म खै कसरी जोगिएर बाँच्यौ भनिदेऊ न
विधाताले घरिघरि तिथिमिति तोकेको व्यक्ति हौ !

४

राजनीति गर्ने मान्छे कि त पढेको कि त अनधीत हुनुपर्छ
अल्पज्ञानीको शासन कालभरि जनता भयभीत हुनुपर्छ
लोभलालचमा आफू फसेर र कडा प्रतिवादमा नउत्रनू
विचार गर्नु देश हाँक्ने मानिस जहिल्यै संयमित हुनुपर्छ !

*– पनौती न.पा.-३, काभ्रे ।*

## साहित्यिक पत्रपत्रिकाहरू पढौं र पढाऔं

**साप्ताहिक साहित्यिक पत्रिका:** कपन बानेश्वर, **मासिक साहित्यिक पत्रिकाहरू:** अक्षय ज्ञान/ आलेख/उदय /उद्यान/कलश/गोलसिमल/गौरी/चम्पक/जनमत/भानु/मधुपर्क/ /रातो लालटिन/लहरा/शब्द संयोजन/शब्दाङ्कुर/शारदा/शाल्मली/शृङ्खला/ /सङ्गम अभियान /सुलेख/

**द्वैमासिक साहित्यिक पत्रिकाहरू:** अभिव्यक्ति/आरब्ध/कल्पतरु/कौशिकी/जमघट/ /तन्नेरी/दायित्व/रचना/वैजयन्ती /समीरण / सुदूर चिनारी / हिमाली गुराँस / हिमाली सौगात /

**त्रैमासिक साहित्यिक पत्रिकाहरू:** अन्तर्बोध/अन्तर्ध्वनि/अभिनवप्रभा/अक्षय अक्षर/अक्षरमार्ग/अक्षलोक/उदय मञ्जरी/कालीको सुसेली / चेतना सन्देश/ज्याग्दी खोलाको तरङ्ग/दोभान/नव प्रज्ञापन/नव माधुरी/नारी स्वर/महामण्डल/रजस्थल /रूपायन / लहरा/लोकभावना/वनिता/शिवपुरी सन्देश/सगुन/समुदाय र सृजना/हाम्रो पुरुषार्थ हाम्रो मातृभूमि/हाम्रो सिर्जना/हिमाद्री

**मातृभाषामा प्रकाशित साहित्यिक पत्रिकाहरू:** गुगुल्डि (डोट्याली) / लाजा डग्गर (थारू) / माटी (भोजपुरी) /आङन (मैथिली) / इक लिब्जु-भुम्जु (बाम्बुले राई) / बुङ्वाखा (वान्तवा राई) / सितिमी (चाम्लिङ राई)/ थौकन्हे, कुँध्वाखा, नःली, थायभू (नेपालभाषा) / बिम्लिक (मगर ढुट) / तान्छोप्पा, नुमाफुङ, लुङा, फक्ताङ्लुङ (लिम्बू) /तामाङ दाजाङ (तामाङ) / हाम्सो, चुप्लु (सुनुवार)

नारदीय

## साहित्यिक गतिविधि, भेटघाट तथा साहित्यिक क्षेत्रलाई सहयोग गर्ने आत्मीयजनहरू























कल्पतरु द्वैमासिक


सयथोपा-बालामृत
लोकार्पण समारोह


BA BBS BASW BCA
BBM MBS


कल्पतरु प्रज्ञा-प्रतिष्ठान


लोकार्पण समारोह !

# लोकतन्त्र दिवस, २०८३

❖ संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौँ,

❖ नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौँ,

❖ विधिको शासन र पारदर्शितालाई बलियो बनाऔँ,

❖ सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौँ,

❖ भ्रष्टाचार र अन्यायका विरूद्ध सचेत रहौँ,

❖ लोकतान्त्रिक मूल्य-मान्यता संरक्षणमा योगदान दिऔँ ।

सबल लोकतन्त्र, समृद्ध राष्ट्र ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

## विज्ञापन बोर्ड

## महाकवि देवकोटा-कल्पतरु प्रज्ञा पुरस्कार कोशका दाताहरू:

| सि.नं. | नाम | सहयोग रु. | सि.नं. | नाम | सहयोग रु. |
|---|---|---|---|---|---|
| १) | वसन्त रिजाल | ११३८५०. | ३०) | युवराज मैनाली | १००००. |
| २) | ईश्वरी प्रसाद तिवारी | १०००००. | ३१) | राधाकृष्ण रिजाल | १००००. |
| ३) | दिपक भण्डारी | ५०१००. | ३२) | रत्न वज्र लामा | १००००. |
| ४) | कृष्ण अधिकारी | ५००००. | ३३) | कृष्ण प्रसाद चापागाईं | १००००. |
| ५) | विमल अर्याल | ५००००. | ३४) | मधु प्रसाद पुडासैनी | १००००. |
| ६) | शिवहरि पोखरेल | २५०००. | ३५) | देवि प्रसाद घिमिरे | १००००. |
| ७) | नवराज पुडासैनी | २५०००. | ३६) | महेन्द्र चालिसे | १००००. |
| ८) | धिर कुमार श्रेष्ठ | १९९४०. | ३७) | प्रमोद प्याकुरेल | १००००. |
| ९) | विष्णु वहादुर सिंह | १८३६४. | ३८) | रमेश प्रसाद खनाल | १००००. |
| १०) | मिना रिजाल | १५०००. | ३९) | ईश्वर प्रसाद सापकोटा | १००००. |
| ११) | अच्युत प्रसाद चालिसे | १५०००. | ४०) | कृष्ण सुवेदी | ७३१५. |
| १२) | राम प्रसाद ज्ञवाली | १२५००. | ४१) | पाठशाला नेपाल | ६०००. |
| १३) | उषा ज्ञवाली | १२५००. | ४२) | रामचन्द्र खतिवडा | ५५००. |
| १४) | कोमल लामिछाने | १२१५४. | ४३) | विवेक शर्मा गौतम | ५०५५. |
| १५) | शिवानी घिमिरे | १२१५४. | ४४) | अच्यूत घिमिरे | ५०००. |
| १६) | ईश्वरी प्रसाद लामिछाने | १२१५३. | ४५) | नगेन्द्र भट्टराई | ५०००. |
| १७) | वाजुराम पौडेल | ११८२०. | ४६) | निमा दोर्जे तामाङ्ग | ५०००. |
| १८) | तेमिका तिमिल्सिना | ११११९. | ४७) | सीता भट्टराई | ५०००. |
| १९) | राजन पुडासैनी | ११११९. | ४८) | पुरुषोत्तम उपाध्याय | ५०००. |
| २०) | बाल मुकन्द कार्की | १०९९९. | ४९) | ठाकुर शर्मा | ५०००. |
| २१) | राम वहादुर पहाडी | १०५००. | ५०) | देवि प्रसाद चापागाईं | ५०००. |
| २२) | चन्द्रमणि अधिकारी | १०१४४. | ५१) | अर्जुन नेपाल | ५०००. |
| २३) | आलोक चालिसे | १००००. | ५२) | राजेन्द्र पौडेल | ५०००. |
| २४) | गोपाल प्रसाद बराल | १००००. | ५३) | मनिता घिमिरे | ४११२. |
| २५) | गंगा कर्माचार्य | १००००. | ५४) | शंकर खड्का | ३०००. |
| २६) | गोविन्द घिमिरे | १००००. | ५५) | रामकुमार पण्डित | ३०००. |
| २७) | दुर्गा घिमिरे | १००००. | ५६) | अन्य नाम खुलाउन अनिच्छुक | १८२३०८. |
| २८) | पवन आलोक | १००००. | | | |
| २९) | मेनका पोखरेल | १००००. | | जम्मा | १०४५६९०. |

## वाल्डर्फ शिक्षा प्रणाली के हो ?

- मानवलाई पूर्ण रूपमा विकास गर्ने शिक्षा वाल्डर्फ शिक्षाले केवल दिमाग मात्र होइन, मस्तिष्क, भावना र शरीर–तीनै पक्षको सन्तुलित विकासमा जोड दिन्छ।
- आन्तरिक खुशी र मानसिक स्वास्थ्यमा केन्द्रित प्रतिस्पर्धा, तुलना र परीक्षा-केन्द्रित शिक्षाले बढाएको डिप्रेशन, तनाव र असन्तुष्टिलाई वाल्डर्फ शिक्षाले कम गर्छ।
- अहंकार होइन, आत्मबोधको विकास आजको शिक्षा प्रणालीले देखावटी सफलता र पदलाई महत्त्व दिन्छ, वाल्डर्फ शिक्षाले आत्मविश्वास, विनम्रता र आत्मचिन्तन सिकाउँछ।
- जीवनका लागि शिक्षा, मात्र रोजगारीका लागि होइन वाल्डर्फ शिक्षा जीवनका वास्तविक सीप–सम्बन्ध बनाउने कला, समस्या समाधान, धैर्य, सहकार्य–मा केन्द्रित हुन्छ।
- बालकको प्राकृतिक विकासक्रमको सम्मान बालबालिकालाई समयभन्दा अघि नधकेली, उमेर अनुसार सिकाइ गराइन्छ, जसले दीर्घकालीन सिकाइ बलियो बनाउँछ।
- कला, संगीत र हस्तकला मार्फत गहिरो सिकाइ सिर्जनात्मक गतिविधिले बालकको भावनात्मक बुद्धिमत्ता र कल्पनाशक्ति विकास गर्छ।
- भविष्यका जिम्मेवार र संवेदनशील नागरिक तयार पार्ने वाल्डर्फ शिक्षा मानवता, नैतिकता र प्रकृतिप्रतिको सम्मान जगाउँछ।

## तपाईंको बच्चाको भविष्य कस्तो हुनुपर्छ ?

**केवल राम्रो अंक ल्याउने कि आत्मविश्वासी, संवेदनशील, सन्तुलित र खुशी मान्छे बन्ने ?**

आजको प्रतिस्पर्धात्मक शिक्षा प्रणालीले बालबालिकालाई

- अत्यधिक दबाबमा राखेको छ
- तुलना र डरमा बाँच्न बाध्य बनाएको छ
- मानसिक तनाव र आत्मविश्वासको कमी बढाएको छ

यसको परिणाम स्वरूप, आज विकसित देशहरूमा समेत बालबालिका र युवा डिप्रेशन, एन्क्जायटी र एक्लोपनको सिकार भइरहेका छन्।

## वाल्डर्फ शिक्षा किन फरक छ ?

√ **सम्पूर्ण मानव विकासमा केन्द्रीत शिक्षा** वाल्डर्फ शिक्षाले दिमाग मात्र होइन–मन, भावना र शरीरलाई सँगै विकास गर्छ।

√ **बालकको प्राकृतिक विकासक्रमको सम्मान** उमेर अनुसार सिकाइ गरिन्छ, जसले दीर्घकालीन समझ र गहिरो ज्ञान निर्माण गर्छ।

√ **आन्तरिक खुशी र आत्मविश्वासको विकास** यहाँ बच्चा केवल परीक्षा पास गर्न होइन, जीवन बुझ्न सिक्छ।

√ **कला, संगीत, कथा र हस्तकलामार्फत सिकाइ** यसले कल्पनाशक्ति, सृजनशीलता र भावनात्मक बुद्धिमत्ता विकास गर्छ।

√ **मानव मूल्य र अनुशासनको प्राकृतिक विकास** डर होइन, प्रेम र समझबाट अनुशासन सिकाइन्छ।

*वाल्डर्फ शिक्षा–*
*भित्रैदेखि बलियो, जीवनभर सक्षम र समाजप्रति जिम्मेवार मानव तयार गर्ने शिक्षा। जहाँ शिक्षा केवल पढाइ होइन, जीवन निर्माण हो।*

"Where we learn and grow together"

HIMALAYA WALDORF SCHOOL

Nagarjun-1, Raniban, Kathmandu
himalayawaldorfschool@gmail.com
+977-1-5103540
himalayawaldorf.edu.np